सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ माघ २०८२, बुधबार (4 Feb 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २८६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

हिमाली क्षेत्रको निर्वाचनका लागि मौसम चुनौती

इतिहासमै पहिलोपटक हुँदै छ फागुनमा चुनाव

निर्वाचन जसरी पनि हुन्छ, कतै रोकियो भने अर्कोपटक गराइन्छ



● **सुशीला कार्की**, प्रधानमन्त्री

सरकारले जसरी पनि निर्वाचन गराउँछ, कतै रोकियो भने फेरि अर्कोपटक गराइन्छ। थोरै ठाउँ भएकोमा त साधनको प्रयोग गरी मान्छेलाई ओसारेर पनि निर्वाचन गराइन्छ। हुने नसक्ने हो भने त्यही रूपमा विचार हुन्छ। निर्वाचनचाहिँ जसरी पनि हुन्छ।

(मंगलबार नवलपरासी पूर्वमा सञ्चारकर्मीसँग प्रधानमन्त्री कार्की)

नवराज मैनाली/नयाँ पत्रिका

२१ फागुनमा हिमाली क्षेत्रमा निर्वाचन सम्पन्न गर्न मौसम मुख्य चुनौती बन्ने भएको छ। २१ फागुनमै हिमाली क्षेत्रमा मतदाताको बाक्लो उपस्थितिका साथ निर्वाचन हुन सक्नेमा आशंका व्यक्त भइरहेका बेला प्रधानमन्त्री सुशीला कार्की स्वयंले कतै निर्वाचन हुने नसक्ने भए अर्कोपटक गर्ने बताएकी छिन्। गृह मन्त्रालयले पनि मौसम बिग्रिएमा हिमाली जिल्लाहरूमा निर्वाचन सम्पन्न गर्न कठिन हुने आकलन गरेको छ। यद्यपि, सरकारले एकैचरणमा निर्वाचन सम्पन्न गर्ने गरी तयारी अघि बढाएको छ।

'सरकारले जसरी पनि निर्वाचन गराउँछ, कतै रोकियो भने फेरि अर्कोपटक गराइन्छ। थोरै ठाउँ भएकोमा त साधनको प्रयोग गरी मान्छेलाई ओसारेर पनि निर्वाचन गराइन्छ,' राष्ट्रिय सेवा दल सिनियर डिभिजन तालिमको दीक्षान्त कबाज समारोहमा मंगलबार नवलपरासी पूर्व पुगेकी प्रधानमन्त्री कार्कीले सञ्चारकर्मीसँग भनिन्, 'हुने नसक्ने हो भने त्यही रूपमा विचार हुन्छ। निर्वाचनचाहिँ जसरी पनि हुन्छ।'

मौसम सामान्य रहेमा हिमाली जिल्लाका पनि धेरै ठाउँमा निर्वाचन गर्न सम्भव रहेको विश्लेषण गृह मन्त्रालयको छ। गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले एकैचरणमा देशैभरि निर्वाचन सम्पन्न गर्ने गरी तयारी तीव्र रूपमा अघि बढेको बताउँछन्। 'सडक सञ्जाल

» पृष्ठ २ मा क्रमशः



चुनावलक्षित मौसम पूर्वानुमान जारी गर्ने तयारी

निर्वाचन आयोगको आग्रहमा जल तथा मौसम विज्ञान विभागले चुनावलक्षित मौसम पूर्वानुमान जारी गर्ने तयारी गरेको छ। विभागकी निमित्त महानिर्देशक डा. अर्चना श्रेष्ठका अनुसार चुनावताका २१ फागुन र त्यसआसपासको अवधिमा नेपालमा मौसमको अवस्थाबारे पूर्वानुमान माग गरेकाले सोहीअनुसार अध्ययन भइरहेको हो।

'हामीले विशेष अवस्थामा पनि एक साताअघि मात्र मौसमको विशेष पूर्वानुमान गर्ने गरेका छौं। लामो अवधिको मौसमको आकलन गर्न सक्ने अवस्थामा हामी छैनौं,' श्रेष्ठले भनिन्, 'तर, चुनावका लागि आयोगबाट पत्र आएकाले त्यसआसपासको अवधिमा कस्तो मौसम हुन सक्छ भनेर हेरिरहेका छौं। एक-दुई दिनमा पूर्वानुमान गर्छौं।'

मौसम पूर्वानुमान महाशाखा र जलवायु तथा हावापानी विश्लेषण महाशाखाका मौसमविद्हरूले चुनावताकाको सम्भावित मौसम, सामुद्रिक हावापानीको अवस्था र यसअघिका वर्षमा मौसम कस्तो थियो भनेर विश्लेषण गरिरहेका छन्। विभागले चुनावताकाको मौसमबारे आधिकारिक जानकारी नदिए पनि फागुनमा हिमाली क्षेत्रमा हिमपात र तराईमा हावाहुरीको सम्भावना भने नकार्न सकिँदैन। त्यो अवधिमा पश्चिमी न्यूनचापीय प्रणाली सक्रिय रहने सम्भावना त रहन्छ नै, घाम चर्किन सुरु हुने भएकाले स्थानीय वायु सक्रिय भएर वर्षा पनि हुने गर्छ। १६ फागुनसम्म हिउँदे अवधि नै हो।

गत वर्ष मध्य फागुनमा उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात भएको थियो। १६ फागुनमा २४ घण्टामा कालीकोटको रासकोटमा ६६.२ मिलिमिटर पानी परेको थियो। त्यसअघि ०८० फागुनमा हिउँद सकिएपछि २० फागुनमा वर्षा भएको थियो भने हिमाली क्षेत्रमा हल्का हिमपात भएको थियो। १८ र १९ फागुन ०७९ मा ताप्लेजुङको पाथीभरालगायत क्षेत्रमा हिमपात भएको थियो।

अहिलेको अवस्था हेर्दा मार्च पहिलो साता पश्चिमी न्यूनचापीय प्रणाली भित्रिने सम्भावना छ। तर, कति शक्तिशाली हुन्छ र यसको प्रभाव कति रहन्छ भनेर अहिले अनुमान गर्न सकिने अवस्था भने छैन। यस वर्ष हिउँदका दुई महिना बितेपछि मात्र वर्षा तथा हिमपात भइरहेको छ। मंगलबार राति पश्चिम नेपालका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात भएको छ। अधिल्लो साता दुईपटक हिमपात भइसकेको छ।

» पृष्ठ २ मा क्रमशः

आजदेखि सेना परिचालन

कसलाई चाहिएको छ गठबन्धन ?

जेन-जी आन्दोलनपछि उत्पन्न नयाँ राजनीतिक शक्तिसन्तुलन तथा नयाँ र पुराना भन्ने भाष्यबिच हुन गइरहेको निर्वाचनमा विघटित संसद्का ठुला दलहरू दबाबमा, तर आपसी अविश्वास र मतदान थप भड्किन सक्ने सम्भावित जोखिमका कारण खुलेर तालमेल वा सहकार्यको कोर्समा जान कठिन

● **पृथ्वीसुब्बा गुरुङ**, उपाध्यक्ष, एमाले

राजनीतिमा असम्भवबाट सम्भव पनि हुन्छ। दुई-चार दिनमै कोर्स परिवर्तन पनि हुन सक्छ। हुँदै हुँदैन भनेर ठोकुवा गर्ने विषय होइन।

● **देवराज चालिसे**, प्रवक्ता, कांग्रेस

गठबन्धन नगर्ने महासमितिको निर्णय केन्द्रीय समिति र विशेष महाधिवेशनले अनुमोदन गरेको छ। १६५ वटै क्षेत्रमा उम्मेदवार उठाएका छौं, कहीं कसैसँग गठबन्धन हुँदैन।

● **अग्नि सापकोटा**, नेता, नेकपा

हामीले १६४ वटा निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएका छौं। देशैभरि नेकपाको पक्षमा माहोल बनेको छ। त्यसैले अहिले तालमेलको कुनै सम्भावना छैन। प्रस्ताव पनि गरेका छैनौं।

● **राजेन्द्र लिङ्देन**, अध्यक्ष, राप्रपा

एउटा सानो झुन्डले झापा ५ र ३ मा राप्रपाले एमालेसँग गठबन्धन गरेको छ भनेर सुनियोजित रूपमा प्रचारमा उत्रेर भ्रम सिर्जना गर्ने कोसिस गरिरहेको छ।

प्रेम गौतम, कमलराज भट्ट/नयाँ पत्रिका

सार्वजनिक मञ्च र पार्टी कार्यकर्तामाझ चुनावी गठबन्धन हुने नसक्ने दाबी गर्दै आएका प्रमुख दलका नेताहरूबिच सुषुप्त संवाद भइरहेको छ। मनोनयनअगाडि र परिणामपछि गठबन्धन गर्ने

» पृष्ठ २ मा क्रमशः

अहिले ओली सबैभन्दा धेरै संकटमा छन्, उनले सहकार्यको प्रस्ताव गर्नु अनौठो होइन

● **रोशन जनकपुरी**, विश्लेषक

अहिले सबैभन्दा बढी दबाब र संकटमा कोही छ भने एमाले र एमाले अध्यक्ष केपी ओली नै हुन्। सबैतिरबाट आलोचित हुनुपर्ने र विपक्षमा सबैतिर माहोल बनेको स्थितिमा उनले सहकार्यको प्रस्ताव गर्नु अनौठो होइन। यो ओलीको स्वभाव पनि हो। विगतमा पनि अप्ठ्यारो पर्दा उनी सहकार्यका लागि तयार भएको उदाहरण छ। उनी अहिले 'डिफेन्सिभ' देखिन्छन्। ओलीले चुनावी सहकार्यको प्रस्ताव गरेको भए पनि अरूले कति विश्वास गर्छन् भन्ने प्रश्न पनि छ। नेकपा बनेको स्थिति र अहिले प्रमुख दलका शीर्ष नेताहरूमध्ये यो निर्वाचनमा प्रचण्ड अलि सहज देखिन्छन्। कांग्रेसमा शेरबहादुर देउवा बाहिरिएका छन्। अहिले एमालेसँग तालमेल गर्दा भएको जनमत पनि भड्किन्छ भन्ने अन्य दलका नेताहरूमा परेको छ। यस्तो अवस्थामा प्रचण्डले ओलीको प्रस्ताव स्विकार्ने स्थिति देखिँदैन। त्यही कारण नेकपा मात्रै होइन, राप्रपाले पनि एमालेसँग तालमेल नगर्ने बताइरहेको छ। अस्तित्व संकटको लडाइँमा रहेका राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले समेत एमालेसँग तालमेल अस्वीकार गर्नु अर्थपूर्ण नै छ। राजनीति हो फेरि असम्भव भन्ने त के हुन्छ र ?

कांग्रेस, एमाले र नेकपालाई रविको चुनौती

खुला मिल वा गोप्य मिल, सुनामी रोकेर देखाऊ

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पुराना दलहरूले जस्तोसुकै गठबन्धन बनाए पनि त्यससँग लड्न आफू र आफ्नो पार्टी तयार रहेको बताएका छन्। मंगलबार एक सन्देश जारी गर्दै सभापति लामिछानेले पुरानो संसद् फर्काउने चलखेल, दबाब र धम्की नस्विकार्ने स्पष्ट पारेका छन्।

पछिल्ला दिनमा कांग्रेस, एमालेका नेताहरूले संसद् विघटन बदर गर्न दायर गरेको मुद्दा अगाडि बढाउन सर्वोच्च अदालतलाई दबाब दिइरहेका बेला सभापति लामिछानेले जस्तोसुकै गठबन्धन बनाए पनि चुनावमा लड्ने, तर संसद् पुनर्स्थापना गर्ने षड्यन्त्र स्वीकार्य नहुने बताएका हुन्। 'मेरो खुला आग्रह छ- अझै पनि जो-जो मिल्नु छ, मिल। खुला मिल वा गोप्य मिल, जस्तो र जसको गठबन्धन गर्नुपर्ने हो, गर। अन्तिम शक्ति लगाऊ र यो सुनामी रोकेर देखाऊ, हामी मतपरिणाम स्विकार्छौं,' उनले आफ्नो सन्देशमा भनेका छन्, 'तर जनविद्रोहले उखेलेर फालेको पुरानो संसद्, षड्यन्त्रपूर्ण ढंगले फर्काउने कुनै पनि चलखेल, दबाब र धम्की स्विकार्दैनौं।'



लामिछानेले २१ फागुन कुनै सामान्य मिति नभई नेपाली इतिहासको माइलस्टोन हुने पनि बताए। गिद्धले सिनो लुछेजस्तै लुछिएको यो देश अन्तिम सुनामीको तयारीमा रहेको उनको भनाइ छ। 'फागुन २१ कुनै सामान्य मिति होइन, नेपाली इतिहासको माइलस्टोन हुनेछ। फागुन २१ पछि आउने संसद्मा प्रतिपक्षीसमेत नयाँ हुनुपर्छ। सर्प त एउटा पनि पाल्न सकिँदैन,' उनले भनेका छन्, 'यत्तिका वर्ष पूरा देश लुटेर बनाइएको आपराधिक गिरोहबाट अब यो देश सदाका लागि मुक्त हुनेछ। केही थान बिचौलियाहरूको मुट्ठीमा कैद रहेको यस देशको भविष्य लेख्ने जिम्मा तपाईंको हातमा सुम्पिएका छौं।'

खुट्टामा चोट लागेर आराममा रहेका लामिछाने मंगलबारबाट सार्वजनिक जीवनमा फर्किएका छन्। उनले अब नेपाली जनताले परिवर्तनको इतिहास सानदार उत्सवका रूपमा आफ्नै हातले, आफ्नै मतपत्रबाट लेख्ने पनि उल्लेख गरेका छन्। 'अपदस्त दुईतिहाइको सरकारले जबर्जस्ती मेरो शरीरमा हालिदिएको विष निकाल्दै र पखाल्दै देशैभरिका अदालतहरू धाउँदा-धाउँदा थाहा छैन, म देशका कति ठाउँमा पुग्न सक्छु, तर मेरो प्रयास बढीभन्दा बढी जनसमुदायसँग प्रत्यक्ष संवादकै लागि हुनेछ। म सिंहदरबार पुग्न होइन,

» पृष्ठ २ मा क्रमशः

संसद् भवनपरिसरमा जेन-जी सहिदको सालिक बन्ने

सिंहदरबारमा निर्माणाधीन संसद् भवनपरिसरमा ४५ सहिदको सालिक बन्नेछ

■ **सिंहदरबार गुरुयोजना संशोधन गर्ने मन्त्रिपरिषद्को निर्णय**



फाइल तस्बिर

सहरी विकास मन्त्रालयमातहत रहेको संसद् भवनमा जेन-जीको सालिक बनाउन लागिएको हो। सालिक बनाउनका लागि मन्त्रिपरिषद्ले सिंहदरबार गुरुयोजना संशोधन गर्ने निर्णय पनि गरेको छ।

● **ओमप्रकाश अर्याल**, गृहमन्त्री

सहिद घोषणा गरेका ४५ जनाको सालिक बनाउने निर्णय भएको छ। निर्माणाधीन संसद् भवनपरिसरमा सालिक बनाइनेछ। सरकारले जेन-जी सहिदको सम्झनामा पार्क पनि बनाउने तयारी गरिरहेको छ।

नयाँ पत्रिका

सरकारले सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनमा जेन-जी सहिदको सालिक बनाउने भएको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले ४५ सहिदको सालिक बनाउने निर्णय गरेको हो।

२३ र २४ भदौको जेन-जी आन्दोलनमा ७६ जनाले ज्यान गुमाएका थिए। त्यसमध्ये ४५ जनालाई सरकारले सहिद घोषणा गरिसकेको

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



धनुषामा पुराना दलहरूलाई नयाँको टक्कर

चार निर्वाचन क्षेत्र रहेको धनुषामा कांग्रेस, एमाले, नेकपा, जसपा परम्परागत प्रतिस्पर्धी हुनु, रास्वपाको प्रवेशले चुनावी सरगर्मी झनै बढाएको छ

(विस्तृत पृष्ठ ३)

कस्तो निर्वाचन ?



अग्रलेख

● डा. प्रेमराज सिलवाल

स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचनविना केवल आवधिक निर्वाचन सम्पन्न हुनुले मात्र लोकतन्त्र सुदृढ र सफल बन्न सक्दैन

(पृष्ठ ४)

■ नेप्से पुनर्संरचना समितिको प्रतिवेदन

२० वर्षे अनुभव र विश्वकै उत्कृष्ट २० मा पर्ने विदेशी साझेदार भित्र्याउन सुझाव

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ग्यास अभाव देखाएर कमिसन बढाउने दाउ

नेपालमा ग्यास ढुवानी गर्ने भारतीय बुलेट संख्या नै घटेपछि निर्धारित कोटाभन्दा कम आपूर्ति भइरहेको छ, यही मौकामा बुलेट व्यवसायीले भाडा वृद्धिका लागि दबाब दिएका छन् भने उद्योगीले कमिसन बढाउन चलखेल गरेका छन्

एक वर्षअघि पनि अभाव गराएर बढाएका थिए कमिसन

सिलिन्डरको कोटा बढाउन पनि लबिङ

अजित अधिकारी/नयाँ पत्रिका

उद्योगीले कमिसन वृद्धि गराउने नियोजित योजना बनाएर बजारमा खाना पकाउने ग्यास अभाव गराएका छन्। तर, अहिले ग्यास ढुवानीका लागि प्रयोग भइरहेका भारतीय बुलेटको संख्या घटेको कारण आयातमा समस्या भइरहेको उद्योगीको तर्क छ। नेपालमा ग्यास आयात गर्ने सबै बुलेट भारतीय नै छन्। विगतमा सात सय बुलेटले ढुवानी गरेकामा एक वर्षयता डेढ सय घटेका छन्।

भारतीय बुलेट व्यवसायीले पछिल्लो समय ढुवानी भाडा वृद्धि गर्न दबाब दिएर ग्यास आपूर्तिमा कडाइ गरेको एक उद्योगीले बताए। 'भारतीय बुलेट व्यवसायीले ग्यासको ढुवानी भाडा बढाउन लिखित रूपमै दबाब दिएका छन्। चाँडै ढुवानी भाडादर वृद्धिको निर्णय गर्नुपर्ने दबाब बढेको छ,' ती उद्योगीले भने।

» पृष्ठ २ मा क्रमशः



पसलमा नपाएपछि ग्यास लिन बालाजु औद्योगिक क्षेत्रमा रहेको नेपाल ग्यास उद्योगमै पुगेका सर्वसाधारण। तस्बिर : **सञ्जीव योञ्जन**/नयाँ पत्रिका

■ साताभित्रै आपूर्ति सहज हुने उद्योगीको दाबी

ग्यास उद्योग संघले एक सातापछि बजारमा आपूर्ति सहज हुने दाबी गरेको छ। जुन संख्यामा ग्यास ढुवानी गर्ने बुलेट घटेका छन्, त्यति नै संख्यामा नयाँ बुलेट थप हुन लागेको संघका अध्यक्ष शिवप्रसाद घिमिरेले बताए।

'ग्यास ढुवानी गर्न प्रयोग भइरहेकामध्ये करिब २५ प्रतिशत बुलेट घटेका छन्। त्यसका ठाउँमा नयाँ बुलेट थप गर्न उद्योगीले आफ्नो च्यानल प्रयोग गरिसकेका छन्,' उनले भने, 'दुई-तीन दिनमा आवश्यक संख्यामा नयाँ बुलेट थपिन्छन् र आपूर्ति सहज भइहाल्छ।'

बरौनी रिफाइनरीसमेत सञ्चालनमा आएकाले तुलनात्मक रूपमा छोटो समयमा धेरै ग्यास आयात हुने उनको भनाइ छ। 'अर्कातिर, जाडो पनि कम हुँदै गएको छ। गर्मी लागेपछि खपत स्वतः घट्न थाल्ने भएकाले आपूर्ति सहज गर्न मद्दत पुग्छ,' घिमिरेले भने।

ग्यास अभाव...
पृष्ठ १ बाट क्रमशः

देशभर सञ्चालित ५९ ग्यास उद्योगले भारतीय बुलेटसँग करार गरेर ग्यास आयात गरिरहेका छन् । बुलेटको ढुवानी खर्चबापतको रकम उद्योगीले आयल निगमबाट लिने गरेका छन् । आयल निगमले उद्योगीलाई ढुवानी, सञ्चालन खर्च, प्रशासनिक खर्च, आतिथ्य सत्कार, उद्योगी र डिलरको नाफालगायत विभिन्न शीर्षकमा हाल प्रतिसिलिन्डर तीन सय रुपैयाँभन्दा बढी रकम एकमुस्ट उपलब्ध गराउँदै आएको छ । ग्यास उद्योगीलाई दिने यो रकमलाई निगमले आफ्नो वासलात (ग्यास उद्योगीको खर्च एवं मुनाफा) शीर्षकमा राखेर उपभोक्ता मूल्यमा जोड्दै आएको छ ।

अन्य पेट्रोलियम पदार्थको तुलनामा ग्यास कारोबारमा आयल निगमको उपस्थिति न्यून छ । निगमले इन्डियन आयल कर्पोरेसन (आइओसी)को





बरौनी, पानीपत, मथुरा र हल्दिया रिफाइनरीबाट कुन उद्योगले कति ग्यास ल्याउने भनेर कोटा तोकिदिने मात्र गर्छ । त्यसपछि, उद्योगीले आइओसीको रिफाइनरीबाट ग्यास लोड गरेर आयात गर्ने, उद्योगमा रिफिलिङ गर्ने र डिलर नियुक्ति गरी बजारसम्म पुर्‍याउने गर्दै आएका छन् ।

ग्यासको आयातदेखि उपभोक्तालाई वितरण गर्दासम्मको सबै खर्च निगमले दिँदै आएको छ । अहिले ढुवानी खर्च वृद्धिका लागि उद्योगीले दबाब बढाएका हुन् । भारतीय बुलेट व्यवसायीले ढुवानी भाडा वृद्धिका लागि दिएको दबाबबारे उद्योगीले पनि निगमलाई जानकारी गराइसकेका छन् । 'कुन दरमा ढुवानी भाडा बढाउने भन्नेबारे केही उल्लेख छैन, तर अहिलेको ढुवानी भाडादरमा काम गर्न सकिँदैन भन्ने भारतीय व्यवसायीको भनाइ छ,' ती उद्योगीले भने ।

ग्यास उद्योग संघका अध्यक्ष शिवप्रसाद घिमिरेले भने बजार हल्लामा कुनै सत्यता नरहेको बताए । उनले भारतीय बुलेट व्यवसायीसँग कुनै दायित्व नरहेको, तर बुलेट संख्या भने घटेको जानकारी दिए । 'भारतीय बुलेटको संख्या २५ प्रतिशत घटिसकेको छ । जसकारण ग्यास आयातमा केही समस्या भइरहेको यथार्थ हो,' उनले भने, 'तर, एक साताभित्रै आवश्यक संख्यामा बुलेट थप हुँदै छन् । त्यसपछि आपूर्ति सहज गर्न मद्दत मिल्छ ।'

आयल निगमका अधिकारीले भने मासिक कोटाअनुसार ग्यास आयात भइरहे पनि अभावको हल्ला फैलिएका कारण सहज आपूर्ति गर्न कठिनाइ भइरहेको बताएका छन् । निगमका अनुसार दैनिक औसत एक लाख सिलिन्डरका दरले मासिक ४५ हजार टन ग्यास खपत हुने गरेको छ । जाडो मौसममा १५ प्रतिशतसम्म खपत बढ्ने गरेको छ । त्यसैले तीन महिनायता ग्यास आयात औसतभन्दा बढी नै भइरहेको निगमको तथ्यांक छ । नोभेम्बरमा ४७ हजार २६४ टन, डिसेम्बरमा ४८ हजार ५३१ टन र जनवरीमा ४७ हजार २०४ टन ग्यास आयात भएको निगमले जनाएको छ ।

आयोग प्रवक्ता मनोज ठाकुरले आयात भएको परिमाण मागअनुसार नै भएको, तर बजारमा अभावको हल्ला फैलाएका कारण उपभोक्ता अत्तालिएर अनावश्यक सञ्चय गर्नतिर लागेको दाबी गरे । 'मागअनुसार नै ग्यास आयात भइरहेको छ । तर, अभावको हल्ला फैलिएपछि उपभोक्ताहरू घरमा रहेको सबै खाली सिलिन्डर भरेर सञ्चय गर्नतिर लागेको देखिन्छ,' उनले भने ।

अहिले काठमाडौं उपत्यकामा ग्यासको आपूर्ति असहज भए पनि अन्यत्र भने समस्या नरहेको उनले बताए । सुरुमा 'नेपाल ग्यास'को आपूर्ति सहज थियो । अहिले भने उपत्यकामा कारोबार गर्दै आएका करिब २५ ग्यास उद्योगमै समस्या बढेको छ ।

निगमको एलपिजी तथा एभिएसन विभाग निर्देशक विनीतमणि उपाध्यायले मासिक रूपमा खपत परिमाणअनुसार ग्यास आयातको कोटा निर्धारण भइरहेको बताए । 'अहिले मासिक ४९ हजार पाँच सय टन कोटा निर्धारण गरिएको छ । आवश्यक परे अझै बढाउन सकिन्छ,' उनले भने, 'तर, त्यति परिमाण पनि नआइरहेकाले हाल निर्धारित कोटा नै पर्याप्त रहेको हाम्रो बुझाइ छ ।'

ग्यास विक्रेता महासंघका अध्यक्ष ज्ञानेश्वर अर्यालले भने उद्योगबाट पर्याप्त ग्यास नपाएकाले उपभोक्ताले मागेजति वितरण गर्न नसकिएको बताए । 'उपभोक्ताहरू डिलरमा आएर ग्यास पाइएन भनेर गुनासो गर्नुहुन्छ, तर हामीले माग गरेअनुसारको परिमाण उद्योगबाटै आइरहेको छैन,' उनले भने, 'उद्योग मन्त्रालय र आयल निगमको नेतृत्वले अहिलेको अभाव हल गर्न तदरुकता पनि नदेखाएको जस्तो लाग्छ ।'

एक वर्षअघि पनि अभाव गराएर बढाएका थिए कमिसन

उद्योगीकै दबाबमा एक वर्षअघि गत २० फागुनमा आयल निगमले प्रतिसिलिन्डर १२ रुपैयाँ ७५ पैसा कमिसन वृद्धि गरेको थियो । त्यतिवेला ग्यास उद्योग संघले कमिसन वृद्धिका लागि संयुक्त आन्दोलन नै घोषणा गरेको थियो । संघको आह्वानमा गत वर्ष १८ फागुनदेखि सबै उद्योगले भारतमा ग्यास लिन जान बन्द गरेका थिए । जसकारण तत्कालै बजारमा ग्यास आपूर्ति असहज भएको थियो । त्यसपछि उद्योग मन्त्रालयले प्रतिसिलिन्डर १२.७५ रुपैयाँ कमिसन वृद्धि गर्ने निर्णय गराएर उद्योगीको आन्दोलन फिर्ता गराएको थियो । उद्योगीले डिजेलको भाउ घटबढ भएअनुसार प्रतिशतका आधारमा ढुवानी भाडादर लागू हुनुपर्ने माग राखे पनि त्यतिवेला प्रतिसिलिन्डर रकम तोकेर मात्रै कमिसन वृद्धि गरिएको थियो । प्रतिशतका आधारमा कमिसन बढाउन अध्ययन गरिने भनिए पनि अहिलेसम्म यस विषयमा केही टुंगो लागेको छैन । उद्योगीले कमिसन वृद्धिका लागि सधैँ ग्यास अभाव गराउँदै आएका छन् ।

सिलिन्डरको कोटा बढाउन पनि लबिङ

आयल निगमका अनुसार अहिले बजारमा एक करोड ४३ लाख थान ग्यास सिलिन्डर प्रयोगमा छन् । दुई वर्षयता बजारमा नयाँ सिलिन्डर थपिएका छैनन् । त्यसैले बढ्दो माग धान्ने कारण देखाएर सिलिन्डर संख्यासमेत बढाउन उद्योगीले लबिङ गरिरहेका छन् । अहिले एक सिलिन्डर ग्यास बिक्री गर्दा उद्योगीले मुनाफाबापत ३२ रुपैयाँ पाउँछन् । तर, नयाँ सिलिन्डर बिक्री गर्दा कम्तीमा चार सय मुनाफा हुन्छ । त्यसैले निगमसँग स्वीकृति लिएर नयाँ सिलिन्डर बजारमा पठाउन उद्योगीको एक समूह सक्रिय छ । बजारमा जति सिलिन्डर पठाए पनि बिक्री हुने प्रवृत्ति छ । उपभोक्ताहरूले अभावका वेला ग्यास भरेर राख्ने प्रयोजनका लागि घरमा थप सिलिन्डर खरिद गर्ने प्रवृत्ति छ । उपभोक्ताको यही मनोवृत्तिको फाइदा उठाएर आवश्यकभन्दा बढी सिलिन्डर बजार पठाएर लाभ लिन उद्योगीहरू लागिपरेका छन् ।

काठमाडौंमा नेपाल ग्यासका सबैभन्दा धेरै आठ लाख सिलिन्डर

उपत्यकाबाहिर ग्यास आपूर्तिमा समस्या नरहेको आयल निगमले जनाएको छ । काठमाडौं उपत्यकामा भने सबैभन्दा धेरै ग्यास बिक्री गर्दै आएको 'नेपाल ग्यास' को आपूर्ति असहज बनिरहेको छ । उपत्यकामा नेपाल ग्यासका मात्रै आठ लाख सिलिन्डर बजारमा छन् । उपत्यकामा करिब २५ ग्यास उद्योगका सिलिन्डर खपत भए पनि नेपाल ग्यास सबैभन्दा धेरैका भान्सामा पुगेको छ । निगमले नेपाल ग्यासलाई अन्य उद्योगमा भन्दा धेरै मासिक एक हजार टन ग्यास आयातको अनुमति पनि दिने गरेको छ । तर, यसपटक सोही उद्योगको ग्यास आपूर्ति असहज बनेको छ । नेपाल ग्यासका खाली सिलिन्डर लिएर बालाजु औद्योगिक क्षेत्रभित्र रहेको ग्यास उद्योगपरिसरमा उपभोक्ताको भिड लाग्न थालेको छ । उद्योगका सञ्चालक गोकुल भण्डारीले भारतीय बुलेट कटौतीको असरले आयातमा केही समस्या भइरहेको जानकारी दिए । 'भारतीय बुलेटहरू कटौती भएका छन्, त्यसैले मागअनुसार ग्यास समयमै ल्याउन सकिएको छैन । तर, यो समस्या चाँडै हल भइहाल्छ,' उनले भने, 'आयल निगमसँग पनि समस्या समाधानका लागि समन्वय भइरहेको छ ।'

सुकुमवासी र सन्थाल बस्ती पुगे बालेन, स्थानीयले सोधे एजेन्डा

बालेनको जवाफ- फागुनको पहिलो साता घोषणापत्र सार्वजनिक गर्छौं

झापामा **चिरञ्जीवी घिमिरे**



चुनावी दौरानमा पूर्वी र पश्चिम नेपाल पुगेका रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन' आफ्नो निर्वाचन क्षेत्र झापा ५ फर्किएका छन् । सोमबार साँझ दमक पुगेका बालेन मंगलबार भेटघाट तथा समस्या सुन्ने कार्यक्रम तय गरेर मंगलबार कमल गाउँपालिका- ५ स्थित सुकमवासी, गौरीगन्जको सन्थाल बस्ती पुगेका हुन् । त्यस्तै, उनी गौरादह नगरपालिका पनि पुगे ।

कमल गाउँपालिका पुगेका बालेनलाई त्यहाँका सुकुमवासीले सुकुमवासी बस्तीमा काठमाडौंमा जस्तो डोजर चल्ने आशंका गरेका थिए । बालेनले काठमाडौं र झापाको सन्दर्भ फरक रहेको भन्दै जवाफ दिए । 'काठमाडौंको चाहिँ खोलाछेउको सार्वजनिक जग्गा हो । खोलाछेउमा बस्नेको चाहिँ उहाँहरूकै लागि हो । पानी आउँदा बस्तीभन्दा माथि आउँछ । हरेकपटक बर्खा लाग्दा उहाँहरूलाई निकालेर अन्त लैजानुपर्छ,' उनले भने, 'काठमाडौंचाहिँ जोखिममा बसेकालाई सुरक्षित ठाउँमा लैजानुपर्‍यो भन्न खोजेको हो । तर, गलत अर्थ लगाइयो । मान्छेको ज्यान बचाउन खोजेको हो । खोलाछेउभन्दा बाहेक त भूमि आयोग लगत संकलन गरेर नेपाल सरकारले जग्गा दिने हो । यहाँको त वास्तविक हो । ०४६/४७ देखि बसेको हो नि त ।'

भूमि आयोगमा पार्टीबाट टीका लगाएर गएको मान्छेका कारण सुकुमवासीले धनीपुर्जा नपाएको उनले बताए । 'त्यो हुँदा पार्टीसँग नजिक भएकाले लाजपुर्जा पाउने भयो । बाँकीले त नपाउने भयो । त्यो सिस्टम सुधार गर्नुपर्‍यो भन्ने हो,' बालेनले भने ।

यस्तै, सोही ठाउँमा बालेनलाई स्थानीयले आफ्ना र पार्टीको एजेन्डा के-के हुन् भनेर सोधेका थिए । 'हामी मेनिफेस्टो (घोषणापत्र) तयार पार्दै छौं । हरेकको फरक-फरक हुन्छ । स्वास्थ्यको होला, पूर्वाधारको होला । सबैलाई सबै हुँदैन । व्यापार गर्नेलाई व्यापारको होला । किसानलाई खेतको होला । जो-जो मान्छेलाई जे-जेसम्बन्धी एजेन्डा बुझ्न मन छ, त्यो तयार पर्दै छौं,' बालेनले भने, 'छुट्टाछुट्टै सबै मिलाएर फागुनको पहिलो साता सार्वजनिक गर्छौं । यो क्षेत्रको छुट्टै हुन्छ । प्रधानमन्त्रीको छुट्टै हुन्छ । पार्टीको छुट्टै हुन्छ ।'

उनले खल्तीमा पैसा नहुनेले पनि शिक्षा र स्वास्थ्य निःशुल्क हुनुपर्ने र बिस्तारै गर्दै जाने बताए । एक स्थानीयले प्रदेशमा धेरै खर्च भएको र प्रदेश संरचना खारेज गर्दा विकास बजेट हुने भन्दै सुझाव दिएका थिए । जसमा बालेनले भने, 'प्रदेशको खर्च न्यून हो, मन्त्रीले, सांसदको तलबमा जाने न्यून खर्च हो । तलबले देश बिग्रिएको होइन । उनीहरूले बाहिर गरेर बिग्रिएको हो ।'

बालेन कमल गाउँपालिकाको सुकुमवासी बस्तीमा बाहेक अन्य ठाउँमा बोलेनन् । उनले नागरिकका गुनासो मात्र सुने । गाउँ पुगेका बालेनले गौरीगन्जको दुर्गा मन्दिर दर्शन गरे ।

संसद् भवनपरिसरमा...
पृष्ठ १ बाट क्रमशः

छ । उनीहरूको सम्मानमा सालिक बनाउने निर्णय भएको गृहमन्त्री ओमप्रकाश अर्यालले बताए । सहरी विकास मन्त्रालयमातहत रहेको संसद् भवनमा जेन-जीको सालिक बनाउन लागिएको हो । सालिक बनाउनका लागि मन्त्रिपरिषद्ले सिंहदरबार गुरुयोजना संशोधन गर्ने निर्णय पनि गरेको छ ।

भ्रष्टाचारविरुद्ध गत २३ भदौमा जेन-जी पुस्ताले गरेको आन्दोलनमा राज्यबाट दमन हुँदा गोली लागेर १९ युवाको ज्यान गएको थियो भने सयभन्दा धेरै घाइते भएका थिए । सो दमनको विरोध हुँदा भोलिपल्ट देशैभरि आन्दोलन भएपछि तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएका थिए । दुई हजार ४२९ जना घाइते भएका थिए । सरकारले जेन-जी सहिदको सम्झनामा पार्क पनि बनाउने तयारी गरिरहेको गृहमन्त्री अर्यालले जानकारी दिए ।

मंगलबारकै मन्त्रिपरिषद् बैठकले सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ संघीय संसद्बाट फिर्ता लिन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । विधेयकमा विवादास्पद प्रावधान भएकाले सरकारले फिर्ता लिने निर्णय गरेको हो ।

कसलाई चाहिएको...
पृष्ठ १ बाट क्रमशः

विगतको राजनीतिक अभ्यास रहे पनि यसपटक नेताहरू चुनावमै गठबन्धन गर्न गुप्त संवादमा छन् । उनीहरूबिचको संवादले आकार ग्रहण गरेको छैन र तत्तत् पार्टीका नेताहरूले गठबन्धन स्वीकार्य नरहेको प्रतिक्रिया दिएका छन् ।

जेन-जी आन्दोलनपछि उत्पन्न नयाँ राजनीतिक शक्तिसन्तुलन तथा नयाँ र पुराना भन्ने भाष्यबिच २१ फागुनमा हुन थालेको प्रतिनिधिसभा निर्वाचनमा विघटित संसद्का ठुला दलहरू दबाबमा छन् । तर, आपसी अविश्वास र मतदान थप भड्किन सक्ने सम्भावित जोखिमका कारण उनीहरू खुलेर तालमेल वा सहकार्यको कोर्समा जान सकेका छैनन् ।

एमालेले नेपाली कम्युनिस्ट पार्टी (नेकपा)सँग चुनावी सहकार्यको प्रस्ताव गरेको छ । एमाले अध्यक्ष केपी ओलीले नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डसँग चुनावी सहकार्यको प्रस्ताव गरेका हुन् । सुरुमा सूत्रमार्फत, त्यसपछि टेलिफोनमा र केही दिनअघि भेटेरै ओलीले सहकार्यको प्रस्ताव राखेको स्रोतले बताएको छ । प्रचण्डले हालै अनलाइन खबरलाई दिएको अन्तर्वार्तामा भेटघाट भएको पुष्टि गरेका छन् ।

१६४ वटै निर्वाचन क्षेत्रमा उम्मेदवार खडा भइसकेका र पार्टीको पक्षमा देशव्यापी माहोल बनेको भन्दै आफूले सहकार्यको प्रस्ताव अस्वीकार गरेको प्रचण्डको दाबी छ । ओलीले देशव्यापी रूपमा नभए पनि केही क्षेत्रमा चुनावी सहकार्य गरेर जान सकिने प्रस्तावसमेत गरेका थिए । झापा ५ मा रास्वपाले भावी प्रधानमन्त्रीका उम्मेदवारका रूपमा अगाडि सारेका बालेन शाहलाई उतारेपछि ओली व्यक्तिगत रूपमा पनि परम्परागट सिट जोगाउँपर्ने उच्च दबाब र जोखिममा छन् ।

स्रोतका अनुसार ओलीले कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवासँग पनि सहयोगको आग्रह गरेका छन् । केही दिनअघि संसद् पुनर्स्थापना र निर्वाचन दुवै परिस्थितिको विषयमा ओली र देउवाबिच छलफल भएको स्रोतले बताएको छ । ११ माघको राष्ट्रिय सभा निर्वाचनमा पनि कांग्रेस-एमालेबिच गठबन्धन बनेको थियो । जेन-जी आन्दोलन हुँदा कांग्रेससहितको गठबन्धनमा ओली प्रधानमन्त्री थिए । विशेष महाधिवेशनबाट कांग्रेसमा नेतृत्व बदलिएको छ । तर, आधिकारिता विवादमा देउवा पक्ष अदालत पुगेको छ ।

शीर्ष नेताहरूबिच लगातार संवाद भइरहेको पाइए पनि कांग्रेस, एमाले र नेकपाका नेताहरूले भने चुनावी तालमेल वा सहकार्यको विषय अस्वीकार गरेका छन् । यति मात्र होइन राप्रपाले पनि गठबन्धनको सम्भावनालाई अस्वीकार गरेको छ । विगतमा एमाले र राप्रपाबिच ओली र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसहितका केही सिटमा तालमेल हुने गरेको थियो ।

एमाले उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङले तत्कालै चुनावी सहकार्यको सम्भावना नरहेको बताए । राजधानीमा मंगलबार आयोजित कार्यक्रममा गुरुङले राजनीतिमा असम्भवबाट सम्भव पनि हुने बताए । 'राजनीतिमा असम्भवबाट सम्भव पनि हुन्छ । दुई-चार दिनमै कोर्स परिवर्तन पनि हुन सक्छ । हुँदै हुँदैन भनेर ठोकुवा गर्ने विषय होइन,' गुरुङले भने ।

गुरुङले चुनावी सहकार्यका लागि गत २३ र २४ भदौको घटनालाई हेर्ने दृष्टिकोणमा समानता आउनुपर्नेमा जोड दिए । 'हामीले प्रतिगमन भनिरहेका छौं । उहाँहरू (नेकपा)ले क्रान्तिकारी काम भन्नुभएको छ । उहाँहरू र हाम्रो राजनीतिक दृष्टिकोण उत्तर र दक्षिणको जस्तो छ । त्यसैले अहिले तालमेल सम्भावना देखिदनँ,' गुरुङले भने । उनले लोकतान्त्रिक व्यवस्थाप्रति एमाले र कांग्रेसजति प्रतिबद्ध नेकपा नभएको दाबी पनि गरे ।

कांग्रेस प्रवक्ता देवराज चालिसे चुनावी गठबन्धनको पक्षमा कांग्रेस नभएको बताए । महासमिति बैठकले चुनावी गठबन्धन नगर्ने निर्णय गरेको र केन्द्रीय समिति हुँदै विशेष महाधिवेशनले अनुमोदन गरिसकेको स्थितिमा कांग्रेसले चुनावी गठबन्धनबारे सोच्न पनि नसक्ने उनले दाबी गरे । 'जुन कारण (चुनावी गठबन्धन)ले पार्टीमा विचलन आयो, पार्टीमा क्षति भयो । त्यसकारण हामी चुनावी गठबन्धनको कुरा बिर्सन चाहन्छौं,' उनले भने, 'गठबन्धन नगर्ने भन्ने महासमितिको निर्णय हो । केन्द्रीय समिति र विशेष महाधिवेशनले त्यसलाई अनुमोदन गरेको छ । हामीले १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएका छौं, कहीँ कसैसँग चुनावी गठबन्धन हुँदैन ।'

चुनावी परिणामपछि सरकार सञ्चालनका लागि भने गठबन्धन हुन सक्ने उनले बताए । 'हामी एक्लै बहुमत ल्याउने गरी चुनावी मैदानमा खटिएका छौं । निर्वाचन प्रणालीका कारण बहुमत ल्याउन सकेनौं भने चुनावपछि गठबन्धनबारे छलफल हुन सक्छ,' चालिसेले भने । देउवा र ओलीबिचको भेटबारे चालिसेले भने, 'व्यक्तिगत भेटघाटलाई राजनीतिक विषय जोड्न आवश्यक हुँदैन ।'

नेकपाका प्रचार संयोजक अग्नि सापकोटा चुनावी सहकार्यको प्रस्ताव आए पनि नेकपाले अस्वीकार गरेको बताउँछन् । 'हामीले १६४ वटा निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएका छौं । हामी वस्तुवादी, वैज्ञानिक र तथ्यका आधारमा अगाडि बढेका छौं । देशैभरि नेकपाको पक्षमा माहोल बनेको छ । त्यसैले अहिले चुनावी तालमेलको कुनै सम्भावना छैन । तालमेलको प्रस्ताव हाम्रोतर्फबाट स्वीकार्य छैन,' सापकोटाले भने ।

एमालेका प्रचार संयोजक मीनबहादुर शाही पनि चुनावी तालमेलको सम्भावना नदेखिएको बताउँछन् । यद्यपि, राजनीतिमा सम्भावनाका ढोका सधैँ खुला रहने उनको भनाइ छ । 'राजनीतिमा सम्भावनाका ढोकाहरू सधैँ खुला नै हुन्छन् । सम्भावनालाई इग्नोर गरेर जाने कुरा त हुँदैन । तर, अहिले नै कुनै पनि दल वा व्यक्तिविशेषको तालमेलको सम्भावना, तालमेलको औपचारिक छलफल र कुराकानी भएजस्तो लाग्दैन,' उनले भने, 'बहसको विषयलाई अन्यथा सोच्नु पनि हुँदैन । सम्भावनाका विभिन्न कोणमा छलफल हुन सक्छ । तर, अहिले अध्यक्षहरूकै बिचमा, नेताहरूको बिचमा छलफल भएर नीतिगत तहमा पुग्ने अवस्था होइन ।'

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले पनि यो निर्वाचनमा कसैसँग पनि तालमेल नहुने बताएका छन् । राप्रपाले विगतमा एमालेसँग चुनावी तालमेल गर्दै आएको थियो । ०७४ मा एमाले र माओवादी मिलेर गठबन्धन गरेको स्थितिमा देशव्यापी माहोल बन्दा पनि ओलीले झापामा राप्रपासँग तालमेल गरेका थिए । तर, यसपालि कसैसँग पनि तालमेल नहुने उनले जिकिर गरेका छन् । 'एउटा सानो झुन्ड झापा ५ र ३ मा राप्रपाले एमालेसँग गठबन्धन गरेको छ भनेर सुनियोजित रूपमा प्रचारमा उत्रेर भ्रम सिर्जना गर्ने कोसिस गरिरहेको छ । म शालीनतापूर्वक आग्रह गर्छु- यो पनि निर्वाचन आचारसंहिता र साइबर कानुनको उल्लंघन हो,' लिङ्देनले भनेका छन् ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोन : ४-५८९२५७

शिलबन्दी वोलपत्र आव्हानको सूचना नं.- ०६/०८२/८३

प्रकाशित मिति २०८२/१०/२१

यस श्री का.म.पा.वडा नं ६ बौद्ध क्षेत्रमा सम्पदा सुरक्षाको लागी सि.सि.क्यामरा जडान गर्ने कार्य गर्न नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरूबाट रु. १० को टिकट सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ ।

शर्तहरू

१. वोलपत्रको ग्राह्यता (इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ । (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि,(ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) J.V. agreement (J V Bids only) (छ) Bid security(Bank Gurantee) (ज) Authorization Certificate, Product datasheet and ISO certificate.
२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई का.म.पा.वडा नं ६ बौद्ध क्षेत्रमा सम्पदा सुरक्षाको लागी सि.सि.क्यामरा जडान गर्ने कार्य गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र वोलपत्र खरिद गरी ३१ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र वोलपत्र खोलिनेछ । वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ ।
३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ । बैंक ग्यारेण्टी(विल्ड बोण्ड) वोलपत्र पेश गरेको दिनदेखी १२० दिन अवधिको पेश गर्नु पर्नेछ । नगद जमानतको लागि कुल ठेक्का लागत अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११० ९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश :सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ ।
७. रित पूर्वक भरी नआएको,शिलबन्दी भई नआएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन ।
८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ ।
९. नियमानुसार लाग्ने सबै प्रकारका करहरू वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ ।
१०. जुन फर्मको नाममा बोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ ।
११. उपरोक्त शर्तहरू बाहेकको अन्य शर्तहरू तथा सामानको परिमाण वोलपत्र दस्तावेजमा खुलाईनेछ । साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
१२ **वोलपत्र फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ अन्यथा समिति जिम्मेवारी हुने छैन ।**

तपशिल

ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का लागत अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
BNADC/CCTV-13-82/83	का.म.पा.वडा नं ६ बौद्ध क्षेत्रमा सम्पदा सुरक्षाको लागी सि.सि.क्यामरा जडान गर्ने कार्य	२.५ प्रतिशत	३४,९९,८०६.०१	१,५००

खुला मिल...
पृष्ठ १ बाट क्रमशः

सिंहदरबार बदल्न माग्दै छु घन्टीमा भोट,' उनले भनेका छन् ।

लामिछानेले दलहरूका मसिहाहरूले राज्यका हरेक धमनीमा भरेको विष निकाल्न मत मागेको पनि उल्लेख गरेका छन् । 'एकाध पुल, एकाध भवन र एकाध सडकका तस्बिर बेच्ने कस्मेटिक सुधारमा मेरो कुनै रुचि छैन । कुशासनको मुख्यालय भएको सिंहदरबारबाट नै निलो क्रान्ति सुरु गर्ने प्रस्ट म्यान्डेटविना हामी हार्नु र जित्नुको कुनै महत्त्व हुनेछैन । वर्षौँअघि रोपिएको अस्थिरताको बिउ हुर्केर ठुलो वृक्ष बनेको छ । यसपटक यसको जरो नउखेली कहीँ कतै केही बदलिँदैन,' उनले भनेका छन् ।

लामिछानेले निधारमा ताकेर गोली ठोक्नेहरूविरुद्ध क्रान्तिको घन्टी बजिसकेको भन्दै अब अन्तिमपटक क्रान्ति बाँकी रहेको उल्लेख गरेका छन् । 'म कहाँ छु र मेरो के हुन्छ भनेर इतिहासको वेग रोक्ने हक हामी कसैलाई छैन । यो देशको भविष्य बदल्ने क्रान्तिका लागि म थप त्याग र कठोरभन्दा कठोर तपस्याका लागि बिल्कुल तयार छु । मेरो नाम इतिहासको कुन पानामा लेखिन्छ वा मेटिन्छ मलाई त्यसको परबाह छैन । तर, यस देशका सन्ततिको सुनौलो भाग्य मेट्ने र भाग्य लेखिएको त्यही निधारमा ताकेर गोली ठोक्नेहरूविरुद्ध क्रान्तिको घण्टी बजिसकेको छ, अब अन्तिम पर्दा उठ्न बाँकी छ, त्यो पर्दा हामी मिलेर उठाउनेछौँ,' उनले भनेका छन् ।

लामिछानेले रास्वपाले दस्ताबेजले नीति, विचार र सिद्धान्त स्पष्ट रूपमा भने पनि विचार नभएको भनेर फैलाइएको भ्रमप्रति असन्तुष्टिसमेत व्यक्त गरेका छन् । 'भ्रष्टतन्त्रको ठेकेदार बनेर हामीलाई लोकप्रियतावादी, भिजनविनाका, नीति सिद्धान्तविनाका भनेर कसैले रोइकराई गर्न पर्दैन । सबैभन्दा स्पष्टसँग लेखिएका रास्वपा-दस्ताबेज पढ्ने जाँगर विश्लेषणजीविहरूलाई नचल्नुको भारी हामीले कहिलेसम्म बोक्ने ? विचार, सिद्धान्त, नीति सबै भएका भनिएका तपाईंहरूको नियत, कार्यक्षमता सब देखियो, भो अब थप नदेखाउनुस्, नपढाउनुस्,' उनले भनेका छन् ।

साथै, लामिछानेले जनताको ताकतको बलमा मतपत्रमार्फत हामी सुशासनको घन्टी बजाउँदै नयाँ युगको सुरु गर्न चाहेको उनको भनाइ छ । 'देश रसातलमा पुग्दा पनि भट्याएर नसकिएका तपाईंका विचारहरू तपाईँहरूलाई नै मुबारक । भारी शब्दहरू प्रयोग गरेर राजनीतिलाई कम्प्लिकेटेड बनाउनै पर्दैन, प्राप्त उपलब्धिसहितको लोकतन्त्र हामी जोगाउँछौँ, नसके जनता छन् । आआफ्नो राजनीतिक दोकान र सटर रंग्याउने छुट सबैलाई छ, तर यो देश कुनै अमुक नेताले होइन जनताले जोगाएका हुन् । तिनै जनताको ताकतको बलमा मतपत्रमार्फत हामी सुशासनको घन्टी बजाउँदै, विकास-कूटनीति र अर्थ-राजनीतिको सानदार युगारम्भ गर्न चाहन्छौँ,' उनले भनेका छन् ।

हिमाली क्षेत्रको...
पृष्ठ १ बाट क्रमशः

नभएका हिमाली क्षेत्रका मतदानस्थलमा हेलिकोप्टरमार्फत मतपेटिका, मतपत्रलगायत सामग्री पठाउने गरी सुरक्षा योजनाअनुसार तयारी भइरहेको छ,' उनी भन्छन्, 'निर्वाचन प्रहरी पनि सबै जिल्लामा भर्ना गरी तालिम सुरु भइसकेको छ ।' अहिलेसम्म दुई चरणमा निर्वाचन गर्नेबारे कुनै छलफल नभएको निर्वाचन आयोग स्रोत बताउँछ । 'मौसम बिग्रिएर मतदाता नै जान नसक्ने अवस्था आयो भने त्यही वेला निर्णय हुन्छ,' आयोगका एक अधिकारी भन्छन्, 'नत्र हिमाली जिल्लामा पनि २१ फागुनमै निर्वाचन गर्ने गरी तयारी अघि बढेको छ ।'

हिमाली जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा प्रमुखहरूले भने त्यसवेला मौसम सामान्य भएमा सहज हुने, तर हिमपात भएमा समस्या हुन सक्ने रिपोर्टिङ गरेका छन् । कुनै वर्ष फागुनको तेस्रो साता मौसम सामान्य हुने त कुनै वर्ष अत्यधिक चिसो हुने गरेको छ । यो वर्ष तुलनात्मक रूपमा नेपालको मौसम कम चिसो रहेकाले निर्वाचन गर्न सकिने विश्वास गृहका अधिकारीको छ । निर्वाचनको एक हप्ताअघि मौसमको अवस्था हेरेर मात्र यस विषयमा निर्णय गर्ने सरकारको रणनीति छ । विगत हेर्ने हो भने हालसम्म नेपालमा फागुनमा निर्वाचन भएको छैन ।

कानुनी रूपमा पनि एकैचरणमा निर्वाचन गर्नुपर्ने दबाबमा सरकार छ । जेन-जी आन्दोलनपछि अघिल्लो संसद् विघटन गरी ६ महिनाभित्र निर्वाचन गर्ने म्यान्डेटसहित राष्ट्रपति रामचन्द्र पौडेलले सुशीला कार्कीलाई गत २७ भदौमा प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । सो बाध्यताका कारण पनि सरकार एकैचरणमा निर्वाचन गर्नुपर्ने बाध्यतामा छ । तर, हिमाली क्षेत्रमा न्यून मात्र मतदाता भएमा भने प्रश्न उठ्न सक्ने जोखिम पनि छ । त्यस्तो अवस्थामा निर्वाचन हुन नसक्ने तथा निर्वाचन बिथोलिएका मतदानस्थलमा पछि एकैदिन मतदान गर्नेबारे छलफल भइरहेको स्रोत बताउँछ ।

धनुषामा पुराना दलहरूलाई नयाँको टक्कर

चार निर्वाचन क्षेत्र रहेको धनुषामा कांग्रेस, एमाले, नेकपा, जसपा परम्परागत प्रतिस्पर्धी हुन्, रास्वपाको प्रवेशले चुनावी सरगर्मी झनै बढाएको छ

जनकपुरधाममा **हदिश खुद्दार**



धनुषा १
मतदाता : १,२६,०४०
मतदानस्थल : ८५
मतदान केन्द्र : १६३
उम्मेदवार : ४२

धनुषा २
मतदाता : १,३४,८२६
मतदानस्थल : ८८
मतदान केन्द्र : १७४
उम्मेदवार : ३४

धनुषा ३
मतदाता : १,२५,९२७
मतदानस्थल : ७४
मतदान केन्द्र : १५५
उम्मेदवार : ४५

धनुषा ४
मतदाता : १,२७,७७८
मतदानस्थल :७५
मतदान केन्द्र : १५३
उम्मेदवार : ३७

चार निर्वाचन क्षेत्र रहेको धुनषामा कांग्रेस, एमाले, नेकपा, जसपासँगै रास्वपा पनि मैदानमा उत्रिएपछि चुनावी सरगर्मी बढेको छ। धनुषाको जनकपुरधाम मधेशको राजधानी पनि हो।

०७९ को चुनावमा दलहरूबिच भएको तालमेलबाट धनुषा १ मा जसपा, २ मा कांग्रेस तथा ३ र ४ मा एमालेले जित निकालेका थिए यसपटक दलहरू एक्लाएक्लै चुनावी मैदानमा रहेको, मधेशका शक्ति जसपा-लोसपाबिच एकता र रास्वपाको पनि प्रवेश छ। रास्वपाले ५ माघमा जनकपुरधाममा आयोजना गरेको सभामा पार्टी सभापति रवि लामिछानेसँगै वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन'को भाषणले चुनावी माहोल गर्माएको थियो। यहीबिचमा कांग्रेस सभापति गगन थापा पनि धनुषा पुगेर काठमाडौं फर्किसकेका छन्।

राजनीतिक विश्लेषक राकेश मिश्रले पनि धनुषामा पुराना दलहरूबिच प्रतिस्पर्धा हुँदै आएकामा यसपटक भिन्न अवस्था रहेको बताए। 'धनुषामा पुरानै दलहरूबिच प्रतिस्पर्धा हो। तर, यसपटक रास्वपा पनि आएको छ। मधेशमा बालेन आउँदा युवा जमातमा क्रेज बढाएको छ,' उनले भने, 'मतपेटिकासम्मपुग्दा कसरी जान्छ यकिन भन्न सकिने अवस्था छैन।'

चुनावी मैदानमा १५८ उम्मेदवार, ५,१४,५७१ मतदाता

चार निर्वाचन क्षेत्र रहेको धनुषामा स्वतन्त्रसहित १५८ उम्मेदवार चुनावी मैदानमा छन्। पाँच लाख १४ हजार ५७१ मतदाताले २१ फागुनमा उम्मेदवारहरूको भविष्य निर्धारण गर्नेछन्। मतदातामा पुरुष दुई लाख ७६ हजार १२६ र महिला दुई लाख ३८ हजार ४३५ छन्। धनुषाको कुल जनसंख्या भने आठ लाख ६७ हजार ७७४ हो।

धनुषा १ मा स्वतन्त्रसहित ४२ उम्मेदवार चुनावी मैदानमा उत्रेपनि मुख्य प्रतिस्पर्धा भने नेकपाका नेता मातृकाप्रसाद यादव, जसपाका दीपककुमार कार्की, कांग्रेसका रामपल्टन साह, एमालेका रामचन्द्र मण्डल र रास्वपाका किशोरी साहबिच हुने देखिन्छ।

जनयुद्धदेखि माओवादी रहेका यादव ०६४ र ०७४ मा यही क्षेत्रबाट विजयी भएका थिए। तर, ०७९ को निर्वाचनमा भने उनी जसपाका दीपक कार्कीसँग पराजित हुन पुगे। यादव यसपटक कमब्याक गर्ने योजनामा छन्। ०७९ मा कार्कीले २७ हजार ४३१ मत ल्याउँदा यादवले २१ हजार ४८३ मत पाएका थिए।

कांग्रेस नेता आनन्द ढुंगानाको गृहक्षेत्र भएकाले यहाँ कांग्रेसको संगठन बलियो भएको मानिन्छ। कांग्रेसले यसपटक नयाँ उम्मेदवार रामपल्टन साहलाई मौका दिएको छ।

०७४ मा एमालेबाट क्षेत्र नम्बर १ (१)बाट प्रदेश सभामा निर्वाचित भएका किशोरी यसपटक रास्वपामा पुगेका छन्। उनी ०७९ मा निर्वाचनमा जनमतबाट उम्मेदवार बने पनि १४ हजार ४६७ मतसहित तेस्रो भएका थिए। ०७९ को निर्वाचनमा सोही क्षेत्रको (२) बाट प्रदेश सभा सदस्यमा निर्वाचित भई प्रदेश सभामुख बनेका रामचन्द्र मण्डल अहिले एमालेबाटै प्रतिनिधिसभाका उम्मेदवार बनेका छन्। प्रदेश सभामुखबाट पदमुक्त भएका उनी सांसदबाट राजीनामा दिएर चुनावमा होमिएका हुन्।

त्यस्तै, धनुषा २ मा पूर्वमन्त्रीदेखि नयाँ अनुहारबिच चुनावी प्रतिस्पर्धा हुने देखिएको छ। नेकपाका रामचन्द्र झा, कांग्रेसका दिनेशप्रसाद यादव प्रसैला, एमालेका उमाशंकर अरगरिया, जसपाका पशुपति यादव र रास्वपाका रामविनोद यादवसहित ३४ जना उम्मेदवार छन्। जसपाले यो क्षेत्रमा नयाँ अनुहार उतारेको हो।

कांग्रेसका प्रसैला ०६४ को संविधान सभा निर्वाचनमा निर्वाचित भएपनि त्यसपछि टिकट पाएका थिएनन्। यहाँबाट ०७९ मा कांग्रेसकै उम्मेदवार पूर्वमन्त्री रामकृष्ण यादव २० हजार ११२ मतसहित विजयी भएका थिए। निकटतम प्रतिस्पर्धी एमालेका उमाशंकर अरगरिया १९ हजार ९५५ मतमा सीमित भएका थिए। उनी फेरि उम्मेदवार छन्। यस क्षेत्रमा कांग्रेस, एमाले, जसपा र नेकपाको संगठन राम्रो मानिन्छ।

त्यसैगरी, धनुषा ३ मा कांग्रेस पूर्वउपसभापति विमलेन्द्र निधि फेरि चुनावी मैदानमा छन्। ०६४ र ०७० मा चुनाव जितेका उनी ०७४ मा पराजित भए। त्यसपछि ०७९ समानुपातिकको बाटो रोजेका थिए। ०७९ मा चुनाव जितेकी जुलीकुमारी महतो पनि प्रतिस्पर्धामा छिन् भने जसपाले परमेश्वर साहलाई अघि सारेको छ। ०७९ मा एमालेकी जुलीले ३३ हजार ३८८ मत ल्याएर चुनाव जितेकी थिइन्।

०७४ मा भने यहाँ तत्कालीन राजपाका राजेन्द्र महतो विजयी भएका थिए। यसपटक निधि र जुलीलाई टक्कर दिन चुनावी मैदानमा रास्वपाका मनीष झा, जसपाका परमेश्वर साह, राष्ट्रिय मुक्ति पार्टीका राजीव झासहितका ४५ उम्मेदवार छन्। धनुषा ३ मा जनकपुरधाम उपमहानगरपालिकाका धेरैजसो वडा पर्छन्।

त्यस्तै, धनुषा ४ मा एमाले उपमहासचिव रघुवीर महासेठ, कांग्रेस निवर्तमान सहमहामन्त्री महेन्द्र यादव, जसपाका कृष्णचन्द्रप्रसाद साह, नेकपाका सञ्जय महतोसहित ३७ उम्मेदवार छन्। यस क्षेत्रमा महासेठ र यादवबिच प्रतिस्पर्धा हुँदै आएको छ।

अघिल्लो चुनावमा महासेठले यादवलाई १२४ मतान्तरले पराजित गरेका थिए। महासेठ ३२ हजार २३६ मत ल्याएर विजयी हुँदा यादवले ३२ हजार ११२ मत पाएका थिए। जसपाका महाजन यादव तेस्रो र रास्वपाका सञ्जयकुमार यादव चौथो भएका थिए।

पार्टी नयाँ शैली र जोसका साथ निर्वाचनमा होमिएको छ

● **योगेन्द्र पंजियार**, कांग्रेस धनुषा सभापति



चारवटै निर्वाचन क्षेत्रमा अगाडि छौं। विगतका निर्वाचनमा पार्टीभित्रको गुट-उपगुटले केही क्षेत्रमा अपेक्षाअनुसारको मतपरिणाम नआए पनि यो निर्वाचनमा सबै कांग्रेसजन एकजुट भएर चुनावको तयारीमा लागेका छौं। पार्टीभित्रको आन्तरिक विवादले निर्वाचनलाई प्रभावित गर्दैन। पार्टी नयाँ शैली र जोसका साथ निर्वाचनमा होमिएको छ। वडा, पालिका, क्षेत्रीय चुनाव परिचालन समिति तयार गरी प्रशिक्षणका काम भइरहेको छ। पार्टीको घोषणापत्र आएलगत्तै हामी चुनावी घरदैलो सुरु गर्छौं। कांग्रेसको संगठन हरेक क्षेत्रमा बलियो छ। नयाँ पार्टीको हावाले कांग्रेसलाई कुनै प्रभाव पार्न सक्दैन।

एमालेलाई सामाजिक सञ्जालको हावाले फरक पार्दैन

● **भोला यादव**, एमाले धनुषा अध्यक्ष



चुनावी अभियान तीव्र बन्दै गएको छ। चारवटै क्षेत्रमा हाम्रा उम्मेदवारको अवस्था राम्रो छ। सामाजिक सञ्जालमा लागेको नयाँ पार्टीको हावाले राष्ट्रियता, लोकतन्त्रका लागि लडेको पार्टीलाई कुनै असर गर्दैन। पार्टी महाधिवेशनबाट नयाँ सोच, जोसका साथ चुनावी मैदानमा छ। जनयुद्धपछि माओवादीको, मधेश आन्दोलनपछि मधेशवादी दलको लहर चलेको थियो। तर, अहिले ती दलहरूको अवस्था कमजोर छ। एमालेलाई सामाजिक सञ्जालको नयाँ हावाले फरक पार्दैन।

विगतभन्दा राम्रो परिणाम आउने अपेक्षा छ


● **ललित मण्डल**, जसपा धनुषा उपाध्यक्ष



धनुषाका चारवटै क्षेत्रमा चुनावी तयारीमा जुटिसकेका छौं। वडादेखि बुथ परिचालन समिति बनाइसकेका छौं। मधेश संघीयताको भूमि हो। त्यसकारण मुलुकमा संघीयतालाई अगाडि बढाउने जसपा नेपालको यो निर्वाचनमा विगतमा भन्दा राम्रो परिणाम आउने अपेक्षा छ। जसपासँग लोसपा, तमलोपासहितका दल एकीकृत भएका छन्। जेन-जीहरूको असली पार्टी हाम्रो नै हो।

क्रेजलाई मतपेटिकामा राख्ने रणनीति छ

● **अम्बुप्रसाद साह**, रास्वपा मधेश उपसंगठन प्रमुख



अहिले मधेशमा रास्वपाको लहर छ। सामाजिक सञ्जालदेखि युवामा खासगरी हाम्रा वरिष्ठ नेता बालेनप्रति क्रेज छ। पहिलोपटक मधेशीमूलका व्यक्तिलाई रास्वपाले प्रधानमन्त्रीमा प्रस्ताव गरेपछि जनतामा उत्साह थपिएको छ। त्यही नै जितको पहिलो आधार हो। जनतामा रहेको क्रेजलाई मतपेटिकामा राख्न रणनीतिक हिसाबले चुनावी कार्यक्रम भइरहेको छ। पार्टीको संगठनलाई बलियो बनाउनदेखि बुथ कमिटी, चुनाव परिचालन समिति गठन गरिरहेका छौं।

कांग्रेसले सातै प्रदेशमा खटायो निर्वाचन कमान्डर

नयाँ पत्रिका

कांग्रेसले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई केन्द्रित गर्दै सातै प्रदेशमा केन्द्रीय प्रतिनिधि खटाएको छ। उपसभापति विश्वप्रकाश शर्माको नेतृत्वमा रहेको निर्वाचन परिचालन समितिले केन्द्रीय सदस्यलाई प्रतिनिधिका रूपमा खटाएको हो। चुनावी प्रतिस्पर्धामा पार्टीको अवस्था बुझेर रिपोर्ट बुझाउन परिचालन गर्न लागिएको छ।

प्रवक्ता देवराज चालिसेका अनुसार केन्द्रीय प्रतिनिधिले सम्बन्धित प्रदेशभित्र पर्ने जिल्लामा पार्टीको सांगठनिक अवस्था र परिचालनको स्थिति बुझ्ने र आवश्यकताअनुसार केन्द्रीय तहमा समन्वय गरी सहजीकरणको काम गर्नेछन्।

कोशीका ताप्लेजुङ, इलाम, पाँचथर र झापामा सहमहामन्त्री डा. डिला संग्रौलासहित निवर्तमान सहमहामन्त्री भीष्मराज आङ्देम्बे, सुधीरकुमार शिवाकोटी र सुरेश सुब्बालाई खटाइएको छ। त्यस्तै, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ र सुनसरीमा केन्द्रीय नेताहरू अमृत अर्याल, मीन विश्वकर्मा, तारामान गुरुङ र उमेशजंग रायमाझीलाई खटाइएको छ। केन्द्रीय नेताहरू वसन्त भट्टराई, नगेन्द्र कुमाल, प्रमिला राई र धर्म नेपाली दर्जीलाई सोलुखुम्बु, खोटाङ, ओखलढुंगा, उदयपुर, सिराहा र सप्तरीमा खटाइएको छ।



बागमतीको धादिङ, रसुवा, नुवाकोट र काठमाडौंमा बहादुरसिंह लामाको नेतृत्वमा डा. केदारनरसिंह केसी, राजेन्द्रकुमार केसी, प्रतिमा गौतम, जितनारायण श्रेष्ठ र डा. अमिता प्रधान खटिएका छन्। काभ्रेपलाञ्चोक, सिन्धुली, ललितपुर र मकवानपुरमा जिपछिरिङ लामा, हरिशरण नेपाली, उर्मिला थपलिया, उमा दाहाल र गीता सत्याललाई खटाइएको छ।

त्यस्तै, भक्तपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक र चितवनमा अर्जुननरसिंह केसी, दिलमान पाख्रिन, धना खतिवडा, मधुराप्रसाद घिमिरे र धर्मराज गौतमलाई खटाइएको छ।

गण्डकीको पर्वत, म्याग्दी, मुस्ताङ र बागलुङका लागि चिनकाजी श्रेष्ठ, मनकुमारी गुरुङ, कृष्णबहादुर केसी र चिनु पोखरेललाई खटाइएको छ। स्याङ्जा, कास्की, मनाङ र नवलपुरमा ध्रुव वाग्ले, जगदीशचन्द्र उपाध्याय, मनकुमारी गुरुङ, किरणराज शर्मा पौडेल खटिएका छन्। यस्तै गोरखा, लमजुङ र तनहुँका लागि अब्दुल सत्तार, रेशम बानियाँ, शारदा पौडेल र सरस्वती अर्याल तिवारीलाई पठाइएको छ।

त्यस्तै, लुम्बिनीको रुपन्देही, पाल्पा, नवलपरासी र गुल्मीमा डा. गोपाल दहित, गहेन्द्र गिरी, प्रदीप शर्मा र राजेन्द्रगोपाल सिंहलाई खटाइएको छ। त्यस्तै, कपिलवस्तु, अर्घाखाँची, रूकुम पूर्व, प्युठान र रोल्पाका लागि कृष्णकिशोर घिमिरे, मैकुलाल वाल्मीकि, छन्दबहादुर पहराई र केशव आचार्य खटिएका छन्। दाङ, बाँके र बर्दियाका लागि चन्द्रबहादुर केसी, कमलप्रसाद भुसाल, राधेश्याम पाठक र रंगमती शाही खटिएका छन्।

सुदूरपश्चिमको कञ्चनपुर, बैतडी, दार्चुला र बझाङमा हिमबहादुर रावल, निपा चोख्याल र विद्यादेवी तिमिल्सिना, कैलाली र डडेल्धुरामा जगतप्रसाद जोशी, सुनिता राना, डा. रणबहादुर रावल र नृपबहादुर वडलाई खटाइएको छ। त्यस्तै, डोटी, अछाम र बाजुराका लागि नरेन्द्र भट्ट, सम्झना खत्री र सुशीला मिश्र भट्टलाई खटाइएको छ।

सिराहा प्रादेशिक अस्पतालका १० कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा

लहानमा मणिलाल विश्वकर्मा

सिराहास्थित प्रादेशिक अस्पतालमा मिलेमतोमा भर्ना गरिएका करारका कर्मचारीले राजस्व हिनामिना गरेको पाइएपछि अस्पतालका दुईजना पूर्वप्रमुखसहित १० जनाविरुद्ध मंगलबार भ्रष्टाचार मुद्दा दायर भएको छ। ३८ लाख ७७ हजार हिनामिना गरेको आरोपसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो।

आयोगले अस्पतालका तत्कालीन प्रमुखहरू डा. नागेन्द्रप्रसाद यादव, डा. सरोज यादवसमेतले बिलिङ काउन्टरबाट संकलन भएको रकम कुन कर्मचारीले कति रकम संकलन गरे भन्ने सफ्टवेयरबाट नै हेर्न पाउने अधिकार हुँदाहुँदै बदनियत राखी अस्पताललाई हानि-नोक्सानी पुऱ्याएको र दुरुपयोग गरेको जनाएको छ। आयोगले दुई पूर्वप्रमुखसहित तत्कालीन प्रशासन प्रमुख अशोककुमार सिंह, तत्कालीन लेखा प्रमुख अशोककुमार यादव, अहेव श्यामकुमार मण्डल, सहायक कम्प्युटर अपरेटरहरू सरस्वतीकुमारी यादव, पूजाकुमारी यादव, रोशनकुमार यादव, अजयकुमार मण्डल र तत्कालीन लेखा प्रमुख रत्नप्रसाद मण्डलकी श्रीमती मुस्कान कुमारी मण्डललाई प्रतिवादी बनाएर आरोप पत्र दायर गरेको विज्ञप्तिमार्फत जनाएको छ।

०८०/८१ मा अस्पतालको बिलिङ काउन्टरहरूबाट संकलन गरिएको तीन करोड ८७ लाख ६६ हजा ९७४ रुपैयाँ ८३ पैसा जम्मा हुनुपर्ने देखिएकामा अस्पतालको अभिलेख विवरणअनुसार तीन करोड ४८ लाख ८९ हजार २५० रुपैयाँ मात्र दाखिला गरी बाँकी रकम दाखिला नगरी हानि-नोक्सानी तथा दुरुपयोग गरेको आरोप पत्रमा उल्लेख छ।

बिलिङ काउन्टरमा कार्यरत अहेव श्यामकुमार मण्डलले बिलिङ सफ्टवेयर अभिलेखअनुसार ७० लाख ३७ हजार ३४७ रुपैयाँ आम्दानी गरेकामा २५ लाख ४७ हजार ४१७ रुपैयाँ दाखिला नगरेको, सहायक कम्प्युटर अपरेटर रोशनकुमार यादवले बिलिङ सफ्टवेयर अभिलेखअनुसार ६७ लाख १९ हजार ४३ रुपैयाँ आम्दानीमध्ये एक लाख ६४ हजार ६५९ रुपैयाँ दाखिला नगरेको आरोपपत्रमा उल्लेख छ।

सप्तरी कारागारभित्र भेटियो लागुऔषध

राजविराज/ सप्तरी सदरमुकाम राजविराजस्थित कारागारको 'ए' ब्लकबाट मंगलबार लागुऔषध गाँजा र मोबाइल फोन फेला परेको छ। प्रशासनले गरेको विशेष चेकजाँचका क्रममा कागागारभित्र एउटा मोबाइल फोन, खैनीको प्याकेटभित्र लुकाएर राखिएको गाँजा तथा गाँजा सेवन गर्न प्रयोग हुने चिलिम बरामद भएको हो।

सप्तरी जिल्ला कारागार प्रमुख रूपक मण्डलका अनुसार चोरी, हातहतियार तथा लागुऔषध ओसारपसारसम्बन्धी मुद्दामा चार वर्षको सजाय भोगिरहेका महदेवा गाउँपालिका- १ का सुमित मण्डल, कर्तव्य ज्यान मुद्दामा तीन वर्ष चार महिना कैद काटिरहेका राजविराज नगरपालिका- ६ का सुरज राउत र ठगी तथा नागरिकता कसुर मुद्दामा थुनामा रहेका राजविराज नगरपालिका- ५ का अभिषेक मण्डलको साथबाट लागुऔषध र फोन फेला परेको हो। तीनैजना कारागारको 'ए' ब्लकमा एउटै कोठामा बस्दै आएको र गाँजा कसरी भित्रियो भन्ने विषयमा अनुसन्धान भइरहेको उनले बताए। 'अनुसन्धान हुँदै छ, कसरी गाँजा भित्रियो भनेर छानबिन हुन्छ,' उनले भने।

SuryaJyoti
जीवनको लागि

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण।

कार्तिक १, २०८२ देखि पौष ३०, २०८२ को विवरण:

१	निकायको स्वरुप र प्रकृति :	कम्पनी ऐन २०६३ बमोजिम स्थापना भइ बीमा ऐन २०७९ बमोजिम जीवन बीमा व्यवसाय गर्ने नेपाल बीमा प्राधिकरणबाट बीमकको इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनी।
२	निकायको काम,कर्तब्य र अधिकार :	कम्पनी ऐन २०६३, बीमा ऐन २०७९, धितोपत्र ऐन २०६३, बीमा नियमावली २०८१ तथा प्रचलित ऐन, कानून, नियम बमोजिमका काम कर्तब्य र अधिकारहरु रहेका छन्।
३	निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :	यस कम्पनीमा २०८२ पौष मसान्त सम्ममा विभिन्न तह तथा पदमा कुल ५८९ जना कर्मचारीहरू कार्यरत रहेका छन्। ति कर्मचारीहरुले केन्द्रिय कार्यालय स्थित विभिन्न विभाग तथा प्रादेशिक/शाखा/उपशाखा कार्यालयहरू मातहत रहेर तोकिएका कार्यहरू सम्पादन गरिरहेका छन्।
४	निकायबाट प्रदान गरिने सेवा :	बीमा ऐन २०७९ बमोजिम जीवन बीमा कम्पनीले प्रदान गर्ने सम्पुर्ण सेवाहरू।
५	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :	यस कम्पनीको हाल सम्म केन्द्रिय कार्यालय र ७ वटा प्रादेशिक कार्यालय सहित जम्मा १७७ वटा शाखा/उपशाखा कार्यालयबाट सेवा प्रदान भै रहेको छ। केन्द्रिय कार्यालयमा हरेक विभागमा विभागिय प्रमुख, प्रादेशिक कार्यालयमा प्रदेश प्रमुख र शाखा/उपशाखा कार्यालयका प्रमुखहरूलाइ जिम्मेवार अधिकारीको रूपमा कार्य गर्ने व्यवस्था मिलाईएको छ। साथै सम्पुर्ण कार्यालयहरू रहेको स्थान, प्रमुखको नाम, सम्पर्क नं. र इमेल ठेगाना यस कम्पनीको वेब साईट www.suryajyotilife.com मा अद्यावधिक गरिएको छ।
६	सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:	नेपाल बीमा प्राधिकरणबाट स्वीकृति लिइ यस कम्पनीले जारी गरेका बीमा योजना तथा राइडर सुविधाहरूको लागि बीमित/प्रस्तावकको उमेर तथा पेशाको आधारमा अन्य जोखिम विश्लेषण गरि बीमाशुल्क दर तोकिएको छ र उक्त शुल्कको बारेमा मोबाइल एप तथा वेबसाइटबाट जानकारी लिन सकिनेछ। बीमालेख खरिदको लागि बीमित/प्रस्तावक बाट आवश्यक कागजातहरू प्राप्त भए पश्चात तत्कालै बीमालेख जारी गरिनेछ। दाबी भुक्तानीको लागि आवश्यक सम्पुर्ण कागजात प्राप्त भएको मितिले बीमा नियमावली २०८१ मा उल्लेखित म्याद भित्र भुक्तानी गरिने छ।
७	निर्णय गर्ने प्रक्रिया र अधिकारी:	बीमालेख जारी गर्ने तथा अन्य सेवा प्रदान गर्न आवश्यक निर्णय लिने सम्बन्धमा तहगत आधारमा कम्पनीका विभागिय प्रमुख लगायत अन्य अधिकारीहरूलाइ प्रत्यायोजित अख्तियारी भित्र रही निर्णय गर्न सक्ने व्यवस्था मिलाईएको छ। विषयबस्तु तथा कार्य प्रकृतिको आधारमा प्रमुख कार्यकारी अधिकृत तथा संचालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेको छ।
८	निर्णयउपर उजुरी सुन्ने अधिकारी:	निर्णयउपर चित्त नबुझी उजुरी गर्नु परेमा कम्पनीका गुनासो सुन्ने अधिकारी वा प्रमुख कार्यकारी अधिकृत समक्ष गुनासो तथा उजुरी दिन सकिनेछ।
९	सम्पादन गरेको कामको विवरण:	बीमा ऐन २०७९, बीमा नियमावली २०८१ एवं नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशिका तथा परिपत्र बमोजिम जीवन बीमा कम्पनीले गर्ने सबै कार्यहरू सम्पादन गर्ने गरिएको छ।
१०	सूचना अधिकारी र प्रमुखको नाम र पद:	सूचना अधिकारीको: नामः उमेश प्रसाद मैनाली पदः सहायक महाप्रबन्धक प्रमुखको: नामः प्रकाश विक्रम खत्री पदः प्रमुख कार्यकारी अधिकृत
११	ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:	बीमा ऐन २०७९, बीमा नियमावली २०८१, कम्पनी ऐन २०६३, धितोपत्र सम्बन्धी ऐन २०६३, मुलुकी देवानी संहिता २०७४, सम्पती शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन २०६४, सम्पती शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण नियमावली २०७३, आयकर ऐन २०५८, सुरक्षित कारोबार ऐन २०६३, श्रम ऐन २०७४, श्रम नियमावली २०७५, बोनस ऐन २०३०, सूचनाको हक सम्बन्धी ऐन २०६४ लगायत प्रचलित नेपाल कानुनहरू तथा उपर्युक्त ऐन नियम अन्तर्गत बनेका विनियम, निर्देशिका लगायत नेपाल बीमा प्राधिकरण तथा अन्य नियमनकारी निकायबाट जारी सम्पुर्ण निर्देशिकाहरू।
१२	आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:	कम्पनीको समग्र आर्थिक कारोबारको विवरण त्रैमासिक रूपमा राष्ट्रिय दैनिक पत्रिकामा प्रत्येक त्रयमास समाप्त भएको ३० दिन भित्रमा प्रकाशन गर्ने गरिएको र कम्पनीको वेबसाइटमा समेत राख्ने गरिएको छ। विस्तृत विवरण कम्पनीको वेब साइट www.suryajyotilife.com मा हेर्न सकिनेछ।
१३	तोकिए बमोजिमका अन्य विवरण:	नभएको।
१४	अघिल्लो आर्थिक वर्षमा निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:	कर्मचारी तालिम, सेमिनार तथा पुनर्ताजगि कार्यक्रम, अभिकर्ता तालिम तथा सेमिनार, शाखा कार्यालयहरूको प्रगति समिक्षा गोष्ठि लगायतका कार्यक्रमहरू गरिएको थियो।
१५	निकायको वेब साइट भए सो को विवरण:	www.suryajyotilife.com
१६	निकायले प्राप्त गरेको बैदेशिक सहयोग, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:	नभएको।
१७	सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:	कम्पनीले गरेका वार्षिक कार्यक्रम लगायत अन्य कार्यक्रमहरूको सम्बन्धमा समय समयमा संचार माध्यमहरूमा प्रेस विज्ञप्ती तथा सूचना जारी गर्ने गरिएको, समग्र कारोबारहरूको सम्बन्धमा वार्षिक प्रतिवेदन र त्रैमासिक वित्तीय विवरण वेबसाइटमा राख्ने गरिएको।
१८	सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:	नभएको।
१९	निकायको सूचनाहरु अन्य प्रकाशित भएका वा हुने भएको भए सोको विवरण:	कम्पनीको त्रैमासिक वित्तीय विवरण, वार्षिक साधारण सभा, अभिकर्ता तालिम कार्यक्रम लगायतका अन्य आवश्यक सूचनाहरू राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशन गर्ने गरिएको र उक्त विवरणहरू कम्पनीको वेबसाइट www.suryajyotilife.com मा समेत राख्ने गरिएको छ।

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९८१/८२
इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com

■ चुनावमा मात्र चर्चामा आउने नेपालकै विशाल बुद्धको मूर्ति

दमकमा १७ अर्बको बुद्ध मूर्ति बनाउने योजना एक करोड खर्चेपछि अलपत्र

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक नगरपालिका- ३ हम्सेदुम्सेमा बनाउने भनिएको नेपालकै विशाल बुद्धको मूर्ति चुनावी चर्चा मात्र बन्ने गरेको छ। १७ अर्ब लागतमा निर्माण गर्ने गरी एक दशक पहिले अघि सारिएको आयोजनामा एक करोड खर्च भइसकेको छ। तर, डिपिआर निर्माणलगायतका आधारभूत काम भए पनि त्यसपछि आयोजना अलपत्र छ।

सरकारले ०७२/७३ को नीति तथा कार्यक्रममा दमकमा नेपालकै विशाल बुद्धको मूर्ति निर्माण गर्ने योजना अघि सारेको थियो । कांग्रेस नेतृत्वमा रहेको एमालेसहितको गठबन्धन सरकारले एमाले अध्यक्ष केपी ओलीको जोडबलमा उनकै गृहनगरमा देशकै विशाल बुद्धको मूर्ति बनाउने योजना ल्याएपछि सधैँ चुनावी चर्चा बन्दै आएको छ।

हम्सेदुम्से सामुदायिक वन क्षेत्रको ३६ बिघा क्षेत्रफलमा बुद्धको मूर्ति निर्माण गर्ने तयारी थालियो। जसका लागि स्थानीयबाट सात बिघा जग्गा दमक नगरपालिकाको नाममा समेत आयो। हम्सेदुम्से सामुदायिक वन क्षेत्रको २० बिघा जग्गा भोगाधिकार दिन मन्त्रिपरिषद्ले सैद्धान्तिक सहमति पनि दियो। तर, प्रक्रिया अघि नबढ्दा भोगाधिकार भने आउन सकेन।

१६५ मिटर अग्लो विराट बुद्ध प्रतिमा बनाउन आर्थिक वर्ष ०७३/७४ मा संघ सरकार र दमक नगरपालिकाको संयुक्त लागतमा ३६ लाख ४५ हजारमा डिपिआरसमेत तयार भयो। बुद्धको मूर्तिसहितको पार्क निर्माणका लागि १७ अर्ब ९५ करोड ९५ लाख ६३ हजार २३७ रुपैयाँ लागत लाग्ने गरी डिपिआर तयार भयो। जग्गा भोगाधिकारको प्रक्रिया नै पूरा नभई आर्थिक वर्ष ०७६/७७ मा संघ सरकारको ६८ लाख ६५ हजार ५०४ रुपैयाँ लागतमा ३१० मिटर घेराबार गर्दै वाल निर्माणको काम पनि भयो। बुद्धको मूर्तिको नाममा हालसम्म डिपिआर र घेराबाराका लागि एक करोड पाँच लाख १० हजार ५०४ रुपैयाँ खर्च भइसकेको दमक नगरपालिकाले जनाएको छ। तर, यो योजना अहिलेसम्म अलपत्र बन्न पुगेको छ।

०७४ र ०७९ को निर्वाचनमा ओलीले यो योजनालाई नियमित चुनावी नारा बनाएका थिए। यसपटक भने ओलीको घोषणापत्र तयार भएको छैन। तर, निर्वाचन आएसँगै एमाले नेताहरूले फेरि यो बुद्धको मूर्तिलाई चर्चामा ल्याएका छन्। खुला ध्यान केन्द्र, संग्रहालय, पुस्तकालय, सभाकक्ष, उद्यानसहितको नेपालकै विशाल बुद्धको मूर्ति बनाउने योजना अहिले अलपत्र छ। यसअघिका हरेक निर्वाचनमा उम्मेदवारले यो योजना पूरा गर्ने भनेर भोट मागेको बुद्धको मूर्ति बन्न ठाउँअगाडिकी सुकुमवासी कञ्चन सार्कीले बताइन्। तर, एक दशकदेखि चर्चामा रहे पनि काम नहुँदा अलपत्र बनेको उनको भनाइ छ। 'चुनावका वेला बुद्धको मूर्ति बनेपछि यहाँको ठाउँ नै परिवर्तन हुन्छ, विश्वका मान्छे यहाँ आउँदा स्थानीयले रोजगारी पाउँछन् भनेर नेता आउँछन्,' उनले भनिन्, 'यसरी चर्चा भएको पनि दश वर्ष भयो, तर अहिलेसम्म केही भएन। यो वाल लगाएर हात्तीचाहिँ सीधै आउँदैन। बाँकी केही भएन।'




बुद्धको मूर्ति बनाउने भनिएको दमक- ३ स्थित हम्सेदुम्से सामुदायिक वनमा गरिएको घेराबारा।

बुद्धको मूर्ति बनाउने भनिएको स्थाननजिकै ऐलानी जग्गामा बसोबास गर्ने अम्बिका तामाङलाई पनि अब यो योजना बन्ने आशा छैन। बुद्धको मूर्ति बनाउने योजना चुनावी नाराबाहेक केही पनि नभएको उनको भनाइ छ। 'बुद्धको मूर्ति बनाउँछौं भनेको त धेरै वर्ष भयो। तर, अहिलेसम्म बनेको छैन। चुनावमा त बनाउँछौं भन्छन्, त्यसपछि फर्केर आउँदैनन्। जग्गा किनबेच भयो। जग्गा भएकाले केही राम्रो भाउ पाए। त्यहाँभन्दा केही भएन,' उनले भनिन्।

दमककी उपमेयर भट्टराई भन्छिन्

स्रोतको सुनिश्चितता नहुँदा आयोजना अघि बढेन



सरकारको नीति तथा कार्यक्रममा परेर योजना अघि बढे पनि स्रोत सुनिश्चितता नहुँदा आयोजना अघि बढाउन नसकिएको दमक नगरपालिकाकी उपमेयर रेगिना भट्टराईले बताइन्। संघीय सरकारले बजेट विनियोजन नगर्दा योजना अलपत्र बनेको उनको भनाइ छ। यो योजना दमक नगरपालिकाले अघि बढाउन नसक्ने उनी बताउँछिन्।

'चुनावी नाराले मात्र र हल्लाखल्ला गरेर मात्र योजना सम्पन्न हुँदैन, त्यसका लागि बजेट आउनुपर्छ। निर्वाचनका वेला चर्चा हुन्छ, तर बजेट आउँदैन। यस्ता योजना चुनावी नारा मात्र हुनुहुँदैन,' भट्टराईले भनिन्, 'दमकमा अन्य ठुला आयोजना पनि छन्। तर, निर्माण सम्पन्न हुँदा पनि सञ्चालनमा आउन सकेको छैन। अब यस्ता पूर्वाधारभन्दा पनि सरकारले मानव संसाधनको विकासमा जोड दिनुपर्छ। शिक्षा-स्वास्थ्यमा जोड दिनुपर्छ। बुद्धको मूर्ति बनाउने योजना स्वास्थ्यमा ल्याउन हो भने झापाका नागरिक बाहिर उपचार गर्न जानुपर्दैन। शिक्षामा लगानी गर्दा चेतनास्तरको विकास हुन्छ।'

कस्तो निर्वाचन ?

स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचनविना केवल आवधिक निर्वाचन सम्पन्न हुनुले मात्र लोकतन्त्र सुदृढ र सफल बन्न सक्दैन



● डा. प्रेमराज सिलवाल

अग्रलेख

निर्वाचन लोकमत मापन गर्ने वैधानिक लोकतान्त्रिक विधि हो । लोकतन्त्रमा नागरिकले अभ्यास गर्ने सार्वभौम अधिकार तथा राजनीतिक भूमिकामार्फत आफू स्वयं चुनिने वा आफूले आफ्ना प्रतिनिधिको छनोट गर्न पाउने अधिकार संवैधानिक तथा कानुनी रूपमा प्रस्ट गरिएका हुन्छन् । लोकतान्त्रिक मुलुकको शासन सत्तामा जनता सहभागी भएर शासन गर्ने व्यवस्था निर्वाचनका माध्यमबाट गरिने भएकाले यसलाई जनताद्वारा जनताले जनताका लागि शासन गर्ने प्रणालीसमेत भन्ने गरिएको हो । निर्वाचनका विभिन्न प्रणाली विश्वमा अभ्यासमा रहेका देखिन्छन् । पहिलो हुने निर्वाचित हुने प्रणाली विश्वमा ८७ मुलुकमा लागू गरिएका छन् । समानुपातिक प्रणाली ८० मुलुकमा अभ्यासमा रहेको देखिन्छ । समानुपातिक प्रणालीमा पनि विभिन्न नमुना र अभ्यास देखिन्छन् । समानुपातिकमा सिट प्राप्त गर्न नेपालमा प्रतिनिधिसभातर्फ कुल सदर मतको तीन प्रतिशत मत ल्याउनैपर्ने व्यवस्था छ भने प्रदेश सभातर्फ १.५ प्रतिशतको 'थ्रेसहोल्ड' छ । विश्वमा १२ प्रतिशतसम्म थ्रेसहोल्ड राखिएका छन् । जर्मनीमा समानुपातिकमा सिट पाउन प्रत्यक्षतर्फ न्यूनतम एकजना र कुल सदर मतको पाँच प्रतिशत ल्याउनुपर्ने कानुनी व्यवस्था छ ।

विश्व इतिहासमा इटलीको रोममा इसाको १३औँ शताब्दीतिर रोमन सम्राट्को निर्वाचन भयो । निर्वाचित राजालाई पोप सम्राट्ले शिरमा श्रीपेच लगाइदिन्थे । पहिलो आधुनिक निर्वाचनका रूपमा प्रथम अमेरिकी राष्ट्रपतिको निर्वाचनलाई लिइन्छ । सन् १७८८-८९ मा भएको निर्वाचनले सन् १७८८ मा बनेको अमेरिकी संविधानलाई अनुमोदन गऱ्यो । 'एक व्यक्ति एक भोट'को सिद्धान्तलाई उक्त अमेरिकी निर्वाचनपछि विश्वभर निर्वाचनसम्बन्धी सिद्धान्तको रूपमा लिने गरिएको छ । निर्वाचक मण्डलमार्फत निर्वाचन गर्ने प्रणाली जर्मनीबाट थालियो । नेपालमा राष्ट्रपति, उपराष्ट्रपति र राष्ट्रिय सभाका ५६ जनाको निर्वाचन यस्तै निर्वाचक मण्डलबाट चयन गर्ने गरिएको छ ।

आवधिक निर्वाचन, समान मताधिकार, लोकतन्त्रमा प्रत्येक नागरिक कानुनअनुसार निर्वाचनमा 'चुन्न र चुनिन पाउने', गोप्य मतदान हुने, प्रत्येक मतको गणना र अर्थ हुने, राजनीतिक विचारधारा, राजनीतिक दलमार्फत आफूलाई प्रस्तुत गर्न पाउने, राजनीतिक विचार र संगठनको स्वतन्त्रता, नागरिक सरोकारका मुद्दा उठाउन र बोल्न पाउने अधिकार एवं अवसरका रूपमा निर्वाचनलाई विश्लेषण गरिँदै आएको छ । मानव अधिकारको विश्वव्यापी घोषणा (सन् १९४८) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (सन् १९६६) ले नागरिकको राजनीतिक र वैचारिक स्वतन्त्रता एवं राजनीतिक अधिकारलाई मानव अधिकार मानिएको छ । नेपालको संविधानमा समेत नागरिकका मौलिक हकअन्तर्गत राजनीतिक तथा वैचारिक स्वतन्त्रताको पूर्णतः सुरक्षा गरिएको छ ।

लोकतन्त्रमा स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित, नागरिकको पूर्ण सहभागिता सुनिश्चित भएको आवधिक निर्वाचनलाई अनिवार्य सर्त मानिएको छ । लोकतान्त्रिक प्रणालीको संरचनात्मक, संस्थागत र विधिसम्मत विकासमा आवधिक निर्वाचनले सहयोग गर्ने भए पनि स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचनविना केवल आवधिक निर्वाचन सम्पन्न हुनुले मात्र लोकतन्त्र सुदृढ र सफल बन्ने होइन । सन् २०२५ अघि बंगलादेशमा प्रधानमन्त्री सेख हसिनाले १५ वर्षसम्म गराउँदै आएकोजस्तो निर्वाचन, नेपालमा पञ्चायत कालमा हुने गरेका निर्दलीय चुनाव र तत्कालीन राजा ज्ञानेन्द्रले गरेको नगर निर्वाचन आदिले नागरिकको अपनत्व पाउन सकेन । चुनावलाई 'नागरिकको आफ्नो चाडपर्वजस्तो' बनाउन सकेमा मात्र त्यसले सार्थकता पाउन सक्छ । निर्वाचन सार्थक र अर्थपूर्ण बनाउन नागरिक सचेत, सूचित र शिक्षित हुनुपर्छ । ग्रिक दार्शनिक प्लेटोले शिक्षित र सम्पन्नलाई मतको अधिकार हुने भनेका थिए । दास, सम्पत्तिहीन र अशिक्षितलाई मतको अधिकार दिन आवश्यक नहुने उनको मत थियो । विश्वमा महिलालाई मतको अधिकार उन्नाइसौँ शताब्दीबाट दिएको पाइन्छ । अमेरिकामा सन् १८६९ बाट मात्र महिलालाई मतको अधिकार दिइयो । राष्ट्रिय निर्वाचनमा महिलालाई सर्वप्रथम भोटको अधिकार दिने मुलुक न्युजिल्यान्ड हो । जहाँ सन् १८९३ मा महिलालाई मतको अधिकार दिइयो ।



नेपालमा २०१५ साल फागुन ७ देखि वैशाख २१ गतेसम्म नेपालमा बालिग मताधिकारका आधारमा निर्वाचन सम्पन्न भयो । जसमा नौवटा राजनीतिक दलले भाग लिए । नेपाली कांग्रेसले १०९ सिटमध्ये ७४ सिट जित्यो । नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री हुनुभयो । डडेल्धुराबाट निर्वाचित द्वारिकादेवी ठकुरानी पहिलो निर्वाचित महिला सांसद र मन्त्रीसमेत बन्नुभयो । ०३६ सालमा भएको पञ्चायती शासनविरोधी विद्यार्थी आन्दोलनपछि ०३७ साल वैशाख २० गते राष्ट्रिय जनमत संग्रह गरियो । ०१७ साल पुस १ गतेदेखि लागू भएको पञ्चायती एकदलीय व्यवस्था २०४६ साल चैत २६ गतेसम्म चल्यो ।

> फागुनको प्रतिनिधिसभा निर्वाचनलाई अर्को एक थान निर्वाचन मात्र हो भन्ने ढंगले बुझ्नुहुँदैन । नेपालको राजनीतिक, सामाजिक, कानुनी र आर्थिक परिवर्तनमा यसले ठुलो भूमिका खेल्न सक्छ ।

०४६ सालमा भएको राजनीतिक परिवर्तनपछि नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । २०५ सदस्यीय प्रतिनिधिसभाको प्रबन्ध संविधानले गऱ्यो । ०४८ साल वैशाख २९ गते बहुदलीय व्यवस्थाअन्तर्गतको पहिलो प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो । प्रजातन्त्र पुनर्स्थापनापछि सम्पन्न निर्वाचनमा कांग्रेसले ११० सिटमा विजय हासिल गऱ्यो । नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले ६९ सिट जित्यो । ०४९ साल जेठ १५ र १८ गते स्थानीय निर्वाचन सम्पन्न भयो । ०५१ साल कात्तिक २९ गते दोस्रो प्रतिनिधिसभाको मध्यावधि निर्वाचन गरियो । एमाले ८८ सिटसहित एमाले पहिलो र ८३ सिटसहित नेपाली कांग्रेस दोस्रो स्थानमा रहे । ०५४ साल जेठ ४ तथा जेठ १३ मा गाउँ विकास समिति र नगरपालिकाको निर्वाचन गरियो । २०५६ साल वैशाख २० र जेठ ३ मा नेपालमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो । ०५२ साल फागुन १ गतेदेखि नेकपा माओवादी पार्टीले सशस्त्र युद्ध सुरु गरेपछि द्वन्द्वको बिचमै पनि चुनाव सम्पन्न भयो । ०५६ सालको निर्वाचनमा पुनः कांग्रेसले १११ सिट जित्यो । एमाले ७१ सिटसहित प्रमुख प्रतिपक्षी दल बन्यो । ०५८ साल जेठ १९ मा राजपरिवारको हत्यापछि ०५८ साल असोज १८ मा तत्कालीन राजा ज्ञानेन्द्रले निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्थ गरेपछि ०६२ साल माघ २६ गते राजा ज्ञानेन्द्रको नेतृत्वको सरकारले नगरपालिकाको निर्वाचन गरायो । दलहरूले बहिष्कार गरेपछि त्यसले सामाजिक र राजनीतिक वैधता पाउन सकेन ।

दोस्रो जनआन्दोलनपछि २०६३ साल वैशाख ११ गते विघटित प्रतिनिधिसभाको पुनर्स्थापना भयो । संसद्ले नेपालको अन्तरिम संविधान, २०६३ जारी गऱ्यो । निर्वाचित संविधानसभामार्फत संविधान निर्माण गर्न ०६४ साल चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन भयो । चुनावमा कुल २२० सिटमा विजयी भएर ६०१ सदस्यीय संविधानसभामा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सबैभन्दा ठुलो दल बन्यो । कांग्रेस कुल ११० तथा नेकपा एमाले १०३ सिटमा विजयी भए । ०७० साल मंसिर ४ गते अर्को संविधानसभाको निर्वाचन भयो । त्यसमा चाहिँ नेपाली कांग्रेसले कुल १९६, नेकपा एमाले १७५ र माओवादी ८० सिटमा विजयी भए । ०६४ सालमा २६ वटा राजनीतिक दलको संसद्मा उपस्थिति रहेकोमा ०७० सालमा ३१ वटा दल (स्वतन्त्रसहित) को प्रतिनिधित्व रह्यो ।

०७२ साल असोज ३ गते निर्वाचित संविधानसभाले संविधान घोषणा गरी लागू गरेपछि भएको पहिलो निर्वाचन ०७४ साल वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा संविधानअनुसारका स्थानीय तहका निर्वाचन सम्पन्न भएका थिए । उक्त निर्वाचनमा १४ हजार ९९ निर्वाचित प्रतिनिधि संख्यासहित मुलुकभरमा एमाले शक्तिशाली बन्यो । दोस्रो र तेस्रोमा क्रमशः नेपाली कांग्रेस र माओवादी रहे । ०७४ मंसिर १० र २१ गते दुई चरणमा प्रतिनिधिसभाको निर्वाचन गरियो । २७५ सदस्यीय उक्त प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिक गरी एमालेले कुल १२१ सिट जित्यो । नेपाली कांग्रेस ६३ र माओवादी ४३ सिटमा विजयी भए । त्यसपछि विभिन्न मितिमा प्रदेश सभाका निर्वाचन सम्पन्न भएका थिए । ०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन गरियो । ०७९ मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भयो । प्रतिनिधिसभातर्फ (प्रत्यक्ष र समानुपातिक दुवैमा) नेपाली कांग्रेस ८८ सिटसहित पहिलो, ७८ सिटसहित एमाले दोस्रो, ५४ सिटसहित माओवादी तेस्रो र २१ सिटसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चौथो ठुलो दलका रूपमा संसद्मा निर्वाचित भए । संसद्मा कुनै एउटा दल र गठबन्धन समूहको प्रस्ट बहुमत नहुँदा सरकार संविधानको धारा ७६ (२) अनुसार दुईभन्दा बढी दलको बनाउनुपर्ने बाध्यताको चक्रव्यूहले ०८२ साल भदौ २३-२४ को अवस्थासम्म ल्यायो । भदौमा भएको जेन-जी आन्दोलनपछि देश ०८२ साल फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा होमियो । मुलुकले विभिन्न कालखण्ड र राजनीतिक व्यवस्थाअन्तर्गत अनेक निर्वाचन गराउँदै आएको छ । फागुनको प्रतिनिधिसभा निर्वाचनलाई अर्को एक थान निर्वाचन मात्र हो भन्ने ढंगले बुझ्नुहुँदैन । नेपालको राजनीतिक, सामाजिक, कानुनी र आर्थिक परिवर्तनमा यस निर्वाचनले ठुलो भूमिका खेल्न सक्छ । त्यसैले, आगामी निर्वाचनलाई सफल पार्ने कार्यमा सहयोगी भूमिका खेल्न आममतदाता सचेत र गम्भीर बन्नुपर्ने अवस्था छ ।

(डा. सिलवाल अधिवक्ता हुन्)

३ प्रश्न

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष **कमलेश अग्रवाल**लाई



यसअघिका निर्वाचनमा दलहरूले घोषणापत्रमा निजी क्षेत्रलाई कति प्राथमिकता दिएको पाउनुहुन्थ्यो ?

विगतमा दलहरूले ल्याएका घोषणापत्रमा जेजस्ता विषय समेटिए, तिनले सपना ठुला देखाए । सुन्दा या पढ्दा राम्रा लाग्ने र आशा जगाउने विषय समेटे । तर, तिनलाई कार्यान्वयन कसरी गर्ने भन्ने कुनै योजना दिन सकेनन् । त्यसैले, ती कार्यान्वयन हुनै सकेनन् ।

यसअघिका सरकारले निजी क्षेत्रलाई अघि बढाउन केही गरेनन् त ?

यसअघिका सरकारले केही गरेनन् भन्न त नमिल्ला । उच्चस्तरीय आर्थिक सुधार आयोग बनाएर देशको अर्थतन्त्र सुधारका लागि सुझाव प्रतिवेदन तयार गरिएको छ । त्यसलाई कार्यान्वयन गर्न सकियो भने पनि निजी क्षेत्रका लागि ठुलै उपलब्धि हुन सक्छ ।

आगामी निर्वाचनका लागि ल्याइने घोषणापत्रमा निजी क्षेत्रका अपेक्षा कस्ता छन् ?

नेपाल प्रचुर सम्भावना भएको र युवा जनशक्ति पर्याप्त भएको मुलुक हो । तर, ती सम्भावनाको सदुपयोग गर्दै युवालाई लक्षित गरी रोजगारी सिर्जना हुन सकेन । परिणामतः समाजमा गुम्सिएर बसेको असन्तुष्टि विस्फोट हुँदा जेन-जी आन्दोलन भयो । आन्दोलनले सुशासन, भ्रष्टाचारको अन्त्य र रोजगारीको माग गरेको थियो । त्यसैले, दलहरूले आगामी निर्वाचनका लागि ल्याउने घोषणापत्र वास्तविकतामा आधारित हुनुपर्छ । त्यसले, लगानीमैत्री वातावरण निर्माणमा जोड दिनुपर्छ । साथै, सुरक्षाको पूर्ण प्रत्याभूति गराउन सक्नुपर्छ । राजनीतिक स्थायित्वविनाको आर्थिक समृद्धि कल्पनामा मात्र सीमित हुन्छ । राजनीतिक स्थायित्व भएमा मात्र अर्थनीतिको पनि स्थायित्व सम्भव हुन्छ । स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्ने लगानीमैत्री ऐन, कानुनको आवश्यकता छ । जबसम्म 'इजी इन्ट्री', 'इजी एक्जिट र' 'इजी प्रफिट रिप्याट्रिएसन'को सुनिश्चितता हुँदैन, विदेशी लगानी आकर्षित हुन सक्दैन । त्यसैले, दलहरूले ल्याउने घोषणापत्र 'टाइम बाउन्ड एक्सन प्लान'सहित आउनुपर्छ । सपना ठुला देखाएर कार्यान्वयन हुन नसक्ने घोषणापत्र ल्याउनुको अर्थ छैन । त्यसैले, रियलिस्टिक घोषणापत्र आजको आवश्यकता हो ।

प्रेरक प्रसंग

जिब्रोको शक्ति

दासप्रथाका दिनमा एक मालिकसँग अनेकौँ दास हुन्थे । तिनैमध्ये एक दास थिए लुकमान । एक मामुली दास भए पनि लुकमान निकै बुद्धिमान् थिए । जसले गर्दा उनको नाम दूरदराजका बस्तीसम्म फैलिएको थियो । आफ्ना दासको ख्यातिबारे उनका मालिकले पनि सुनेका थिए ।



एक दिन मालिकले लुकमानलाई बोलाएर भने- तिमी निकै बुद्धिमान छौ भन्ने मैले सुनिरहेको छु । म तिमीलाई एउटा काम दिन्छु । तिमीले त्यसमा आफ्नो बुद्धिमत्ता सिद्ध गर्न सक्यौ भने म तिमीलाई यो दास जीवनबाट मुक्ति दिनेछु । अब तिमी जाऊ र हाम्रो बाख्रा फर्ममा मरेको कुनै बोका या बाख्रालाई काटेर त्यसको शरीरको सबैभन्दा असल भाग लिएर आऊ ।

लुकमानले आदेशको पालना गरे र मरेको बाख्राको जिब्रो निकालेर मालिकको अगाडि राखिदिए । मालिकले जिब्रो असल हुनुको कारण सोधे । लुकमानले भने- शरीरको सबैभन्दा असल भाग जिब्रो नै हो । जिब्रो असल भए बाँकी भाग सबै असल नै असल लाग्छन् ।

मालिकले भने- ठिकै छ । अब जाऊ र सबैभन्दा खराब भाग लिएर आऊ । लुकमान बाहिर गएर तुरुन्तै फर्किए र सोही जिब्रो मालिकको हातमा राखिदिए । फेरि पनि मालिकले कारण सोधे । लुकमानले भने- मालिक, बोल्ने क्षमता सबैसँग हुन्छ । तर, बोल्न कसैकसैले मात्र जानेका हुन्छन् । के बोल्ने, कहिले बोल्ने, कस्ता शब्द प्रयोग गर्नेजस्ता कला कमैले मात्र जानेका हुन्छन् । जिब्रोले गर्दा नै संसारमा ठुल्ठुला युद्ध भएका छन् र जिब्रोकै कारण रोकिएका पनि छन् । जिब्रो तीन इन्चको त्यो हतियार हो, जसले ६ फिट अग्लो मान्छेलाई सजिलै मार्न पनि सक्छ र मरेको मान्छेमा प्राण भर्न पनि सक्छ । जिब्रोको सदुपयोगबाट यही धर्तीलाई स्वर्ग बनाउन सकिन्छ भने दुरुपयोगबाट नर्क बनाउन । जिब्रोकै गलत प्रयोगका कारण महाभारत युद्ध भएको थियो ।

आफ्ना दासबाट यति गज्जबको शिक्षा पाएपछि मालिक निकै खुसी भए र उनले दास लुकमानलाई तत्काल दासत्वबाट मुक्त गरी स्वतन्त्र गरिदिए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

डायलाइसिस सुविधा बढाऊ

सेतीमा डायलाइसिस गराउन बिरामीलाई पालो पाउनै मुस्किल पर्ने गरेको समाचार पढियो । यो देशमा गरिब जनताले पाउने सुविधा लिन जहाँ पनि मुस्किल छ । निजी अस्पतालमा गएर त्यस्तो सुविधा लिन नसक्ने अवस्थाका बिरामीका लागि सरकारी अस्पताल धाउनु र उसले दिने पालो कुर्नुको विकल्प छैन । तर, डायलाइसिसजस्तो गम्भीर प्रकृतिको सेवा लिन पनि लामो लाममा बस्नुपर्ने या सुविधा नै नपाउने अवस्था हुनु भनेको चिन्ताको विषय हो । त्यसैले डायलाइसिस सुविधा बढाऊ र बढीभन्दा बढी सेवाग्राहीलाई सुविधा देऊ ।

■ **गोपी नेपाली**, अत्तरिया, धनगढी

फेरि कहिल्यै यस्तो नहोस्

ज्ञानको मन्दिर विद्यालयभित्रै जातीय विभेद हुन्छ र त्यो पनि प्रधानाध्यापिकाबाट शिक्षिकामाथि विभेद भएको भन्ने समाचार पत्याउन सायद जोकोहीलाई सकस नै भयो होला । तर, अदालतबाट जातीय विभेद गर्ने प्रधानाध्यापकलाई जेल सजायसमेत भइसकेको समाचार पढेपछि भने पत्याउन कसै लाग्छ । विद्यालय भनेको बालबालिकालाई ज्ञानगुनका कुरा सिकाउने ज्ञानको मन्दिर हो । सोही मन्दिरभित्र यसरी एउटी शिक्षिकाले नै विभेदको सामना गर्नुपर्छ भने अन्यत्र यस्तो विभेद कसरी अन्त्य होला ?

■ **सुस्मिता तामाङ**, क्षेत्रपाटी, काठमाडौं

ग्यासको विकल्प रोजौं

यतिखेर बजारमा ग्यासको अभाव देखिएको छ । यो अभाव स्वाभाविकभन्दा पनि कृत्रिमजस्तो लाग्दै छ । सायद व्यवसायीको कुनै स्वार्थपूर्ति गर्नुपर्ने भएकाले उनीहरूले ग्यासको कृत्रिम अभाव गराएका पनि हुन सक्छन् । यस्तोमा अब हामीले ग्यासको विकल्पमा विद्युतीय चुलोको प्रयोग बढाउनु जरुरी छ । बिजुलीको खपत बढाउन सकियो भने त्यसबापत हामीले तिर्ने रकम स्वदेशमै रहन्छ । यहींको बजार चलायमान हुन्छ र त्यसले यहींको विकास, निर्माणमा योगदान पुऱ्याउन सक्छ ।

■ **सुरजमणि पण्डित**, नारायणगढ, चितवन

इपिएसभित्रका व्यावहारिक समस्या

नेपाली युवाका लागि कोरियाको इपिएस प्रणालीलाई तुलनात्मक रूपमा सफल मानिन्छ । तैपनि, यसभित्र व्यावहारिक समस्या भने नभएका होइनन् । कोरियाली पक्षले इपिएस प्रणालीमा नेपालका लागि मात्र परिवर्तन गर्न नसकिने स्पष्ट पारेको छ । साथै, भाषा परीक्षा उत्तीर्ण गरेपछि दुई वर्षभित्र कोरिया प्रवेश गर्नैपर्ने र म्याद थप नहुने व्यवस्था धेरै नेपाली श्रमिकका लागि अव्यावहारिक बनेको छ । प्रशासनिक ढिलाइ, स्वास्थ्य समस्या वा पारिवारिक कारणले गर्दा धेरै श्रमिक यो समयसीमा पूरा गर्न असमर्थ हुन्छन् ।

यस्ता विवादबिच नेपाल सरकारले समस्या समाधानका लागि उच्चस्तरीय टोली विदेश पठाउने घोषणा पनि गर्छ । तर, विगतका यस्ता भ्रमणले कति ठोस परिणाम दिए भन्ने प्रश्न उठछ । यदि भ्रमणपछि पनि नीतिगत सुधार र कार्यान्वयन देखिँदैन भने यस्ता प्रयास औपचारिकतामा मात्र सीमित हुने जोखिम रहन्छ । वैदेशिक रोजगारी नीतिको मुख्य कमजोरी निरन्तरताको अभाव हो । सरकार परिवर्तनसँगै प्राथमिकता फेरिन्छ, कर्मचारी सरुवासँगै फाइल हराउँछ र श्रमिकका मुद्दा पछाडि पर्छन् । वैदेशिक रोजगारीलाई अल्पकालीन राजनीतिक उपलब्धिका रूपमा होइन, दीर्घकालीन राष्ट्रिय नीतिका रूपमा हेर्नु आजको आवश्यकता हो ।

अब सरकारसँग स्पष्ट जवाफ अपेक्षित छ- के वैदेशिक रोजगारी नीति श्रमिकको हितमा केन्द्रित छ ? कि केवल रेमिट्यान्समा आधारित अर्थतन्त्र धान्ने साधन मात्र बनिरहेको छ यो ? श्रमिकको सुरक्षा, सम्मान र भविष्य प्राथमि कता हो भने सम्झौता कार्यान्वयनका लागि नियमित मूल्यांकन, स्पष्ट कार्ययोजना र उत्तरदायित्व निर्धारण अपरिहार्य छ । नयाँ सम्झौताभन्दा पहिल्यै पुराना सम्झौताको इमानदार समीक्षा गर्नु नै आजको आवश्यकता हो ।

■ **अनोज शाक्य**, जापानिज भाषा प्रशिक्षक

निपाह भाइरसको जोखिममा एसिया

निपाहको प्रकोप गम्भीर समस्या भए पनि यसको कोभिडजस्तो सार्वजनिक स्वास्थ्य समस्या हुने सम्भावना भने छैन



देश / विदेश

● एलेन चेङ

भारतमा घातक निपाह भाइरसको प्रकोपले एसियाका धेरै देशलाई उच्च सतर्कतामा राखेको छ । यो भाइरसका कारण मानिसमा मृत्युदर ४० देखि ७५ प्रतिशतसम्म हुन सक्छ । यस महिना भारतको पश्चिम बंगाल राज्यमा निपाह भाइरसबाट कम्तीमा दुईजनाको मृत्यु भएपछि थाइल्यान्ड, मलेसिया र सिंगापुरलगायत धेरै देशले नयाँ स्क्रिनिङ र परीक्षण उपाय लागू गरेका छन् । तर, निपाह भाइरस के हो र हामी कति चिन्तित हुनुपर्छ ? यहाँ तपाईंले जान्नुपर्ने केही तथ्य छन् ।

■ के हो निपाह भाइरस ?

हेन्ड्रा भाइरसजस्तै निपाह पनि हेनिपाभाइरस भनिने भाइरसको श्रेणीमा पर्छ । यो जुनोटिक हो, जसको अर्थ यो जनावरबाट मानिसमा फैलिन सक्छ । एसियामा समय-समयमा यस्ता प्रकोप फैलँदै आएका छन् । पहिलो प्रकोप सन् १९९८ मा मलेसियामा रिपोर्ट गरिएको थियो । यो भाइरस सर्ने तीन प्रमुख तरिका छन् । पहिलो- चमेरोको सम्पर्कबाट हो । विशेषगरी, संक्रमित चमेरोको च्याल, पिसाब वा दिसाको सम्पर्कबाट रोग सर्छ । सुँगुरजस्ता अन्य संक्रमित जनावरसँगको सम्पर्कबाट पनि संक्रमण हुन सक्छ ।

यो सर्ने दोस्रो तरिका दूषित खाना, विशेषगरी खजुरका उत्पादनबाट हो । यसको अर्थ संक्रमित चमेरोको शरीरबाट उत्पन्न तरल पदार्थले दूषित खजुरको रस सेवन गर्दा जोखिम बढ्न सक्छ । तेस्रो भनेको मानिसबाट मानिसमा सर्ने हो । बिरामी व्यक्तिको हेरचाह गर्ने तथा नजिकको सम्पर्कमा रहने मानिसमा निपाह भाइरस सर्ने रिपोर्ट गरिएको छ । घरपरिवार वा अस्पतालमा भाइरसबाट दूषित शारीरिक म्यावबाट अर्को स्वस्थ व्यक्ति संक्रमित हुन सक्ने सम्भावना बढी हुन्छ ।

■ के हुन् लक्षण ?

निपाह भाइरसको संक्रमण चाँडै सर्छ । संक्रमणदेखि लक्षण देखिने समय सामान्यतया चार दिनदेखि तीन सातासम्म हुन्छ । यो एक भयानक रोग हो । गम्भीर निपाह भाइरस संक्रमण भएमा लगभग आधा मानिसको यसबाट मृत्यु हुन्छ । लक्षणहरू फरक-फरक हुन सक्छन् । सबैभन्दा डरलाग्दो समस्या त यसको अर्को साइड इफेक्ट पनि हुन सक्छ । यसले निमोनिया निम्त्याउन सक्छ, जसरी कोभिडले यस्तो समस्या निम्त्याउन सक्छ । तर, हामीले सबैभन्दा बढी चिन्ता गर्ने समस्या भनेको स्नायुसम्बन्धी लक्षण हुन् । निपाहले इन्सेफलाइटिसजस्तो घातक समस्या निम्त्याउन सक्छ, जुन मस्तिष्कको संक्रमण हो । मस्तिष्कमा यी प्रभावले गर्दा मृत्युदर निकै उच्च छ । सामान्यतया निपाह भाइरस देखिँदा निम्नबमोजिमका लक्षण देखिन्छन् ।

ज्वरो आउनु, सास फेर्न गाह्रो हुनु, बारम्बार बेहोस हुनु, गम्भीर टाउको दुख्नु, हातखुट्टा चलाउन नसक्नु, झट्का लागेकोजस्तो महसुस हुनु, व्यक्तित्वमा परिवर्तन हुनुजस्तै अचानक अनौठो व्यवहार गर्नु वा मनोविकृति देखिनु आदि । असामान्य घटनाका रूपमा निपाह संक्रमणपछि स्वास्थ्यलाभ गरेका केही बिरामीलाई धेरै वर्षपछि (एक दशकभन्दा बढी समयपछि) पनि पुनः इन्सेफलाइटिस हुन सक्छ ।



■ के कुनै उपचार वा खोप छ ?

अहिलेसम्म यसको खोप छैन, तर अस्ट्रेलियामा एम १०२.४ (निपाहलाई निष्क्रिय पार्ने एन्टीबडी) नामक उपचारको विकास भइरहेको छ । सन् २०२० मा यस उपचारको पहिलो चरणको परीक्षण भएको थियो, जसले अनुसन्धानकर्ताले यसलाई स्वस्थ मानिसमा यो कसरी पुग्छ र कुनै साइड इफेक्ट छन् कि छैनन् भनेर हेर्न सहयोग गरेको थियो । परीक्षणले पत्ता लगायो कि उपचारको एक डोजलाई बिरामीले राम्रोसँग सहन सकेका थिए । त्यसैले निपाह भाइरसबाट संक्रमित मानिसलाई सहयोग गर्न वास्तवमा उपचारको उपलब्धता हुन अझै बाँकी छ, तर आशा जीवितै छ । निपाह भाइरसका लागि हाल कुनै खोप छैन ।

■ कति चिन्तित हुनुपर्छ ?

भारतमा निपाहको यो प्रकोप चिन्ताजनक छ, किनभने हाल यसको कुनै रोकथाम र उपचार उपलब्ध छैन । यो एक गम्भीर रोग हो । यो एक महत्त्वपूर्ण रोग भए पनि कोभिडजस्तै स्तरमा सार्वजनिक स्वास्थ्य समस्या हुने सम्भावना छैन । किनभने, यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्दैन । यो सर्ने मुख्य तरिका खाना र संक्रमित जनावरबाट हो । हाल संक्रमणका घटना रिपोर्ट गरिएका क्षेत्रबाहिर बस्ने मानिसका लागि जोखिम कम छ । प्रभावित क्षेत्रमा पनि यस चरणमा केसको संख्या कम छ, तर सार्वजनिक स्वास्थ्य अधिकारीले उचित नियन्त्रण उपाय अपनाइरहेका छन् ।

यदि तपाईं संक्रमित भएका क्षेत्रमा यात्रा गरेपछि अस्वस्थ हुनुभयो भने चिकित्सकलाई कहाँ र कहिले यात्रा गर्नुभयो भनेर जानकारी दिनुपर्छ । प्रभावित क्षेत्रमा यात्रा गरेपछि कसैलाई ज्वरो आयो भने हामी यस चरणमा निपाहभन्दा मलेरिया वा टाइफाइडजस्ता अन्य संक्रमणका कारणले भएको हो कि भनेर धेरै चिन्तित हुन्छौं । समग्रमा, सबै पक्षलाई ध्यान दिनु आवश्यक छ । हामी सधैं नयाँ भाइरस र घटनाबारे सुन्छौं । प्रभावित देशका लागि निपाह महत्त्वपूर्ण छ, तर ती देशबाहिर, यो केवल हामीले नजिकबाट निगरानी गर्ने र सतर्क रहने विषय हो ।

(चेङ मोनास युनिभर्सिटीका संक्रमित रोगसम्बन्धी प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नुरी अल–मलिकीको फिर्तीप्रति त्रसित इराक

विगतमा नुरी अल-मलिकी आठ वर्ष इराकका प्रधानमन्त्री हुँदा देश भ्रष्टाचार, अतिवाद र परनिर्भरतामा डुबेको थियो

इराकमा एक खतरनाक इतिहास दोहोऱ्याउने जोखिम बढेको छ। नुरी अल-मलिकी प्रधानमन्त्रीको पदको एकदम नजिक पुगेका छन्। मलिकी यसअघि सन् २००६-२०१४ मा देशको प्रधानमन्त्री हुँदा देश चरम भ्रष्टाचार, अधिनायकवादी प्रवृत्ति, साम्प्रदायिक दमनमा डुबेको थियो। त्यस्तै, त्यतिखेर इराकमाथि इरानको प्रभाव सबैभन्दा चरमचुलीमा पुगेको थियो।

खासमा अल-मलिकीको विरासत नै विषाक्त छ, जसको शासन अक्षमताले आइएसआइएसको उदयलाई सहज बनाएको थियो। अहिले उनी फेरि प्रधानमन्त्री पदको सबैभन्दा बलियो प्रतिस्पर्धी भइरहँदा इराकले केही वर्षयता हासिल गरेको उपलब्धि गुम्ने जोखिम बढेको छ। भर्खरै इराकको सिया दलहरूको मुख्य गठबन्धनले औपचारिक रूपमा नुरी अल-मलिकीलाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा मनोनीत गरेको छ। कोर्डिनेसन फ्रेमवर्क' नामको सिया दलहरूको त्यस गठबन्धनको अहिले संसद्मा बहुमत छ। गठबन्धनले यी पूर्वप्रधानमन्त्रको 'राजनीतिक तथा शासकीय अनुभवलाई हेरेर' उम्मेदवारका रूपमा अघि सारेको बताएको छ। तर, उनको सम्भावित फिर्तीले इराक र विदेशमा भने चिन्ता बढाएको छ। इराकभित्रको एक अग्रणी सुन्नी गठबन्धनले 'विगतमा स्थिरता वा सार्वजनिक विश्वास हासिल गर्न असफल' भएका नेतालाई 'पुनः प्रयोग' गर्न नहुने चेतावनी दिएको छ। हुन पनि मलिकीको विगतले साम्प्रदायिक कलहलाई बढावा दिएको र आइएसलाई इराकको ठुलो भागमा कब्जा गर्नबाट रोक्न असफल भएको देखाउँछ।

मलिकीको आठ वर्षको शासनकालमा इराकका संस्थाहरूमा खोक्रो हुने गरी भ्रष्टाचार र नातावाद फैलिएको थियो। एक अनुमानअनुसार, सन् २००३ पछिका १५ वर्षमा भ्रष्टाचारका कारण इराकको सरकारी कोषले ३२० अर्ब डलरको विशाल रकम गुमायो। मलिकी त्यही अवधिमा आठ वर्ष सत्तामा थिए। उनी नेतृत्वको सरकारले भ्रष्टाचारलाई रोक्नुको साटो संरक्षण प्रदान गरेको थियो। यसै अवधिमा भएको एउटा कुख्यात भ्रष्टाचार काण्डको उदाहरणका रूपमा लिइन्छ- इराकी सेनामा 'भूत सैनिक'को प्रकरण। त्यस प्रकरणमा उच्च सैन्य अधिकारीले आफ्नो तलब भर्नका लागि हुँदै नभएका ५० हजारभन्दा बढी काल्पनिक सेनालाई तलब खुवाएका थिए। सन् २०१४ सम्ममा, यस च्याकेटले रक्षा बजेटमा प्रतिवर्ष अनुमानित ३८ करोड डलर व्ययभार पुऱ्याइरहेको थियो।

यसबिच, मलिकीको भित्री घेरामा रहेकाहरू भने असाधारण रूपमा धनी भइरहेका थिए। तिनले देशमा लुटेको सम्पत्ति सेल कम्पनी तथा अफसोर खातामा स्थानान्तरण गर्दै विदेशमा महँगो सम्पत्ति किन्न प्रयोग गरिरहेका थिए, त्यो पनि शून्य जवाफदेहिताका साथ। मलिकीको शासनकालमा देशको न्यायपालिकाको स्वतन्त्रता लगभग नष्ट भएको थियो।



मलिकीको शासनको अर्को विशेषता इरानप्रतिको चरम अनुराग थियो। उनले बग्दादलाई तेहरानको प्रभाव क्षेत्र बनाइदिएका थिए। उनले इरान समर्थित मिलिसियालाई देशको सुरक्षा बलमा समायोजन गर्ने अनुमति दिए। जनरल कासिम सुलेमानीजस्ता इरानी सल्लाहकारको इराकभित्र खुला प्रभाव थियो। तिनले इराकलाई इरानको कुनै प्रान्तजस्तो व्यवहार गर्ने गर्थे। यसरी मलिकीको कार्यकाललले इराकलाई इरानको छत्रछायामा राख्दा देशभित्र साम्प्रदायिक ध्रुवीकरण बढ्न थाल्यो। इराक बाँकी अरब विश्वबाट धेरै हदसम्म अलग हुन पुग्यो।

उनले बहिष्कार नीति र दमनमार्फत देशका सुन्नी अरब जनसंख्यालाई सीमान्तकृत बनाएका थिए। सुन्नी समुदाय मलिकीको यस भेदभावपूर्ण व्यवहारविरुद्ध सन् २०१२-२०१३ मा शान्तिपूर्ण विरोधमा उत्रिए। शान्तिपूर्ण भेलामाथि मलिकीले सेना लगाएर निर्मम बल प्रयोग गरे। एक कुख्यात घटनामा अप्रिल २०१३ इराकी सेनाले हवाइजा भन्ने ठाउँमा धर्नामा बसेका ५० भन्दा बढी सुन्नी प्रदर्शनकारीलाई मारेका थिए। यस नरसंहारले धेरै सुन्नीमा निराशा बढायो। कतिपय युवा सुन्नीबहुल अतिवादी समूह आइएसमा सामेल भए।

सन् २०१४ को मध्यसम्म पुग्दा आइएस मोसुल कब्जा गर्ने अवस्थामा पुगिसकेका थिए। भ्रष्टाचार र साम्प्रदायिकताको भावनाले खोक्रो बनेको इराकी सेना आइएससामु कमजोर देखियो। त्यतिबेला इराकका प्रमुख सिया आध्यात्मिक नेता अयातोल्लाह अली अल-सिस्तानीले समेत आइएसको वृद्धिका लागि मलिकीको 'भ्रष्ट र अधिनायकवादी' शासन मुख्य जिम्मेवार रहेको आरोप लगाएका थिए। त्यसपछि आइएसविरुद्ध सन् २०१४ देखि २०१७ सम्म रक्तपातपूर्ण युद्ध भयो। दसौँ हजारको ज्यान गयो। मोसुलजस्ता सहर ध्वस्त भए। मलिकीको दमनकारी, विभाजनकारी शासन नहुँदो हो त सायद यी दुष्परिणाम देखिने नै थिएनन्।

मलिकीको इरानप्रतिको निर्लज्ज बफादारीलाई ध्यान दिँदा उनको आगामी शासन इरानी कट्टरपन्थीका लागि सुखद समाचार हुनेछ। यदि अहिले इरानमा भइरहेका आन्दोलनले त्यहाँको धार्मिक शासनलाई ढाल्यो भने मलिकी आफ्ना ती भगुवा अधिकारीका आश्रयदाता बन्न सक्छन्। यसले इराकी माटोमा इरानको अशान्ति आयात हुनेछ। त्यस अवस्थामा इराकमा पनि इस्लामिक गणतन्त्रको निर्वासित सरकार बस्न सक्छ। उल्लेखनीय रूपमा अहिले नै सयौँ मलिकीनजिकका इराकी मिलिसिया इरानको जारी प्रदर्शनमाथि दमन गर्न इरानमा परिचालित छन्। इराक आज एक कमजोर स्थितिमा उभिएको छ। वर्षौंको द्वन्द्वपछि पुनर्निर्माण प्रयास सुरु हुन थालेका छन्। यस्तोमा कुशासन फर्कियो भने सबै सुखद प्रयास भताभुंग हुनेछ। नुरी अल-मलिकीको पुनरागमनले इराकमा फेरि भ्रष्टाचार, साम्प्रदायिकताको भावना र इरानमाथिको परनिर्भरताको दुश्चक्र दोहोरिनेछ।

नेसनल इन्ट्रेस्टमा प्रकाशित मध्यपूर्वका विश्लेषक अब्दुल्लाह हायकको आलेख।

इतिहासमा आज

फेब्रुअरी ४



सन् १७८९ : अमेरिकामा पहिलो इलेक्ट्रोल कलेज बैठकले जर्ज वासिंटनलाई राष्ट्रपति र जोन एडम्सलाई उपराष्ट्रपति चुन्यो। जर्ज वासिंटनले सर्वसम्मत ६९ मत पाएका थिए भने जोन एडम्सले ३४ मत पाए।

सन् ११९४ : तेस्रो क्रुसेडमा सहभागी भएर फर्किँदै गर्दा रोमन सम्राट्ले कब्जामा परेका इंग्ल्यान्डका राजा रिचर्ड प्रथमलाई मुक्त गर्न यसै दिन हजार पाउन्ड अर्थात् ३५ टन चाँदी तिरियो।

सन् १७९४ : फ्रान्सेली क्रान्तिपछि बनेको संसद् 'नेसनल कन्भेन्सन'ले आफ्नो शासन रहेको सबै भूमिमा दासप्रथा उन्मूलन गऱ्यो।

सन् १८६१ : संयुक्त राज्य अमेरिकाबाट अलग भएका ६ राज्यका प्रतिनिधिको मोन्ट्गोमेरीमा पहिलो भेला सुरु भयो। त्यही भेलाले पाँच दिनपछि जेफर्सन डेभिसलाई कन्फडेरेट स्टेट्स अफ अमेरिकाको राष्ट्रपति चुन्यो।

सन् १९४५ : नाजी जर्मनी हार्ने निश्चित हुँदै गएपछि युद्ध अन्त्यपछिको युरोपको मार्गचित्र तय गर्न अमेरिकी राष्ट्रपति फ्र्याङ्कलिन डी रुजवेल्ट, ब्रिटिस प्रधानमन्त्री विस्टन चर्चिल र सोभियत नेता जोसेफ स्टालिनबिच याल्टा सम्मेलन सुरु भयो।

सन् २००४ : मार्क जुकरबर्गले हार्वर्ड विश्वविद्यालयको उनको होस्टल कोठाबाट फेसबुक सार्वजनिक गरे।

Request for Proposals

First Published Date: 4th February, 2026

Nabil Bank Ltd. invites sealed proposals from eligible and registered companies for the construction related works as specified in the table below:

RFP Document	Title of the Contract Document	Scope of Works	Cost of Bid Document	Bid Bond/Security Amount
I	Installation of Fire Fighting (Hydrant) System at Bishalnagar Property	Fire Fighting Works, Associated Civil Works	NPR 5,000.00	Mandatory minimum 5% of the bid amount
II	Plumbing Works at Bishalnagar Property	Plumbing Works	NPR 5,000.00	Mandatory minimum 5% of the bid amount
III	Site Development Works at Bishalnagar Property	Site Development Works	NPR 5,000.00	Mandatory minimum 5% of the bid amount

* Interested bidders can choose to participate in any of the three different bid submissions as per their preference and submit separate sealed documents for each RFP.

The bid submission will follow the 'Two Envelope System' (Technical and Financial Documents) wherein the technical documents shall be opened in the 1st Phase and financial documents of the technically eligible bidders shall be opened in the 2nd Phase.

Terms and Conditions:

1. Interested bidders can receive the desired RFP documents with detailed Scope of works, Terms and Conditions from the **Administration Department, 4th Floor, Ghantaghar building, Kathmandu, Nepal** upon submission of an application letter for the RFP document in the official letter head of the bidding company and submission of a proof of deposit of non-refundable application fee of **NPR.5,000/-** (Nepalese Rupees Five Thousand only) **per RFP document.**
2. The RFP Document Fee is to be paid by Cash Deposit to the under mentioned Account. The proof of deposit/transfer must be attached with the documents. The application money is non-refundable.
   Account Name: Miscellaneous Deposit Receipt
   Account Number: 93254001006
   Bank: Nabil Bank Limited, Head Office
3. The hard copy of proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, **Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal**, not later than **1:00 PM on 20th February, 2026 (8th Falgun, 2082)**. Bid documents received after this deadline will not be accepted.
4. The received Bids shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11:00 AM** on **22nd February, 2026 (10th Falgun, 2082).** Non-attendance of any or all of the bidder's representatives shall not hinder the opening of the bid.
5. **Eligibility Criteria:**
   a. Interested Bidders must have at least five years of experience in the related field.
   b. Joint Venture (JV) is not allowed.
   c. Average annual turnover of the firm/company for last 3 (three) fiscal years should be not less than NRs. 30.00 (thirty) million excluding VAT.
   d. The project specific experience criteria are as below:

Project	Experience
Installation of Fire Fighting (Hydrant) System	Having at least 5 (Five) years of experience in the related field and successfully completion and implementation of at least Two number fire-fighting systems in multi-storey building, having contract value of minimum Rs. 4 (four) Million including VAT.
Plumbing Works	Having at least 5 (Five) years of experience in the related field and successfully completion and implementation of at least one plumbing works in a building.
Site Development Works	Having at least 5 (Five) years of experience in the related field and successfully completion of at least 1 civil project having contract value of minimum Rs. 5 (five) Million including VAT

6. Bids must be accompanied by bid security of minimum 5% of the total bid amount of **Bid Bond** issued by a Class "A" Commercial bank in Nepal having a validity of 120 days from the last date of submission of bid or Bank Deposit into the account mentioned by the Bank. The Bid Security will be forfeited by the Employer upon failure of the selected bidder to enter into a contract within specified days after written Communication by the Bank or due to other conditions as mentioned in the bid document.
7. The successful bidder will be required to submit a **"Performance Bond"** for an amount equivalent to 10% of the Contract Amount issued by a Class "A" Commercial bank with a validity period and format/wordings as specified by the Employer in the Bid Documents.
8. If the last date for purchasing the bid form, submitting the bid, and opening the bids falls on a government holiday, it will be extended to the next working day. In such cases, the bid validity and bid security validity will be recognized from the original bid submission deadline.
9. Interested bidders must submit all the documents outlined in the bid document; failure to do so will result in the rejection of the bid.
10. Nabil Bank Limited reserves the right to amend, correct, accept, or reject any or all bids, in whole or in part, for the said works, without assigning any reason whatsoever and shall not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
एकाबीस तिकाससको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/१०/२१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/११/०६ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि **१५ (पन्ध्र) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएको ले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी/जमानतकर्ताको विवरण	जमानतकर्ताको विवरण
१. ऋणी: लोकेन्द्र खत्री बाबुको नाम : अमर सिंह खत्री बाजेको नाम: पदम बहादुर खत्री ठेगाना : चौमाला-०६, कैलाली, हाल : धनगढी-०१, कैलाली ना.प्र.नं.:६७-०१-७२-०२४५६, जारी मिति : २०७२/०३/०३ जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली **कर्जा लिएको शाखा : धनगढी, कैलाली** **जमानतकर्ताको विवरण** **क) नाम: लक्ष्मी देवी खत्री** बाबुको नाम : राम बहादुर थापा पतिको नाम : अमर सिं खत्री ससुराको नाम : पदम बहादुर खत्री ठेगाना : गौरीगंगा-०२, कैलाली, हाल : धनगढी-०१, कैलाली ना.प्र.नं. : ५००७०, जारी मिति : २०५९/०९/१२ जारी गर्ने कार्यालय: कैलाली	**ख) नाम : अम्मर सिह खत्री** बाबुको नाम : पदम बहादुर खत्री बाजेको नाम: गिते खत्री ठेगाना : कैलाशमाण्डौ-०९, बाजुरा हाल : धनगढी-०१, कैलाली ना.प्र.नं. :४५०, जारी मिति : २०४१/०८/१० जारी गर्ने कार्यालय : जि.प्र.का., वाजुरा **ग) नाम : बिनोद खत्री** बाबुको नाम : अम्मर सिंह खत्री बाजेको नाम: पदम बहादुर खत्री ठेगाना : गौरीगंगा-०२, कैलाली हाल : धनगढी-०१, कैलाली ना.प्र.नं.: ६७-०१-७४-११८२२ जारी मिति : २०७४/१०/१७ जारी गर्ने कार्यालय : कैलाली
सुरक्षणमा रहेको धितोको विवरण: श्री मालपोत कार्यालय धनगढी, कैलालीमा श्री लक्ष्मी देवि खत्री रहेको जिल्ला कैलाली, धनगढी -०२, स्थित कि.न ३०९ क्षेत्रफल ४३१.५० व.मि. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेतगापात समेत।	

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
२. ऋणी: के एच हार्डवेयर्स दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलाली प्रा.फ.र.नं.: ३१४४२/०७८/७९, दर्ता मितिः २०७८/०४/२२ पान नं. ६१६२७४२२० ठेगाना : धनगढी उ.म.न.पा.-०३, कैलाली **प्रोप्राइटर/जमानीकर्ताको नाम : ललिता कुमारी कुँवर** बाबुको नाम : तेज बहादुर कुँवर पतिको नाम : गणेश बहादुर रावत ससुराको नाम : हर्क बहादुर रावत ठेगाना : घोडाघोडी-०५,कैलाली हाल : धनगढी-०३, कैलाली ना.प्र.नं.: ६७-०१-७२-०३८८७, जारी मितिः २०७२/०४/१० जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली **कर्जा लिएको शाखा कर्यालय : धनगढी, कैलाली** **जमानीकर्ताको विवरण** **क) नाम: गणेश वहादुर रावत** बाबुको नाम : हर्क बहादुर रावत बाजेको नाम: फकिरे रावत ठेगाना : गडराय-०७, बभाङ्ग हाल : धनगढी-०३, कैलाली ना.प्र.नं. : ७११०२८/२८४, जारी मिति : २०६९/०४/०७ जारी गर्ने कार्यालय : जि.प्र.का., बभाङ्ग	**ख) नाम: केषुदेवी रावत** बाबुको नाम : महासिंगे रावत पतिको नाम : हर्क बहादुर रावत ससुराको नाम : फकिरे रावत ठेगाना : गडराय-०७, बभाङ्ग हाल : धनगढी-०३, कैलाली ना.प्र.नं. : ७१३०२८/९, जारी मितिः २०६३/११/२३ जारी गर्ने कार्यालय :जि.प्र.का., बभाङ्ग **ग) नाम: श्री हर्क बहादुर रावत** बाबुको नाम : फकिरे रावत बाजेको नाम: काले बहादुर रावत ठेगाना : गडराय-०७, बभाङ्ग हाल : धनगढी-०३, कैलाली ना.प्र.नं. : १९९०, जारी मिति : २०४६/१२/२४ जारी गर्ने कार्यालय : जि.प्र.का., बभाङ्ग **घ) नाम: हिक्मत सिंह रावत** बाबुको नाम : हर्क बहादुर रावत बाजेको नाम: फकिरे रावत ठेगाना : खप्तडछान्ना-०७, वभाङ्ग हाल : धनगढी-०३, कैलाली ना.प्र.नं. : ७१-०१-७९-०५५०३ जारी मिति : २०७९/१०/१३ जारी गर्ने कार्यालय : जि.प्र.का., वभाङ्ग
सुरक्षण धितोको विवरण: श्री मालपोत कार्यालय धनगढी, कैलालीमा श्री गणेश बहादुर रावतको नाममा रहेको जिल्ला कैलाली भजनी वडा नं.०५क स्थित कि.नं. १३९३ को क्षेत्रफल २८७८.३४ व.मि. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुक्रो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार २१ माघ ०८२

सुन्तला, जुनार र कागतीबाट उदयपुरका किसानले गरे वर्षमै ३१ करोड आम्दानी



उदयपुरमा **विदुर कटुवाल**

उदयपुरका पहाडी क्षेत्रमा नगदे बालीका रूपमा परिचित हुँदै गएको सुन्तला, जुनार र कागती खेती किसानका लागि आम्दानीको आकर्षक स्रोत बन्दै गएको छ। जिल्ला कृषि ज्ञानकेन्द्र उदयपुरको तथ्यांकअनुसार चालू आर्थिक वर्षमा मात्र यी फलफूल बिक्रीबाट जिल्लामा ३१ करोड १८ लाख ५० हजार नगद भित्रिएको छ।

ज्ञान केन्द्र उदयपुरका प्रमुख योगेन्द्रप्रसाद यादवका अनुसार उक्त आम्दानी उत्पादन गर्ने कृषकले घरमै उपभोग गरेको, कोसेली वा उपहारका रूपमा दिएको परिमाण कटाएर भएको हो। '३१ करोडको आम्दानी भन्नाले बजारमा बिक्री भएर आएको रकम हो,' यादवले भने, 'त्यसमध्ये केही जिल्लाबाहिर गएको छ भने केही जिल्लाभित्रै बिक्री भएको छ।'

गाउँ-गाउँमा ग्रामीण सडक सञ्जाल विस्तार भएसँगै बजार पहुँच सहज बन्दै गएको छ। जसका कारण पहाडी क्षेत्रमा हिउँदे फलफूल खेती विस्तार हुँदै गएको हो। उनका अनुसार जिल्लाका आठवटै पालिकामा अहिले पाँच सय ४५ हेक्टर क्षेत्रफलमा सुन्तला, जुनार र कागती खेती हुँदै आएको छ। 'पाँच वर्षअघिको तुलनामा यसको क्षेत्रफल झन्डै दोब्बरले विस्तार भएको छ,' उनले भने।

यस वर्ष जिल्लामा चार सय ७० हेक्टर क्षेत्रफलमा भएको सुन्तला खेतीबाट तीन हजार नौ सय ९५ मेट्रिकटन उत्पादन भएको छ। उक्त उत्पादन बिक्रीबाट २७ करोड ९६ लाख ५० हजार जिल्लामा भित्रिएको कृषि ज्ञानकेन्द्रको तथ्यांकमा उल्लेख छ। त्यसैगरी, ६४ हेक्टर क्षेत्रफलमा जुनार खेतीबाट पाँच सय २५ दशमलव ६ मेट्रिकटन उत्पादन भई तीन करोड १५ लाख आम्दानी भएको छ। कागती खेती भने ११ हेक्टर क्षेत्रफलमा हुँदै आएको छ, जसबाट ७० लाख रुपैयाँ आम्दानी भएको ज्ञानकेन्द्रले जनाएको छ।

कृषि ज्ञानकेन्द्रका अनुसार सुन्तला जोन कार्यक्रमले सुन्तला जातका फलफूल खेती विस्तारमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन इकाइ, दिक्तेल खोटाङअन्तर्गतको जोन प्राविधिक इकाइ, गाईघाट उदयपुरका अनुसार उदयपुरमा विगत १० वर्षदेखि सुन्तला जोन कार्यक्रम सञ्चालनमा छ। यसैका कारण सुन्तला जातका फलफूल खेती निरन्तर विस्तार हुँदै गएको हो। जोन प्राविधिक इकाइ, गाईघाट उदयपुरका प्रमुख दीपेन्द्र मनोहर चौधरीका अनुसार हाल सुन्तला जातका फलफूल खेती पाँच सय ७६ हेक्टर क्षेत्रफलमा विस्तार भइसकेको छ। 'सुन्तला जोनअन्तर्गत सुन्तला, जुनार र कागतीलाई समेटिएको छ,' उनले भने, 'जोन कार्यक्रमको विस्तारले उत्पादन वृद्धिमा उल्लेखनीय योगदान दिएको छ।'

जोन प्राविधिक इकाइ, गाईघाटका अनुसार कटारी नगरपालिकाका वडा नं ९, १०, ११, १३ र १४, ताप्ली गाउँपालिकाका- १ देखि ५ सम्म, लिम्चुडुङ्बुङ गाउँपालिकाका वडा नं १ देखि ५ सम्म तथा रौतामाई गाउँपालिकाका वडा नं २ देखि ८ सम्म सुन्तला जातका फलफूल जोन सञ्चालनमा छन्।

हकप्रदका लागि २० प्रतिशत वित्तीय प्रगतिको प्रावधान हटाउन इप्पानको माग

काठमाडौं/ हकप्रद सेयर जारी गरी आयोजना निर्माण गर्ने आयोजनाको वित्तीय प्रगति कम्तीमा २० प्रतिशत पुष्टि हुने कागजात चाहिने प्रावधान हटाउन स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले माग गरेको छ। मंगलबार इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीको नेतृत्वको टोलीले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव चिरञ्जीवी चटौत र विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धिताललाई ज्ञापनपत्र बुझाउँदै कुनै कम्पनीले अर्को आयोजना निर्माण गर्न चाहिले २० प्रतिशत वित्तीय प्रगतिको व्यवस्थाले थप लगानी व्यवस्थापन र आयोजना निर्माणमा अप्ठ्यारो परेको भन्दै हटाउन माग गरिएको छ।

वरिष्ठ उपाध्यक्ष डाँगीले हकप्रद सेयर जारी गर्ने व्यवस्थालाई सहजीकरण गरी थप आयोजनाहरूको निर्माणका लागि बाटो खोल्न आग्रह गरे। हकप्रद सेयर जारी नगरी स्वपुँजी व्यवस्थापन गर्न असम्भव रहेको तथा स्वपुँजी जारी नगरेसम्म बैंक तथा वित्तीय संस्थाहरूले ऋण परिचालनसमेत नगर्ने हुनाले आयोजना निर्माणको कार्यमै अवरोध हुने उल्लेख गर्दै निश्चित आयोजना निर्माणका लागि मात्र यस्तो सेयर जारी हुने भएकाले यसमा २० प्रतिशतको वित्तीय प्रगति असम्भव देखिएकाले यसलाई हटाउनुपर्ने बताए। ज्ञापनपत्र बुझ्दै ऊर्जासचिव चटौतले हकप्रदसम्बन्धी सेयर जारी गर्न देखिएको समस्या समाधानका लागि पहल गर्ने बताए।

■ नेप्से पुनर्संरचना समितिको प्रतिवेदन

२० वर्षे अनुभव र विश्वकै उत्कृष्ट २० मा पर्ने विदेशी साझेदार भित्र्याउन सुझाव

सर्वसाधारणलाई १५ प्रतिशत सेयर दिने परिकल्पना, नेप्सेको पुँजी तीन अर्ब पुऱ्याउन तीन विकल्प



प्रतिवेदन अध्ययन गर्दै छौं

● **महेश आचार्य**, सहसचिव, अर्थ मन्त्रालय

नेप्से पुनर्संरचना समितिले दिएको नेप्सेसम्बन्धी प्रतिवेदन अध्ययनको चरणमा छौं।

मन्त्रिपरिषद्ले अर्थ मन्त्रालयबाटै कार्यान्वयन गर्नु भनेर प्रतिवेदन पठाएको छ। जुन अहिले अध्ययनको चरणमा छ। अध्ययन सकिएपछि उपयुक्त निर्णय हुनेछ।





नेप्सेको सञ्चालक समितिमा स्वतन्त्र व्यक्ति भित्र्याउनुपर्छ

● **नीरज गिरी**, सदस्य, सुझाव समिति

अन्तर्राष्ट्रिय अभ्यासअनुसार नेप्सेलाई पुनर्संरचना गर्न सुझाव दिएका छौं। सरकारले कालान्तरमा नेप्सेबाट पूर्ण रूपमा बिदा लिने परिकल्पना पनि गरिएको छ। राम्रा सुशासन भएका निक्षेप कम्पनी यसमा भित्र्याउन सकिनेछ। नेप्सेको सञ्चालक समितिमा स्वतन्त्र व्यक्ति ल्याएर पनि पुनर्संरचना गर्न भनिएको छ। समग्रमा नेप्सेलाई विकासमा टेवा पुग्ने गरी विभिन्न सुझाव दिएका छौं। रणनीतिक साझेदारमा जापान, कोरिया, चीन र भारतका स्टक एक्सचेन्ज कम्पनी ल्याउन खोजिएको छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट प्रकाशजंग थापा संयोजकत्वको सुझाव समितिले नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा विदेशी साझेदार भित्र्याएर पुनर्संरचना गर्न सुझाव दिएको छ। समितिले तत्काललाई सरकारबाहेकको संस्थाको सेयर बिक्री गरेर रणनीतिक साझेदार भित्र्याउन सकिने सुझाव दिएको हो।

स्टक एक्सचेन्ज सञ्चालनमा २० वर्ष अनुभव भएको, विश्वमा शीर्ष २० भित्रपर्ने साझेदारलाई १५ देखि २५ प्रतिशतसम्म सेयर हिस्सा दिएर भित्र्याउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। त्यसमा न्यूनतम १० वर्षको लक इन अवधि राख्नुपर्ने समितिको भनाइ छ।

२ मंसिरमा गठित 'नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचनासम्बन्धी सुझाव समिति'को प्रतिवेदन १५ माघको मन्त्रिपरिषद्ले कार्यान्वयन गर्न अर्थ मन्त्रालयलाई पठाएको थियो, जुन मंगलबार सार्वजनिक भएको हो।

■ पहिलो चरणमा तीन अर्ब चुक्ता पुँजी

समितिले पहिलो चरणमा नेप्सेको चुक्ता पुँजी तीन अर्ब पुऱ्याउन सुझाव दिएको छ। हाल नेप्सेको चुक्ता पुँजी एक अर्ब छ। त्यसमा सरकारको ५८.६६ प्रतिशत, नेपाल राष्ट्र बैंकको ९.५० प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, राष्ट्रिय वाणिज्य बैंकको ११.२३ प्रतिशत, प्रभु बैंकको पाँच प्रतिशत र लक्ष्मी सनराइज बैंकको पाँच प्रतिशत सेयर स्वामित्व छ। यसैगरी अन्यको ०.६१ प्रतिशत सेयर स्वामित्व छ। नेप्सेले क्षमता तथा सेवा विस्तार गर्न पुँजी बढाएर न्यूनतम तीन अर्ब कायम गर्नुपर्ने समितिको सुझाव छ। त्यसका लागि तीन विकल्पसमेत देखाएको छ।

■ विश्वकै उत्कृष्ट साझेदार भित्र्याउन सुझाव

नेप्सेमा भएको सरकारको सेयर बिक्री धेरै लामो समय लाग्ने हुँदा अन्य संस्थाको सेयर बिक्री गर्न सुझाव दिइएको छ। १५ देखि २५ प्रतिशतसम्म सेयर हिस्सा दिएर रणनीतिक साझेदार भित्र्याउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। त्यसमा न्यूनतम १० वर्षको लक इन अवधि राख्नुपर्ने समितिको भनाइ छ। स्टक एक्सचेन्ज सञ्चालनमा २० वर्ष अनुभव भएको, विश्वमा शीर्ष २० भित्र पर्ने र अन्य स्टक एक्सचेन्जहरूको साझेदारी-व्यवस्थापनको अनुभव भएकालाई रणनीतिक साझेदार बनाउनुपर्ने समितिको सुझाव छ। नेप्सेलाई आधुनिकीकरणमा सहयोग गर्न सक्ने, स्टक एक्सचेन्जका लागि आवश्यक सूचना प्रविधि र आधुनिक उपकरण तथा सेवाहरू प्रयोग गरेको अनुभव भएको हुनुपर्ने पनि सर्त तोकिएको छ।

■ सर्वसाधारणलाई १५ प्रतिशत सेयर

समितिले विभिन्न अन्तर्राष्ट्रिय अभ्यास देखाउँदै विनिवेश प्रक्रियामार्फत सरकारी सेयर स्वामित्व शून्यमा झार्न पनि वैकल्पिक सुझाव दिएको छ। पहिलो चरणमा सरकारी सेयर आंशिक रूपमा बिक्री गर्नुपर्ने र कालान्तरमा पूर्ण रूपमा बिक्री गर्नुपर्ने सुझाव समितिको छ।

समितिले पहिलो चरणमा सरकारको आंशिक सेयर बिक्री गरेर २५ प्रतिशत मात्रै कायम गर्नुपर्ने भनेको छ। यसरी रणनीतिक साझेदार र राष्ट्र बैंकको २५/२५ प्रतिशत, वाणिज्य बैंक र कर्मचारी सञ्चाय कोषको ३४.३९ प्रतिशत, विकास बैंक र बिमा कम्पनीको १५ प्रतिशत र अन्यको ०.६१ प्रतिशत सेयर स्वामित्व बनाउन सुझाव दिएको छ।

दोस्रो चरणमा सरकारको सेयर पूर्ण बिक्री गरेर सर्वसाधारणलाई भित्र्याउन सुझाव दिएको छ। त्यसमा सर्वसाधारणलाई १५ प्रतिशत सेयर दिन सुझाव छ। यसैगरी, वाणिज्य बैंकलाई ३९.३९ प्रतिशत र विकास बैंक तथा बिमा कम्पनीलाई २० प्रतिशत सेयर दिने प्रस्ताव गरिएको छ। त्यो मोडेलमा रणनीतिक साझेदारको २५ प्रतिशत र अन्यका ०.६१ प्रतिशत सेयर स्वामित्व यथावत् हुने भनिएको छ।

'सरकारको नीतिअनुरूप नेप्सेमा रहेको सरकारी लगानीसमेतलाई कालान्तरमा विनिवेश गर्दै लैजानुपर्ने देखिन्छ। सरकारी सेयर स्वामित्व रणनीतिक साझेदार, वित्तीय संस्था र सर्वसाधारणलाई बिक्री गर्न उपयुक्त हुने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ। यद्यपि, सरकारको आंशिक सेयर कायम राख्नुपर्ने पनि प्रतिवेदनमा भनिएको छ।

■ तीन अर्ब पुँजी पुऱ्याउन तीन विकल्प

● **बोनस सेयर जारी गर्ने** : समितिले बोनस सेयरमार्फत पुँजी वृद्धि गर्न सकिने विकल्प देखाएको छ। आव ०८१/८२ को दुई अर्ब १७ करोड नाफा र एक अर्ब ९५ करोड जगेडा कोष गरी नेप्सेमा चार अर्ब १२ करोड सञ्चित कोष छ। त्यसलाई बोनस सेयरमार्फत पुँजीमा रूपान्तरण गर्न सकिने बताइएको छ।

● **हकप्रद सेयर जारी गर्ने** : समितिले दोस्रो विकल्पका रूपमा हकप्रद सेयर जारी गर्न सकिने पनि विकल्प देखाएको छ। यसमा थप लगानी आउने हुँदा सेवा विस्तारमा सहयोग हुने प्रतिवेदनमा उल्लेख छ। तर, प्रचलित सेयरधनीले थप सेयर लगानी नगर्ने जोखिम पनि देखाइएको छ।

● **थप नयाँ सेयर जारी गर्ने** : आवश्यक पर्ने पुँजी रकमबराबरको सेयर जारी गरेर नयाँ लगानीकर्ता भित्र्याउन सकिने विकल्प पनि समितिले दिएको छ। यसबाट संस्थामा नयाँ लगानीकर्ताका रूपमा रणनीतिक साझेदार, संगठित संस्था, सर्वसाधारण भित्रिने अवस्था देखिन्छ। तर, प्रचलित सेयर स्वामित्व संरचनामा समेत परिवर्तन हुनेछ। तर, यसो गर्दा समय भने लाग्नेछ।

■ सञ्चालक समितिको पुनर्संरचना गर्नुपर्ने

समितिले सञ्चालक समितिको पुनर्संरचना गर्न पनि सुझाव दिएको छ। हाल सञ्चालक समितिमा अर्थ मन्त्रालय, राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंकका प्रतिनिधि हुने व्यवस्था छ, जुन पूर्णकालीन होइनन्। अध्यक्ष भने सरकारले नै नियुक्त गर्दै आएको छ।

अब सञ्चालक समितिका सदस्यहरूमा स्वतन्त्र र व्यावसायिक व्यक्ति नियुक्ति गर्नुपर्ने सुझाव समितिको छ। यो तत्काल गर्नुपर्ने भनिएको छ। यस्तो भएमा नेप्से पुनर्संरचनाको काम पनि द्रुत गतिमा अघि बढ्ने समितिका सदस्य नीरज गिरीले बताए। 'अहिलेकै संरचनाको सञ्चालक समितिबाट नेप्सेको पुनर्संरचना सम्भव छैन। अब सञ्चालक समितिमा स्वतन्त्र र विज्ञ व्यक्ति ल्याउने गरी व्यवस्था बनाउनुपर्छ। त्यो भएपछि सञ्चालक समितिले द्रुत गतिमा काम गर्न सक्छ,' उनले भने, 'सोहीअनुसार सुझाव पेस गरेका छौं।' नेप्सेको सिइओ पनि सञ्चालक समितिले नै नियुक्ति गर्नुपर्ने गरी व्यवस्था गर्नुपर्ने उनले बताए।

■ नेप्सेबाटै 'कमोडेटी मार्केट' सञ्चालन गराउन सुझाव

समितिले नेप्सेबाटै कमोडिटी मार्केट सञ्चालन गराउन पनि सुझाव दिएको छ। ०७२ मै कमोडेटी मार्केटसम्बन्धी व्यवस्था गरे पनि सेबोनले अझै यसको लाइसेन्स दिन सकेको छैन। यसैगरी, लगानीका उपकरणको दायरा बढाउन पनि भनिएको छ।

धितोपत्रसम्बन्धी एक्सचेन्ज ट्रेड फन्ड, इन्फ्रास्ट्रक्चर फन्ड, डेरिभेटिभ्स, कमर्सियल पेपरलगायतका उपकरणको कारोबार हुने व्यवस्था गर्नुपर्ने बताइएको छ। यसैगरी, नेप्सेमा एसएमई प्लाटफर्म, स्टार्टअप प्लाटफर्म, मार्जिन कारोबार, सेक्युरिटिज लेन्डिन एन्ड ब्रोरिइङजस्ता सेवाको उपलब्ध गराउनुपर्ने पनि सुझाव छ। यसैगरी, ओटिसी बजारलाई पनि अटोमेसन गर्नुपर्ने प्रतिवेदनमा भनिएको छ। पुँजी, प्रतिफल, तरलतालगायतका आधारमा नेप्से इन्डेक्सलाई विविधीकरण गर्नुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ।

■ अन्तर्राष्ट्रियस्तरको प्रविधि प्रयोग गर्न सुझाव

समितिले नेप्सेलाई अन्तर्राष्ट्रियस्तरको प्रविधि प्रयोग गर्न पनि सुझाव दिएको छ। अन्तर्राष्ट्रियस्तरको नवीनतम उपकरण तथा सेवा प्रदान गर्न सक्ने कारोबार प्रणाली यथाशीघ्र प्रयोगमा सुझाव दिइएको छ। त्यसमा बजार सुपरिवेक्षणका लागि स्वचालित निगरानीसम्बन्धी विशेषता भएको पनि हुनुपर्ने सर्त तोकिएको छ। नेप्सेको विद्यमान कारोबार प्रणालीमा सुधार गर्न आइटी गभर्मेन्स फेमवर्क बनाउनुपर्ने बताइएको छ।



थपिए तीन लाख ६१ हजार नयाँ करदाता

सक्रिय करदाता ७३ लाख नाघे, विदेशी कामदार प्यानको संख्या ३६ हजार सात सय ४१

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो ६ महिनामा करदाताको संख्या उल्लेख्य रूपमा बढेको छ। आन्तरिक राजस्व विभागअन्तर्गत सक्रिय करदाताको संख्या ६ महिनामै तीन लाख ६१ हजार तीनजना थपिँदा कुल संख्या ७३ लाख ६० हजार तीन सय ५३ पुगेको छ।

आन्तरिक राजस्व विभागका अनुसार आर्थिक वर्ष ०८१/८२ को असार मसान्तसम्म सक्रिय करदाता संख्या ६९ लाख ९९ हजार तीन सय ५० थियो। व्यावसायिक प्यानतर्फ करदाताको संख्या २० लाख ६० हजार सात सय ५८ बाट बढेर २१ लाख १६ हजार पुगेको छ। ६ महिनामा मात्रै ५५ हजार दुई सय ४२ नयाँ व्यावसायिक प्यान दर्ता भएका छन्। यसले व्यावसायिक गतिविधि विस्तार भइरहेको देखिन्छ।



यस्तै, व्यक्तिगत प्यानतर्फ सबैभन्दा ठुलो हिस्सा देखिएको छ। व्यक्तिगत प्यान करदाता संख्या ४९ लाख दुई हजार सात सय २२ बाट बढेर ५२ लाख सात हजार ६ सय १२ पुगेको छ। यस अवधिमा तीन लाख चार हजार आठ सय ९० नयाँ व्यक्तिगत प्यान थपिएका छन्।

विदेशी कामदार प्यानको संख्या पनि बढेको छ। अघिल्लो आर्थिक वर्षको असारसम्म ३५ हजार आठ सय ७० रहेको डब्लु-प्यान संख्या ६ महिनामा आठ सय ७१ ले बढेर ३६ हजार सात सय ४१ पुगेको छ।

त्यसैगरी, मूल्य अभिवृद्धि कर (भ्याट)मा दर्ता हुने करदाताको संख्या तीन लाख ५१ हजार सात सय ३५ बाट बढेर तीन लाख ६४ हजार नौ सय ९२ पुगेको छ। यस अवधिमा १३ हजार दुई सय ५७ नयाँ भ्याट दर्ता भएका छन्। अन्तःशुल्कतर्फ पनि करदाता संख्या एक लाख २४ हजार नौ सय ९७ बाट बढेर एक लाख २९ हजार नौ सय ४९ पुगेको छ। यसमा चार हजार नौ सय ५२ नयाँ दर्ता थपिएका छन्। आर्थिक गतिविधि विस्तार, डिजिटल दर्ता प्रणालीको पहुँच बढ्नु र कर दायरामा ल्याउने सरकारी प्रयासको परिणाम यस्तो भएको अर्थ मन्त्रालयका अधिकारी बताउँछन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं.: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेवसाइट : www.nimb.com.np

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/१०/२१)

यस बैंक(साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अतः यो सूचना प्रकाशित भएको मितिले ०७** दिनभित्र उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति	तपसिल	बोलपत्र खोलिने मिति
२०८२/१०/२७		२०८२/१०/२८ दिउँसो ३ बजे

क्र. सं.	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : युवा फेसन प्रा.लि. (आवधिक कर्जा)** दर्ता.नं. : १५५१६२/०७३/०७४, ठेगाना : का.म.न.पा. २९, काठमाडौ **ऋण प्रवाह गर्ने शाखा : गोङ्गबु** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. गणेश शाक्य- शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. १२२८६/३०९९०, मिति २०५५/०१/२४ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) बाबु : पुष्प रत्न शाक्य, बाजे : पूर्ण रत्न शाक्य **२. भगवती तामाङ-जमानीकर्ता** (ना.प्र.नं. ६/५१, मिति २०६१/१०/१९ मा जि.प्र.का. धादिङबाट जारी भएको) पति : गणेश शाक्य, ससुरा : पुष्प रत्न शाक्य	गणेश शाक्यको नाममा नुवाकोट जिल्ला मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम रहेको नुवाकोट जिल्ला, चौघडा गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ३४६(०-८-०-० रोपनी) तथा ऐ.ऐ. वडा नं. ८ स्थित कि.नं. १०८० (०-१४-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय छोकडे, नुवाकोट /सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/- तिरी लिन सकिनेछ।
ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग
कालिकास्थान, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२/१०/२१

यस विभागबाट विभिन्न मितिमा प्रकाशित बोलपत्र सूचनामार्फत प्राप्त बोलपत्रहरूको मूल्याङ्कन पश्चात्, निम्न बोलपत्रदाताहरूले पेश गरेको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (१) अनुसार स्वीकृतिका लागि छनौट गरिएको हुँदा सोही दफाको उपदफा (२) अनुसार सम्बन्धित बोलपत्रदाता तथा अन्य सबै बोलपत्रदाताहरूको जानकारीका लागि देहाय बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ।

देहायः

सि. नं.	प्रकाशित मिति	बोलपत्र सूचना नं.	योजनाको नाम	बोलपत्रदाताको नाम, ठेगाना	कबोल रकम (मु.अ.कर सहित)
1.	2082/07/23	DOI/G/NCB-01/2082-83	The Supply and Delivery of All in One Computer (AIO)	AI Solution Pvt. Ltd., Tarkeshwor, Kathmandu	1912852.70
2.	2082/07/24	DOI/G/NCB-02/2082-83	The Supply, Delivery, Installation & Support of Passport Reader Machine (PRM)	YB Solutions Pvt. Ltd., Bagbazar, Kathmandu	4084645.58

नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी भोलिदेखि



काठमाडौं/ नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी २२ (बिहीबार)देखि २५ माघसम्म काठमाडौंको भृकुटीमण्डपमा हुँदै छ। समग्र निर्माण क्षेत्रको विकास गर्ने उद्देश्यसहित हुन लागेको यो प्रदर्शनी ११औँ संस्करण हो।

यो प्रदर्शनी मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरएक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिले संयुक्त रूपमा आयोजना गर्न लागेका हुन्। प्रदर्शनीले नेपालको निर्माण उद्योगलाई आधुनिक प्रविधिसँग जोड्दै पूर्वाधार विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताइएको छ। यस प्रदर्शनीमार्फत स्वदेशमै उत्पादन भएका निर्माण सामग्री तथा प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउनुका साथै अन्तर्राष्ट्रिय बजारमा चलिआएका नवीनतम प्रविधि, सेवा तथा वस्तु नेपालमा भित्र्याउने अवसरसमेत प्रदान गर्ने आयोजकले जनाएको छ।

प्रदर्शनीमा आर्किटेक्चरल हार्डवेयर, एल्युमिनियम एक्स्ट्रुजन, मार्बल, टायल्स, स्यानिटरी वेयर, मोड्युलर तथा आधुनिक किचन, रुफिङ, क्ल्याडिङ, लिफ्ट, एलिभेटर, एस्केलेटर, ढोका, झ्यालका सामग्री तथा सेवा पाउन सकिनेछ। यसबाहेक फ्लोरिङ, वाल कभरिङ, ग्लास ग्लेजिङ, पाइप, प्लम्बिङ, फिटिंग्स, कन्स्ट्रक्सन केमिकल, पिभिसी र युपिभिसी प्रोफाइल, ब्याट्री, जेनेरेटर र सिमेन्ट तथा स्टिललगायत निर्माणजन्य सामग्री पनि प्रदर्शनीमा उपलब्ध हुनेछन्।

निर्माण क्षेत्रमा आबद्ध व्यवसायी, आयातकर्ता, उत्पादक, वितरक, सेवाप्रदायकजस्ता सम्पूर्ण पक्षलाई समेटिएको छ।

प्रभु बैंकको सिइओमा सुमन शर्मा



काठमाडौं/ प्रभु बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा सुमन शर्मा नियुक्त भएका छन्। यसअघिका सिइओ अशोक शेरचनले सोमबार राजीनामा दिएपछि पद रिक्त थियो।

मंगलबार बसेको सञ्चालक समिति बैठकले शर्मालाई रिक्त पदमा नियुक्त गर्ने निर्णय गरेको हो। नवनियुक्त सिइओ शर्माको कार्यकाल चार वर्षको हुनेछ। बैंकिङ क्षेत्रमा २५ वर्ष लामो अनुभव भएका शर्मा अनुभवी र कुशल बैंकरका रूपमा चिनिँदै आएका छन्।

महालक्ष्मी विकासका सामाजिक कार्यक्रम



काठमाडौं/ महालक्ष्मी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम सम्पन्न गरेको छ। बैंकले वित्तीय साक्षरता, शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापनलगायतका कार्यक्रम गरेको हो। त्यसैगरी, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, पूर्वाधार निर्माण र सुधार, दिगो विकास लक्ष्य, मानव सेवा तथा परोपकार कार्य पनि गरेको छ।

बैंकले लायन्स क्लब अफ काठमाडौं गुराँससँगको सहकार्यमा गन्धकुटी विहार खोकना- २१, ललितपुरमा बृहत् स्वास्थ्य शिविर सञ्चालन गर्न आर्थिक सहयोग गरेको छ। त्यसैगरी, सवारी दुर्घटना न्यूनीकरण, सवारी व्यवस्थापन, सडक फुटपाथ तथा विभिन्न स्थानमा जथाभावी रूपमा अव्यवस्थित पार्किङ समस्या समाधान गर्न ट्राफिक प्रहरी वृत्त, महाराजगन्ज, काठमाडौंसँगको सहकार्यमा विभिन्न ट्राफिक संकेत रहेको रोड फर्निचर हस्तान्तरण गरिएको छ।

दलित सशक्तीकरण केन्द्र नेपालको सहकार्यमा बैंकले हुम्ला जिल्लाको अदानचुली गाउँपालिका १ देखि ६ वडासम्मका व्यक्तिलाई सिलाइ मेसिन वितरण गरेको जनाएको छ।

त्यसैगरी भानुपथ, सिद्धार्थनगर- ९, रुपन्देहीमा रहेको श्री भानु माध्यमिक विद्यालयको खेलमैदान निर्माण गर्न बैंकको भैरहवा शाखा कार्यालयमार्फत आर्थिक सहयोग गरिएको छ। बैंकले गर्दै आएका यस्ता कार्यहरूबाट समग्र आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ।

इन्फिनिटीको व्यवस्थापन तालिम



काठमाडौं/ इन्फिनिटी लघुवित्तले शाखा प्रमुख तथा अनुगमन अधिकृतलाई व्यवस्थापन तालिम दिएको छ। संस्थाले १६-१७ माघमा 'युनाइटेड इन भिजन, एक्सिलेन्स इन एक्जिक्युसन' विषयक दुईदिने तालिम आयोजना गरेको हो। संस्थाका प्रमुख कार्यकारी अधिकृत ज्ञानीश्वर पन्तको अध्यक्षतामा सञ्चालित उक्त तालिममा सञ्चालक शशि तिमल्सिना, संस्थापक पूर्वअध्यक्ष बलराम विष्ट, ४९ जिल्लाका एक सयवटा शाखा कार्यालयका शाखा प्रबन्धक, १५ वटा अनुगमन स्टेसनका अनुगमन अधिकृत तथा केन्द्रीय कार्यालयका विभागीय प्रमुखहरूको सहभागिता थियो।

कार्यक्रममा आन्तरिक लेखा परीक्षण विभाग प्रमुख कृष्णप्रसाद खनालले बैंक वित्तीय संस्थाले पालना गर्नुपर्ने प्रचलित ऐन-नियम, संस्थाका पोलिसी कार्यान्वयन तथा कैफियत सुधारको अवस्थाबारे जानकारी गराएका थिए।

मोटरसाइकल हरायो

मिति २०८२/१०/१६ गते साँझ १९:४४ बजेको समयमा ललितपुर जिल्ला ल.पु.म.न.पा.-३, झम्सीखेल नजिक सडक खण्डमा पार्किङबाट मेरो निम्न व्यहोरा भएको नेवि ब्लु रंगको FZS V2 150CC मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम: समीप न्यौपाने
मो.सा.नं.: बा.प्र ०२-०५१ प ८९२७
चेसिस नं.: ME1RG4458R0097058
इन्जिन नं.: G3J3E0590775
सम्पर्क न.: 9841896819

सर्टिफिकेट हरायो

मिति २०८२/८/१ गते सिनामंगल बाट जावलाखेलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको NEB बाट जारी माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name: Gehendra Dhakal
Symbol No : 22730035
Reg No : 793271370050
Contact : 9842282333

भुल सुधार

मिति २०८२।१०।१८ गते प्रकाशित धितो लिलाम बिक्रीको १५ दिने सूचनामा शाखा कार्यालयः निजगढ शाखा, बारा हुनु पर्नेमा अन्यथा हुन गएकोले भुल सुधार गरिएको छ।

HBL Himalayan Bank Ltd.
हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
केन्द्रीय सञ्चालन विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-५९७१३४६, पो.ब.नं. २०५९० काठमाडौं

आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो।
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति:
वि.सं. २००८/०२/१८

स्वर्गारोहण मिति:
वि.सं. २०८२/१०/०९

स्व. भुपाल राम श्रेष्ठ

मेरो पुजनीय श्रीमान स्वर्गिय **श्री भुपाल राम श्रेष्ठको** असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं। आजको यस १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि परमेश्वरसंग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै यस दुखद घडीमा हामीप्रति सहानुभूति समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र एवम् शुभचिन्तकहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

श्रीमती - रीता श्रेष्ठ

छोरा/बुहारी:
भुपेशराम श्रेष्ठ / रिचा श्रेष्ठ

छोरी/ज्वाँई:
भुमिका श्रेष्ठ / प्रकाश श्रेष्ठ

बहिनी/ज्वाँईहरू:
गिता शाह
विद्याधरी / महेन्द्र श्रेष्ठ
भागिरथी / नारायण बाटाजु
सविता श्रेष्ठ

नातिहरू:
रिवेश श्रेष्ठ
रिजेश श्रेष्ठ

नातिनीहरू:
प्रेशियस श्रेष्ठ
प्यारिस श्रेष्ठ

भाई/बुहारी:
भुपेन्द्र / सुशिला श्रेष्ठ

तथा
सम्पूर्ण श्रेष्ठ परिवार

लक्ष्मी सन्‌राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१०/२१

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी लाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्यौंट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गराइन्छ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति लगायत ऋणी लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : बानियाटार, काठमाडौं

१. ऋणीको नाम : स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम नेपाल सरकार, बागमती प्रदेश काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय काठमाडौंमा दर्ता नं. ९९५७, मिति २०७८/०५/०३ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय काठमाडौं, पान नं. ६०६१०४९५३ काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २६ स्थित **शुसिल मेडिकल हल**।

प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता : गंगाराम चौधरीको नाति, चन्द्र देव चौधरीको छोरा, उदयपुर जिल्ला, ठोक्सिला न.पा./गा.पा. वडा नं. ४ भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २६ बस्ने **ब्रहम शंकर चौधरी** (ना.प्र.नं. ३३४०, जि.प्र.का. उदयपुर, जारी मिति २०५२/०९/२३)।

व्यक्तिगत तथा धितो जमानतकर्ता : कारी चौधरीको नाति, गंगाराम चौधरीको छोरा, उदयपुर जिल्ला, ठोक्सिला न.पा./गा.पा. वडा नं. ४ बस्ने **चन्द्रदेव चौधरी** (ना.प्र.नं. २९९०१/२८५२, जि.प्र.का. उदयपुर, जारी मिति २०५२/०७/२७)।

व्यक्तिगत जमानतकर्ताहरु :

क. चन्द्र देव चौधरीको बुहारी, ब्रहम शंकर चौधरीको पत्नी, सप्तरी जिल्ला, शम्भुनाथ न.पा./गा.पा. वडा नं. ४ भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २६ बस्ने **सीता कुमारी चौधरी** (ना.प्र.नं. २०८७, जि.प्र.का. सप्तरी, जारी मिति २०५५/०४/१२)।

ख. गंगा राम चौधरीको बुहारी, चन्द्र देव चौधरीको पत्नी, उदयपुर जिल्ला, ठोक्सिला न.पा./गा.पा. वडा नं. ३ बस्ने **सुकमैन चौधरी** (ना.प्र.नं. १५५२/२८५१, जि.प्र.का. उदयपुर, जारी मिति २०४३/०९/१७)।

धितो सुरक्षणको विवरण :

१. धितो जमानतकर्ता चन्द्रदेव चौधरीको नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, रा.प.ठो. न.पा./गा.पा. वडा नं. २, नक्सा सिट नं. २ ग स्थित कि.नं. १४६२ को क्षेत्रफल ०-०-१७.५ (वि-क-धु) भएको घर/ जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

२. ऋणीको नाम : गंगाराम चौधरीको नाति, चन्द्र देव चौधरीको छोरा, उदयपुर जिल्ला, ठोक्सिला न.पा./गा.पा. वडा नं. ४ भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २६ बस्ने **ब्रहम शंकर चौधरी** (ना.प्र.नं. ३३४०, जि.प्र.का. उदयपुर, जारी मिति २०५२/०९/२३)।

व्यक्तिगत तथा धितो जमानतकर्ता : कारी चौधरीको नाति, गंगाराम चौधरीको छोरा, उदयपुर जिल्ला, ठोक्सिला न.पा./गा.पा. वडा नं. ४ बस्ने **चन्द्रदेव चौधरी** (ना.प्र.नं. २९९०१/२८५२, जि.प्र.का. उदयपुर, जारी मिति २०५२/०७/२७)।

व्यक्तिगत जमानतकर्ताहरु :

क. चन्द्र देव चौधरीको बुहारी, ब्रहम शंकर चौधरीको पत्नी, सप्तरी जिल्ला, शम्भुनाथ न.पा./गा.पा. वडा नं. ४ भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २६ बस्ने **सीता कुमारी चौधरी** (ना.प्र.नं. २०८७, जि.प्र.का. सप्तरी, जारी मिति २०५५/०४/१२)।

ख. गंगा राम चौधरीको बुहारी, चन्द्र देव चौधरीको पत्नी, उदयपुर जिल्ला, ठोक्सिला न.पा./गा.पा. वडा नं. ३ बस्ने **सुकमैन चौधरी** (ना.प्र.नं. १५५२/२८५१, जि.प्र.का. उदयपुर, जारी मिति २०४३/०९/१७)।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता चन्द्रदेव चौधरीको नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, रा.प.ठो. न.पा./गा.पा. वडा नं. २, नक्सा सिट नं. २ ग स्थित कि.नं. १४६२ को क्षेत्रफल ०-०-१७.५ (वि-क-धु) भएको घर/ जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शाखा कार्यालय : सुखड,कैलाली

ऋणीको नाम : अमरुती थारुको नाति, चिदु थारुको छोरा, बर्दिया जिल्ला, पशुपतिनगर गा.वि.स. वडा नं. १ भई हाल गेरुवा गा.पा. वडा नं. ३ बस्ने **दिलिप थारु** (ना.प्र.नं. १६५५८, जि.प्र.का. बर्दिया, जारी मिति २०६०/१०/२१)।

व्यक्तिगत जमानतकर्ताहरु :

क. दिलिप थारुको बुहारी, महेश चौधरीको पत्नी, बर्दिया जिल्ला, गेरुवा गा.पा. वडा नं. ५ भई हाल गेरुवा गा.पा. वडा नं. ३ बस्ने **सम्झना चौधरी** (ना.प्र.नं. ६५-०२-७५-०१२४३, जि.प्र.का. बर्दिया, जारी मिति २०७५/०४/३०)।

ख. चिदु थारुको नाति, दिलिप थारुको छोरा, बर्दिया जिल्ला, पशुपतिनगर गा.वि.स. वडा नं. १ भई हाल गेरुवा गा.पा. वडा नं. ३ बस्ने **महेश चौधरी** (ना.प्र.नं. ६५-०२-७२-००८२३, जि.प्र.का. बर्दिया, जारी मिति २०७२/०३/२८)।

ग. चिदु थारुको बुहारी, दिलिप थारुको पत्नी, बर्दिया जिल्ला, पशुपतिनगर गा.वि.स. वडा नं. १ भई हाल गेरुवा गा.पा. वडा नं. ३ बस्ने **मनकी थारु** (ना.प्र.नं. १६५६१, जि.प्र.का. बर्दिया, जारी मिति २०६०/१०/२२)।

धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता दिलिप थारुको नाममा मालपोत कार्यालय राजापुर, बर्दियाको लगतमा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, पशुपतीनगर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ९६७ को क्षेत्रफल २-०-०-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शाखा कार्यालय : वीरगंज (लिंक रोड), पर्सा

ऋणीको नाम : नगिना ठाकुरको नाति, शिव प्रसाद ठाकुरको छोरा, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२ भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १० बस्ने **दिपक ठाकुर** (ना.प्र.नं. १८६५, जि.प्र.का. काठमाडौं, जारी मिति २०५९/०५/२०)।

व्यक्तिगत तथा धितो जमानतकर्ता : नगिना ठाकुरको बुहारी, शिव प्रसाद ठाकुरको पत्नी, पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १० बस्ने **लिलावती देवी** (ना.प्र.नं. १४९२, जि.प्र.का. पर्सा, जारी मिति २०५४/०५/१२)।

व्यक्तिगत जमानतकर्ता : शिव प्रसाद ठाकुरको बुहारी, दिपक ठाकुरको पत्नी, पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १० बस्ने **सरिता ठाकुर** (ना.प्र.नं. ३४-०१-७३-१०८२२, जि.प्र.का. पर्सा, जारी मिति २०७३/१०/०९)।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता लिलावती देवीको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज न.पा./गा.वि.स. वडा नं. १० स्थित कित्ता नं. २४१ को क्षेत्रफल ९२.५२ (ब.मि.) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : इनरुवा, सुनसरी

१. ऋणीको नाम : रामलाल महतोको नाति, मनीलाल महतोको छोरा, सुनसरी जिल्ला, मध्यहर्षाही न.पा. वडा नं. ७ भई हाल देवानगंज गा.पा. वडा नं. १ बस्ने **सतीस कुमार महतो** (ना.प्र.नं. ३७२६/४४७, जि.प्र.का. सुनसरी, जारी मिति २०४५/०२/१३)।

व्यक्तिगत जमानतकर्ता : मनीलाल महतोको बुहारी, सतीस कुमार महतोको पत्नी, सुनसरी जिल्ला, देवानगंज गा.पा. वडा नं. १ बस्ने **सुलेखा देवी मण्डल मेहता** (ना.प्र.नं. ०६-०६-७५-००६७९, जि.प्र.का. सुनसरी, जारी मिति २०७५/०३/२८)।

धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता सतीस कुमार महतोको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, मध्यहर्षाही गा.वि.स./न.पा. वडा नं. ७, नक्सा सिट नं. ७ ख स्थित कित्ता नं. ६९७ को क्षेत्रफल ०-३-१९-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नाम : पुण्य राज पोखरेलको नाति, तारानाथ पोखरेलको छोरा, सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ९ भई हाल इनरुवा न.पा. वडा नं. ५ बस्ने **हेमराज पोखरेल** (ना.प्र.नं. ४७३२४/४९३२४, जि.प्र.का. सुनसरी जारी मिति २०५६/०१/०९)

व्यक्तिगत जमानतकर्ताहरु :

क. एकनाथ पोखरेलको नाति, पुण्यराज पोखरेलको छोरा, सुनसरी जिल्ला, सत्तेरझोरा गा.वि.स. वडा नं. ४ भई हाल इनरुवा न.पा. वडा नं. ५ बस्ने **तारानाथ पोखरेल** (ना.प्र.नं. ११९३९/९६४, जि.प्र.का. सुनसरी जारी मिति २०३४/११/०८)।

ख. तारानाथ पोखरेलको बुहारी, हेमराज पोखरेलको पत्नी, जगनाथ बरालको छोरी, झापा जिल्ला, पथरिया गा.वि.स. वडा नं. १ भई हाल इनरुवा न.पा. वडा नं. ५ बस्ने **कमला वराल** (ना.प्र.नं. ०४३०२७/५१३, जि.प्र.का. सुनसरी जारी मिति २०६३/१२/०३)।

ग. पुण्य राज पोखरेलको बुहारी, तारानाथ पोखरेलको पत्नी, टिका प्रसाद सुवेदीको छोरी, सुनसरी जिल्ला, सत्तेरझोरा गा.वि.स. वडा नं. ४ भई हाल इनरुवा न.पा. वडा नं. ५ बस्ने **दिल कुमारी पोखरेल** (ना.प्र.नं. ०६२५५१/८६५, जि.प्र.का. सुनसरी जारी मिति २०३८/०३/०१)।

धितो सुरक्षणको विवरण :

१. ऋणी तथा धितो जमानतकर्ता हेमराज पोखरेलको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स./न.पा. वडा नं. ५, नक्सा सिट नं. ५ ख स्थित कित्ता नं. १२१२ को क्षेत्रफल ०-३-०-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणी तथा धितो जमानतकर्ता हेमराज पोखरेलको नाममा मालपोत कार्यालय इनरुवा सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, मधेशा गा.वि.स./न.पा. वडा नं. ९, नक्सा सिट नं. ९ ख स्थित कित्ता नं. १८९९ को क्षेत्रफल ०-१-०-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शाखा कार्यालय : बिरेन्द्रनगर, सुर्खेत

ऋणीको नाम : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, सुर्खेतमा दर्ता नं. प्रा.फ.नं.घ.उ.वि. ४१६२/०७५/०७६, मिति २०७५/०४/१७ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय सुर्खेत, पान नं. ६०८१२९२९१ भएको सुर्खेत जिल्ला, चिङ्गाड गा.पा. वडा नं. ६ स्थित **खड्का कृषि तथा पशुपंक्षी फर्म**।

प्रोप्राइटर तथा धितो जमानतकर्ता : बीर बहादुर खड्काको नाति, भुपेन्द्र बहादुर खड्काको छोरा, सुर्खेत जिल्ला, पाम्का गा.वि.स. वडा नं. ९ भई हाल चिङ्गाड गा.पा. वडा नं. ६ बस्ने **हिमराज खड्का** (ना.प्र.नं. ६४१०२८-११४२०१, जि.प्र.का. सुर्खेत, जारी मिति २०६९/०४/११)।

धितो जमानतकर्ता : लक्ष्मण खड्काको बुहारी, बीर बहादुर खड्काको पत्नी, सुर्खेत जिल्ला, पाम्का गा.वि.स. वडा नं. ९ भई हाल चिङ्गाड गा.पा. वडा नं. ६ बस्ने **मन्सरा खड्का** (ना.प्र.नं. २२१९, जि.प्र.का. सुर्खेत, जारी मिति २०४४/११/२५)।

व्यक्तिगत जमानतकर्ताहरु :

क. बीर बहादुर खड्काको नाति, भुपेन्द्र बहादुर खड्काको छोरा, सुर्खेत जिल्ला, चिङ्गाड गा.वि.स. वडा नं. ६ भई हाल चिङ्गाड गा.पा. वडा नं. ६ बस्ने **वालकृष्ण खड्का** (ना.प्र.नं. ६४-०१-७६-०२३५२, जि.प्र.का. सुर्खेत, जारी मिति २०७६/०३/२७)।

ख. भुपेन्द्र बहादुर खड्कको बुहारी, हिमराज खड्काको पत्नी, सुर्खेत जिल्ला, पाम्का गा.वि.स. वडा नं. ९ भई हाल चिङ्गाड गा.पा. वडा नं. ६ बस्ने **बिर्मा वली** (ना.प्र.नं. ६४३०२८/१७५, जि.प्र.का. सुर्खेत, जारी मिति २०६३/१०/१३)।

धितो सुरक्षणको विवरण :

१. धितो जमानतकर्ता हिमराज खड्काको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. १ ग स्थित कित्ता नं. ३१२८ को क्षेत्रफल ९३ (ब.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. धितो जमानतकर्ता मन्सरा खड्काको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, पाम्का गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. १ ख स्थित कित्ता नं. २१, २२, २५, २६, १४१ र १४२ को को क्षेत्रफल क्रमशः ३-१५-०.७५, १६-८-२-०, ०-७-३.५, ११-५-१.२५ (रोपनी), १,२४३.५३ र १२४२.५३ (ब.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : नारायणगढ, चितवन

१. ऋणीको नाम : नेपाल सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालाय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा दर्ता नं. १३९४/०७६/०७७, मिति २०७६/०८/१९ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भरतपुर, चितवन, पान नं. ६११२५५८८८ भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ३ स्थित **माँ वैष्णवी स्केप सेन्टर**।

प्रोप्राइटर तथा धितो जमानतकर्ता : रघुनी प्रसाद गुप्ताको नाति, भोला प्रसाद गुप्ताको छोरा, बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ३ भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ३ बस्ने **नन्दलाल प्रसाद गुप्ता** (ना.प्र.नं. ३३३०७९/७५१, जि.प्र.का. बारा, जारी मिति २०६३/११/२९)।

व्यक्तिगत जमानतकर्ता : भोला प्रसाद गुप्ताको नाति, नन्दलाल प्रसाद गुप्ताको छोरा, बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ३ भई हाल भरतपुर म.न.पा. वडा नं. ३ बस्ने **राकेश कुमार गुप्ता** (ना.प्र.नं. ३३२०७९/३८६१७, जि.प्र.का. बारा, जारी मिति २०७०/०४/२०)

धितो सुरक्षणको विवरण :

१. धितो जमानतकर्ता नन्दलाल प्रसाद गुप्ताको नाममा मालपोत कार्यालय, भरतपुर, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६ ग स्थित कित्ता नं. १९९३ को क्षेत्रफल २०७.३९ (ब.मी.) भएको घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

२. ऋणीको नाम : नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा दर्ता नं. २१९३/६६/०५१/५२, मिति २०५१/०६/०९ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भरतपुर, चितवन, पान नं. ३००८३४२५५ भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १० स्थित **जानकी छापाखाना**।

प्रोप्राइटर तथा धितो जमानतकर्ता : केशवनाथ अधिकारीको बुहारी, रुद्रनाथ अधिकारीको पत्नी, चितवन जिल्ला, भरतपुर न.पा./गा.वि.स. वडा नं. १० भई हाल भरतपुर म.न.पा. वडा नं. १२ बस्ने **जानकी देवी अधिकारी** (ना.प्र.नं. ३१४३, जि.प्र.का. चितवन, जारी मिति २०४६/०२/०१)।

व्यक्तिगत जमानतकर्ताहरु :

क. दामोदर अधिकारीको नाति, केशवनाथ उपाध्याय (अधिकारी) को छोरा, चितवन जिल्ला, भरतपुर न.पा./गा.वि.स. वडा नं. १० भई हाल भरतपुर म.न.पा. वडा नं. १२ बस्ने **रुद्रनाथ अधिकारी** (ना.प्र.नं. ८९६, जि.प्र.का. चितवन, जारी मिति २०२९/०१/१२)।

ख. केशवनाथ अधिकारीको नाति, रुद्रनाथ अधिकारीको छोरा, चितवन जिल्ला, भरतपुर न.पा./गा.वि.स. वडा नं. १० भई हाल भरतपुर म.न.पा. वडा नं. १२ बस्ने **बिनोद अधिकारी** (ना.प्र.नं. ७०४०/०४४, जि.प्र.का. चितवन, जारी मिति २०६०/०२/०८)।

धितो सुरक्षणको विवरण :

१. धितो जमानतकर्ता जानकी देवी अधिकारीको नाममा मालपोत कार्यालय, भरतपुर, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, भरतपुर गा.वि.स वडा नं. ३, नक्सा सिट नं. ३ क स्थित कित्ता नं. १४९४ को क्षेत्रफल १६९.२९ (ब.मी.). भएको जग्गा, घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालय : बिर्तामोड, झापा

ऋणीको नाम : साझेदारी ऐन, २०२० बमोजिम प्रदेश सरकार, प्रदेश नं. १, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, पाँचथरमा दर्ता नं. ९९/२०७४/०७५, मिति २०७४/१०/२१ अन्तर्गत रजिष्टर्ड दर्ता भएको आन्तरिक राजश्व कार्यालय भद्रपुर सेवा कार्यालय फिदिम, पान नं. ६०७४९१८२१ भएको पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. २ स्थित **पुजा भेनियर ईन्डष्ट्रिज**।

साझेदार तथा व्यक्तिगत जमानतकर्ताहरु :

क. पदमलाल चापागाईको नाति, प्रसाद चापागाईको छोरा, झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. २ भई हाल बिर्तामोड न.पा. वडा नं. २ बस्ने **दिनेश कुमार चापागाई** (ना.प्र.नं. ६८/१२४९५, जि.प्र.का. झापा, जारी मिति २०५४/१२/१२)।

ख. प्रसाद चापागाईको बुहारी, दिनेश कुमार चापागाईको पत्नी, झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. २ भई हाल बिर्तामोड न.पा. वडा नं. ३ बस्ने **शिला देबि घिमिरे** (ना.प्र.नं. ७९५६४/१०५०, जि.प्र.का. झापा, जारी मिति २०६२/०२/२४)।

धितो सुरक्षणको विवरण :

१. यस बैंकको नाममा दर्ता कायम रही **ऋणी पुजा भेनियर ईन्डष्ट्रिज** जनिएको मोडेल F800RE-GQGF, च्यासिस नं. MHKE8FB300K007735 इन्जिन नं. 2NR-G612231 भएको सवारी दर्ता नं. बागमती प्रदेश-१-०२५ च ६१५३ को भाडा/निजी सवारी साधन थान १।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

नोट : ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो। जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६९८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

युएईमाथि नेपालको सानदार जित

उपकप्तान दीपेन्द्रसिंह ऐरी र आरिफ शेखबिच चौथो विकेटका लागि १०३ रनको शतकीय साझेदारीमा नेपालले आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेटअन्तर्गत 'वार्मअप' खेलमा युएईलाई सात विकेटले हरायो



नयाँ पत्रिका

नेपालले आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेटअन्तर्गत वार्मअप प्रतिस्पर्धामा मंगलबार युएईलाई सात विकेटले हराएको छ। चेन्नईमा भएको प्रतिस्पर्धामा पहिलो ब्याटिङ गरेको युएईले ६ विकेटको नोक्सानीमा एक सय ४५ रन जोडेको थियो। प्रत्युत्तरमा नेपालले १७ ओभरमा तीन विकेटको गुमाएर १४८ रन जोड्दै सानदार जित हात पारेको हो। नेपालले खेल सकिन १८ बलअघि सफलता चुमेको हो।

लक्ष्य पछ्याएको इनिङ्सको एक समय नेपाल ६.५ ओभरमा ४५/३ को अवस्थामा थियो। दीपेन्द्रसिंह र आरिफले चौथो विकेटका निमित्त धैर्यपूर्वक ब्याटिङ गर्दै नेपाललाई जिततर्फ अग्रसर गराए। उनीहरूले १०.५ ओभर साझेदारी प्रतिओभर १० ओभर रनरेटमा ब्याटिङ गरेका थिए। दुवैले नेपाललाई जित दिलाउन अर्धशतकीय योगदान दिएका हुन्। क्रिजमा दीपेन्द्रसिंह र आरिफ सेट हुँदा युएईका बलर निराश देखिएका थिए। युएईले यो साझेदारी तोड्न सात बलर प्रयोग गरेको थियो। तर, रनिङ विट विन दी विकेटमा दीपेन्द्रसिंह र आरिफबिचको उत्कृष्ट तालमेलका कारण उनीहरूले विकेट गुमाएनन्।

दीपेन्द्रसिंहले ३१ बलमा चार चौका र एक छक्का प्रहार गरी ५० रन जोडे। आरिफले ३७ बल सामना गरी आठ चौका र दुई छक्का प्रहार गरी सर्वाधिक ६१ रन जोडेका थिए। यसअघि नेपालको ओपनिङ कमजोर रह्यो। इनिङ्सको १.४ ओभरमा ओपनर कुशल भर्तुल आठ रनमा आउट भए। अर्का ओपनर आसिफ सेखले आठ रन तथा कप्तान रोहित पौडेलले १९ बलमा १६ रन जोडेका थिए।


युएईको मध्यम योगफल

पहिले ब्याटिङ गरेको युएईले नेपालविरुद्ध मध्य योगफल खडा गऱ्यो। ओपनर आयांश शर्माले १७ बलमा तीन चौका र एक छक्का प्रहार गरी २५ रनको योगदान दिएका थिए। कप्तान मुहमद वासिमले चार बलमा एक छक्काको सहयोगमा ६ रन जोडे। करण केसीले इनिङ्सको ०.५ ओभरमै कप्तान वासिमलाई बोल्ड गर्दै नेपाललाई पहिलो सफलता दिलाए। वासिमको विकेटसँगै युएईले त्यसपछि आक्रामक रूपमा ब्याटिङ गर्न सकेन। मोहमद जाहैवले २६ बलमा १९ रन तथा अलिसान सारफुले १८ बलमा १२ रन बनाए। नेपालले अलिसानको विकेट लिँदा युएई ६६-५ को अवस्थामा थियो।

त्यसपछि हर्षित कौशिक र सोहेब खानले छैटौं विकेटका लागि ६८ रनको साझेदारी गर्दै टोलीलाई १३४-६ को स्थितिमा पुऱ्याए। हर्षितले २४ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ३५ रन बनाए। सोहेबले २७ बलमा तीन चौका र एक छक्काको सहयोगमा ३८ रनको योगदान दिए। नेपालका लागि करणले २६ रनमा दुई विकेट लिए। सन्दीप लामिछानेले २४ रन दिँदै दुई विकेट हात पारे। दीपेन्द्रसिंहले १२ बलमा एक विकेट लिन सफल भए।

नेपालले विश्वकपअघि २२ माघमा दोस्रो वार्मअप खेल क्यानडाविरुद्ध खेल्ने छ। यो खेल पनि चेन्नईको एमए चिदाबरम रंगशालामा हुने छ। दुई वटा वार्मअप खेलपछि नेपाली टोली मुम्बई फर्कने छ। यसपटकको विश्वकपमा नेपाल समूह 'सी' मा छ। यस समूहमा नेपालसँगै इंग्ल्यान्ड, वेस्ट इन्डिज, स्कटल्यान्ड र इटाली छन्। इंग्ल्यान्ड र वेस्ट इन्डिज दुईपटकका पूर्वविजेता हुन्। विश्वकपमा नेपालले पहिलो खेल इंग्ल्यान्डसँग २५ माघमा खेल्ने छ। नेपालका चारै खेलमा मुम्बईमा हुनेछ। समूहका शीर्ष दुई टोली सुपर ८ मा पुग्नेछन्।

पाकिस्तानको निर्णयले विश्व क्रिकेटलाई २५ करोड डलर घाटा



एजेन्सी

भारतले पाकिस्तानमा गएर नखेल्ने निर्णय लिएसँगै विश्व क्रिकेटलाई लगभग २५ करोड अमेरिकी डलर आर्थिक क्षति हुने अनुमान गरिएको छ। पाकिस्तानले आगामी १५ फेब्रुअरीमा भारतसँगको खेल उनीहरूको भूमिमा नखेल्ने निर्णय लिएको छ। पाकिस्तानले भारतबाहेक श्रीलंकामा छिमेकी राष्ट्रसँग प्रतिस्पर्धा गर्ने प्रस्ताव आइसिसीसमक्ष राखेको थियो। तर, आइसिसीले पूर्ववत् खेलतालिका र मैदान परिवर्तन नहुने जनाउँदा पाकिस्तान सरकारले भारत नजाने निर्णय लिएको हो। आइसिसीले पाकिस्तानलाई आर्थिक दण्ड लगाउने अधिकार राखेको छ।

भारत-पाकिस्तान खेलको विश्वव्यापी दर्शक संख्या अर्बभन्दा बढी हुने र यसको आर्थिक मूल्य अत्यन्त ठुलो रहेको दी सिड्नी मोर्निङ हेराल्डले जनाएको छ। राजनीतिक तनावका कारण भारत र पाकिस्तानबिचको प्रतिस्पर्धा विश्वकपकै बहुप्रतिक्षित खेलका रूपमा रहेको छ।

यी दुई राष्ट्रबिचको खेललाई आइसिसीले सबैभन्दा ठुलो व्यावसायिक आकर्षण मानेको छ। यसैकारण आइसिसीले भारत र पाकिस्तानबिचको खेल एकै समूहमा राख्दै आएको छ। पाकिस्तानको पछिल्लो निर्णयका कारण आइसिसी र भारतको मिडिया अधिकारधारी जियोस्टारलई पनि आर्थिक झट्का लाग्नेछ। जियोस्टारले आइसिसीसँग गरेको तीन अर्ब डलरको सम्झौता पुनर्विचार गर्ने प्रयाससमेत गरिरहेको छ। प्रसारणकर्तालाई मात्रै २४ देखि ३० मिलियन डलर बराबरको विज्ञापन घाटा हुन सक्ने अनुमान छ। भारत-पाकिस्तानबिचको खेलमा १० सेकेन्ड विज्ञापनको मूल्य ४८ हजार डलर अमेरिकी डलर तोकिएको छ।

नेगी विश्वकै उत्कृष्ट पारा तेक्वान्दो प्रशिक्षक

विश्व तेक्वान्दो महासंघले प्रदान गर्ने उत्कृष्ट पारा प्रशिक्षक अवार्ड पाउने नेपालका कविराज नेगी लामा पहिलो नेपाली

'जीवनकै प्रतिष्ठित अवार्ड'

विश्व तेक्वान्दोबाट वर्षकै उत्कृष्ट पारा प्रशिक्षक बनेका नेगीले यो उपलब्धि जीवनकै प्रतिष्ठित भएको बताएका छन्। उनले आफूले पाएको सबैभन्दा प्रतिष्ठित अवार्ड नेपाली जनताप्रति समर्पित गर्न चाहेको बताएका छन्। 'मेरो प्रशिक्षण यात्रामा सहयोग गर्ने तेक्वान्दो संघ, तेक्वान्दो परिवार, खेलाडी र शुभेच्छुक सबैलाई धन्यवाद दिन चाहन्छु,' अवार्ड पाएपछि नेगीले भने, 'सबैले मप्रति देखाउनुभएको विश्वासका कारण आज यो सफलता प्राप्त गरेको हुँ।'

नयाँ पत्रिका

नेपालका पारा तेक्वान्दो प्रशिक्षक कविराज नेगी विश्वकै उत्कृष्ट प्रशिक्षक बनेका छन्। दक्षिण कोरियामा रहेको विश्व तेक्वान्दो महासंघले २०२५ को 'पारा तेक्वान्दो कोच अफ द इयर' अवार्ड नेपालका प्रशिक्षक नेगीलाई प्रदान गरेको हो। यो उपलब्धि हात पार्ने उनी पहिलो प्रशिक्षक हुन्। उनको प्रशिक्षणमा नेपालले सहभागिता जनाएको अन्तर्राष्ट्रिय पारा तेक्वान्दोमा पदक हात पार्दै आइरहको छ। यसक्रममा एसियन गेम्सदेखि पारा ओलम्पिकसम्म नेपाली खेलाडीले राष्ट्रलाई पदक दिलाएका छन्। अहिलेसम्म नेगीको प्रशिक्षणमा नेपालले तीन स्वर्ण, दुई रजत र आठ अन्तर्राष्ट्रिय कांस्य जितेको छ।

गत पुसमा पोखरामा भएको वर्षको उत्कृष्ट पल्सर एनएसजेएफ अवार्ड पनि उनी उत्कृष्ट प्रशिक्षक बनेका थिए। यसैगरी नेपाल ओलम्पिक कमिटी, राष्ट्रिय खेलकुद परिषद् र बागमती प्रदेशले पनि उनलाई उत्कृष्ट प्रशिक्षकका रूपमा सम्मानित गरेका छन्।

युएईको फुजैराहस्थित अल बहर होटल एन्ड रिसोर्टमा मंगलबार आयोजित विश्व तेक्वान्दो गाला अवार्डमा नेगी सम्मानित भएका थिए। उनलाई महासंघका अध्यक्ष डा. चाउ चुड-वनले नेगीलाई उक्त प्रतिष्ठित अवार्ड प्रदान गरे। नेपालमा पारा तेक्वान्दो खेलको विकास, विस्तार तथा अन्तर्राष्ट्रियस्तरमा हासिल गरिएका उल्लेखनीय उपलब्धिको मूल्यांकन गर्दै विश्व तेक्वान्दो टेक्निकल कमिसनले नेगीलाई उत्कृष्ट प्रशिक्षकका रूपमा छनोट गरेको हो।

११ वर्षदेखि निरन्तर प्रशिक्षणमा

नेगी २०१५ देखि नेपाल तेक्वान्दो संघअन्तर्गत राष्ट्रिय पारा तेक्वान्दो टिमका प्रशिक्षकका रूपमा कार्यरत छन्। यो अवधिमा उनले एसियन च्याम्पियनसिपदेखि विश्व च्याम्पियनसिपसम्म १३ अन्तर्राष्ट्रिय पदक नेपाललाई दिलाएका छन्। नेगीकै प्रशिक्षणमा पलेशा गोवर्धनले सन् २०२४ मा पेरिसमा भएको २०२४ पाराओलम्पिक खेलकुदमा ऐतिहासिक रूपमा कांस्य जितेकी थिइन्। यसैगरी, सन् २०२३ मा चीनको हाङझाउ एसियन पारा गेम्समा पलेशाले ऐतिहासिक कांस्य पदक जितेकी थिइन्। नेगीको प्रशिक्षणमा सिर्जना घिसिङले सन् २०२२ विश्व ग्रान्ड प्रिक्स फाइनल (जी-१०) मा ऐतिहासिक स्वर्ण पदक हात पारेकी थिइन्।

विश्व तेक्वान्दो महासंघले प्रत्येक वर्ष आयोजना गर्ने गाला अवार्ड समारोहमा ओलम्पिक तथा पाराओलम्पिक वर्षका उत्कृष्ट पुरुष-महिला खेलाडी, प्रशिक्षक, रेफ्री तथा उत्कृष्ट सदस्य राष्ट्रिय संघलाई सम्मान गरिँदै आएको छ। विश्व तेक्वान्दोमा नेपाल तेक्वान्दो संघसहित २१३ राष्ट्र आबद्ध छन्।



नेगीको प्रशिक्षणमा अन्तर्राष्ट्रिय पदक

तेस्रो एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप (२०१७), **कांस्य पदक**

आठौं विश्व पारा तेक्वान्दो च्याम्पियनसिप (२०१९), **कांस्य पदक**

एसियाली युवा पारा (२०२१), **एक स्वर्ण, एक रजत र एक कांस्य**

पारा चौथो डब्लुटी प्रेसिडेन्ट्स कप (२०२२), **रजत पदक**

विश्व पारा तेक्वान्दो ग्रान्ड प्रिक्स (२०२२), **स्वर्ण पदक**

एसियाली पारा खेलकुद (२०२३), **कांस्य पदक**

एसियाली तेक्वान्दो पारा-ओलम्पिक छनोट (२०२४), **स्वर्ण पदक**

पेरिस पारा ओलम्पिक (२०२४), **कांस्य पदक**

दसौं एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप (२०२५), **कांस्य पदक**

एसियाली युवा पारा खेलकुद (२०२५), **कांस्य पदक**

खेल संक्षेप

एक्सेल्सियर र स्वर्णिम सेमिफाइनलमा

काठमाडौं/ आयोजक दी एक्सेल्सियर स्कुल (एल्लो) र स्वर्णिम १२औं एक्सेल्सियर कपअन्तर्गत बास्केटबलको यू-१२ महिलामा मंगलबार सेमिफाइनलमा प्रवेश गरेका छन्। एक्सेल्सियर (एल्लो)ले राई स्कुललाई ४-० ले पराजित गऱ्यो। स्वर्णिमले एक्सेल्सियर (नीलो) लाई १०-२ ले हरायो। एक्सेल्सियर (यल्लो) समूह 'ए' तथा स्वर्णिम समूह 'बी'को विजेताका रूपमा सेमिफाइनल पुगेका हुन्। बास्केटबलकै सिनियर पुरुष र सिनियर महिलामा भने सेमिफाइनल समीकरण पूरा भइसकेको छ। यसैगरी, फुटसलमा एक्सेल्सियर कपअन्तर्गत पुरुष यू-९ मा सेमिफाइनल समीकरण तयार भएको छ। त्यस्तै यू-११, यू-१३ र यू-१६ उमेर समूहमा क्वार्टरफाइनल पुग्ने सबै टोलीको टुंगो लागेको छ। यू-९ को सेमिफाइनल एक्सेल्सियर (रातो) र एक्सेल्सियर (नीलो)बिच खेल हुनेछ।



भ्याली पब्लिक अन्तिम आठमा

काठमाडौं/ भ्याली पब्लिक र न्युटन दोस्रो ज्ञान संस्कार अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ मंगलबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। भ्याली पब्लिकले राजन मेमोरियललाई ४१-३७ ले पराजित गऱ्यो। अर्को खेलमा न्युटनले ग्रिनफिल्डलाई ३५-२७ ले हरायो। पुरुषतर्फ ग्रिनल्यान्डले स्किब्सलाई २२-२० ले हरायो। किङडम हिमालयनले ल्यान्डमार्क एकेडेमीमाथि ४५-३५ को जित निकाल्यो। पारामाउन्ट एकेडेमीले आयोजक ज्ञान संस्कार इन्टरनेसनल स्कुललाई ३५-२५ ले हरायो। जेबी स्कुलले हिमशिलालाई ३२-२९ ले पाखा लगायो। डाफोडिलले काठमाडौं इंग्लिस स्कुललाई ५०-३७ र सेबले ह्वाइट हेभेनलाई २४-१६ ले पाखा लगाउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे।

विश्वविद्यालय खेलकुदको तयारी

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजनामा बिहीबारदेखि धुलिखेलमा सुरु हुने तेस्रो विश्वविद्यालय खेलकुद प्रतियोगिताको तयारी पूरा भएको छ। विश्वविद्यालयमा अध्ययनरत २८ वर्षमुनिका विद्यार्थीलाई लक्षित प्रतियोगिता आयोजना गरिँदै आएको छ। काठमाडौं विश्वविद्यालय र नेपालय इन्टरनेसनल प्रालिको सहआयोजनामा हुने विश्वविद्यालय खेलकुदमा नौ विश्वविद्यालयको सहभागिता रहनेछ। नेपालयका अध्यक्ष सुवासचन्द्र प्रधान र केआइइस एजुकेसन कन्सल्टेन्सीका संस्थापक सिइओ राजेन्द्र रिजालले प्रायोजनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। यस संस्करणमा एथलेटिक्स, ब्याडमिन्टन, टेबलटेनिस, बास्केटबल र भलिबल गरी पाँच खेलमा प्रतिस्पर्धा हुनेछ।

आजदेखि कोशी पाथीभरा क्रिकेट

काठमाडौं/ कोशी पाथिभरा इन्डो-नेपाल टी-२० क्रिकेट च्याम्पियनसिपको तयारी पूरा भएसकेको आयोजक भद्रपुर क्रिकेट क्लबले जनाएको छ। १५ वर्षपछि भद्रपुरस्थित मेची क्याम्पसको क्रिकेट मैदानमा अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता हुन लागेको हो। कोशी पर्यटन वर्षका अवसरमा प्रदेश सरकारको सहयोगमा इन्डो-नेपाल टी-२० क्रिकेट च्याम्पियनसिप बुधबार सुरु हुनेछ। संयोजक तथा भद्रपुर ८ का वडाध्यक्ष गौरव सुब्बा (मनोज)का अनुसार क्रिकेट पिच, मैदान, बाँसे पारापिट, स्कोर बोर्ड, पेबिलियनलगायत अन्य तयारीको काम सकिएको छ। आठ हजार दर्शक क्षमताको पारापिट बनाइएको छ। पहिलो खेलमा समूह ए मा भारतको राइनोल्यान्ड क्रिकेट एकेडेमी गुवाहटी र काठमाडौं गोर्खाज डेभलपमेन्ट स्क्वाडबिच खेल हुनेछ। २२ माघमा भारतको क्रिकेट कोचिङ उपाध्याय एकेडेमी न्यु दिल्लीले राइनोल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको फाइनल २८ माघमा हुनेछ। विजेताले पाँच लाख र उपविजेताले तीन लाख रुपैयाँ प्राप्त गर्नेछन्।

शीर्ष स्थानको एपिएफ र एनआरटीले अंक बाँडे

नयाँ पत्रिका

शीर्ष डिभिजन क्लब न्युरोड टिम (एनआरटी)ले राष्ट्रिय लिग फुटबल प्रतियोगिताको शीर्ष स्थानमा रहेको विभागीय एपिएफ फुटबल क्लबलाई गोलरहित बराबरीमा रोकेको छ। लिगअन्तर्गत मंगलबार सातदोबाटोस्थित एन्फा मुख्यालयमा यी दुवै टोलीबिच गोलरहित बराबरीमा खेल सकिएको हो। लिगको सोमबार दुईवटै खेल पनि गोलरहित बराबरीमा सकिएको थियो। एनआरटीको यो लिगमा पहिलो बराबरी हो।

बराबरीसँगै एनआरटीले १३ अंक जोडेको छ। तालिकाको दोस्रो स्थानमा रहेको एनआरटीले ६ खेल खेल्दा चार जित र समान एक बराबरी र हारसहित नतिजा हात पारेको हो। प्रशिक्षक राजेन्द्र तामाङको प्रशिक्षणमा रहेको एपिएफको पनि पहिलो बराबरी हो। बराबरीसँगै एपिएफले पनि १३ अंक जोडेको छ। तालिकाको शीर्ष स्थानमा रहेको एपिएफले पाँच खेल खेल्दा चार जित र एक बराबरी नतिजा हात पारेको छ। खेलभर दुवै टोलीले केही राम्रा अवसर सिर्जना गरे पनि फिनिसिङ कमजोर हुँदा गोल हुन सकेन। बराबरीको नतिजाले एपिएफले स्पष्ट दुई अंकको अग्रता बनाउने मौका गुमाएको छ। यद्यपि, गोल अन्तरका आधारमा एपिएफ मच्छिन्द्र एफसीलाई पछि पार्दै पुनः शीर्ष स्थानमा उक्लिएको हो।

एपिएफ र मच्छिन्द्र दुवैको समान १३ अंक छ। एनआरटीका लागि पनि यो खेल महत्त्वपूर्ण थियो। जित हात पारेको भए तीन अंकसहित शीर्ष स्थानमा पुग्ने अवसर थियो। बराबरीपछि एनआरटीको पनि १३ अंक पुगेको छ। तर, एपिएफ र मच्छिन्द्रको तुलनामा एनआरटीले एक खेल बढी खेलिसकेको छ।

यसैबिच जावलाखेल युथ क्लबले राष्ट्रिय लिगमा नवजनजागृति युवा क्लबविरुद्ध ४-० को फराकिलो जित निकालेको छ। जावलाखेलेलाई जित दिलाउन मंगलबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हरिस भट्ट, सिस्कोहो, युवराज ढकाल र धर्मेन्द्र कुँवरले समान एक गोल गरे।



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

Government of Bagamati Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

Infrastructure Development Office

Nuwakot, Nepal

Invitation for Bids

Notice No: 05/2082-83

Date of Publication: **4th February, 2026 (2082/10/21)**

1. Infrastructure Development Office, Nuwakot invites electronic bids from Nepalese eligible bidders for the construction of various Roads as mentioned in para 4 **(single stage Two envelope bidding procedure) and para 5 (single stage Single envelope bidding procedure)** under National Competitive Bidding procedures.
2. The last date of bid submission is 6th March, 2026 (22nd Falgun, 2082) on or before 12.00 Noon. Bid Validity Period is 90 days after bid opening.
3. Eligible Bidders may obtain further detailed information and inspect the Bidding Documents at the office of Infrastructure Development Office, Nuwakot, Bidur. Email: nuwakotido@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. The name and identification of the contract under **Single stage Two Envelope Bidding Procedure** are as follows:

S. N.	Contract Identification No.	Name of project	Cost of Bidding Document	AACT of the best 3 years within the last 10 years-NRs. Excluding VAT	Work Experience of similar size and nature Bid-NRs.	Bid Security (NRs.): Valid at least 120 days from bid opening day
1	IDONUWAKOT/W/NCB/56/2082-83	Kagune Aamthang Hudai Tudi Jodne Sadak Meghang Ga.pa Ra Bidur Na.Pa, Nuwakot	5,000/-	NRs. 32.903 Million/-	Completion or substantially completion of at least One (1) Road Contract with a value of at least NRs. 8.774 Million/- within the last ten (10) years	NRs. 0.549 Million/-
2	IDONUWAKOT/W/NCB/57/2082-83	Mahadevfat Pul Budhasing Newarpani Jorchauthara Kausini Road (Remaining Section), Tarkeshwor RM, Nuwakot	5,000/-	NRs. 41.13 Million/-	Completion or substantially completion of at least One (1) Road Contract with a value of at least NRs. 10.968 Million/- within the last ten (10) years	NRs. 0.686 Million/-

5. The name and identification of the contract under **Single stage Single Envelope Bidding Procedure** are as follows:

S. N.	Contract Identification No.	Name of project	Cost of Bidding Document	Estimated cost inclusive VAT (NRs.)	Bid Security (NRs.): Valid at least 120 days from bid opening day
1	IDONUWAKOT/W/NCB/58/2082-83	Dhodbesi Pul Hudai Taruka Sadak Staronnati, Tarkeshwor RM, Nuwakot	3,000/-	1,85,72,328.50	4,12,000/-
2	IDONUWAKOT/W/NCB/59/2082-83	Takpachet Bairmrang Sadak Staronnati, Kispang RM -2, Nuwakot	3,000/-	1,23,80,858.68	2,75,000/-
3	IDONUWAKOT/W/NCB/60/2082-83	Likhu Pul Chabisse Subedi tole Sadak Starunnati, Panchakanya RM-2,5, Nuwakot	3,000/-	31,40,789.92	70,000/-

IDO Chief

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com